# कनकासुन्दरी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (२०७७-२०८१)

## Water, Sanitation and Hygiene (WASH) Plan of Kankasundari Rural Municipality (2020-2025)










# कनकासुन्दरी गाउँपालिका, जुम्ला

## २०७७

कनकासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोठिज्युला, जुम्ला
कर्णाली प्रदेश

## शुभकामना

स्थानीय सरकारका रूपमा गाउँपालिकाका जनप्रतिनिधिहरूमा नेपालको संविधान र तत्सम्बन्धी नीतिगत व्यवस्थाबमोजिम सेवा प्रवाह तथा विकास-निर्माण मार्फत जनआकाङ्क्षा सम्बोधनको ऐतिहासिक जिम्मेवारी रहेको छ । सङ्घीय शासन व्यवस्थाको रूपमा स्थानीय तह, प्रदेश र सङ्घमाझ समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा शासन सञ्चालनको अपेक्षा गरिएजस्तै स्थानीयस्तरमा पनि राजनीतिक दल, विषयगत निकाय, समुदायमा आधारित संस्था, स्थानीय समुदाय, निजी क्षेत्र र विकास साझेदार तथा गैससससँगको निकटतम् सहकार्य र समन्वयबाट अपेक्षित परिवर्तन सुनिश्चित हुने विश्वास गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालनको बलियो आधार तयार गरी सेवा प्रवाह र विकास निर्माण प्रभावकारी गराउन गाउँपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डीकृत तथ्याङ्क खुल्नेगरी वस्तुगत विवरण वा पार्श्वचित्र तयार गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो । यही कुरालाई नेपाल सरकारले नीतिगत निर्णय र मार्गदर्शनका आधारमा सचेत समेत गराएको छ । नेपाल सरकारको विकास नीतिलाई मध्यनजर गरी गाउँ विकासको विद्यमान स्थितिको विश्लेषण गरी गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण गरी अद्यावधिक गर्नु जरुरी रहेको छ ।

खानेपानी तथा सरसफाइ मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र हो । पानीबिना कुनै पनि जीवको परिकल्पना पनि गर्न सकिँदैन । त्यस्तै, कमजोर खानेपानी तथा सरसफाइका कारण विभिन्न किसिमका रोगहरू लाग्ने, जसका कारणले ठूलो धनराशि खर्चिनु पर्ने र समयमा उपचार हुन नसक्दा मृत्यु पनि हुनसक्ने हुन्छ । यसै तथ्यलाई आत्मसात गरेर नेपालले खानेपानी तथा सरसफाइका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आइरहेको छ । नेपालमा सञ्चालित सरसफाइ प्रवर्द्धनको सामाजिक अभियान मार्फत जुम्ला जिल्लाले सरसफाइ क्षेत्रको प्रगति हासिल गरी २०७२ फागुन २० गते समग्र जिल्लालाई नै ३६ औं खुला दिसामुक्त जिल्लाको रूपमा घोषणा गर्न सफल भएको थियो ।

दिगो विकास लक्ष्यको मर्मअनुसार यस जिल्लाले र गाउँपालिकाले सबै जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच र उचित व्यवस्थापनमा जोड दिनु पर्नेछ । यस प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिबद्धताहरूलाई आत्मसात गर्दै कनकासुन्दरी गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रका नीति, ऐन तथा नियमहरू बनाउने कार्यको थालनी गर्नुका साथै खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकासका लागि बजेट विनियोजन गर्दै आइरहेको र युनिसेफ नेपाल लगायत अन्य विकास साझेदार निकायहरूसँग सहकार्य गरी खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकास गर्ने सिलसिलामा सुरक्षित खानेपानीको आपूर्तिका लागि खानेपानी योजनाको निर्माण र मर्मत-सम्भार, खानेपानी सुरक्षा योजना, विद्यालय र स्वास्थ्य संस्थामा 'वास' सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरू एवम् आपत्कालीन अवस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । म आगामी वर्षहरूमा पनि यस क्रमलाई निरन्तरता दिई खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा यथेष्ट बजेट विनियोजन गरेर कार्यान्वयन प्रकृयामा प्रभावकारिता ल्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

गाउँपालिकाको सरसफाइ अभियानलाई निरन्तरता दिँदै सरसफाइ र स्वच्छताको दिगोपना कायम गर्न र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिकाका रूपमा विकास गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण तथा यसको सफल कार्यान्वयन आजको आवश्यकताको रूपमा रहेको छ । कनकासुन्दरी गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउने दीर्घकालीन सोचका साथ सन् २०३० सम्मका लागि निर्माण भएको यस 'खासस्व' योजनाको लक्ष्य समय सान्दर्भिक र महत्वपूर्ण विकास प्रयासका रूपमा रहेकाले यस योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु । अन्तमा, 'खासस्व' योजना निर्माणमा सहयोग गर्ने नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, विकास साझेदार निकाय युनिसेफ नेपाल तथा हिमाली ग्रामीण युवा समाज विकास केन्द्र (हिरिस्डेक) एवम् यस गाउँपालिकाअन्तर्गतका सबै शाखाहरूप्रति योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु र आगामी दिनमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

.....................
नरवीर रावत
अध्यक्ष

# कनकासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोठिज्युला, जुम्ला
### कर्णाली प्रदेश, नेपाल

## शुभकामना

हामी सबै समृद्धि चाहन्छौं तर कुनै पनि व्यक्तिको समृद्धिको एउटा मूल आधार उसको स्वास्थ्य नै हो । निरोगी मानिसले मात्र आफूले चाहेको समयमा सक्रियतापूर्वक काम गरेर जीवनमा समृद्धिका लागि प्रयत्न गर्न सक्दछ । त्यसैगरी, असुरक्षित खानेपानी र सरसफाइको अभावले कुनैपनि मानिसको स्वास्थ्य राम्रो हुन सक्दैन । यही महत्वपूर्ण तथ्यलाई विचार गरेर हाम्रो कनकासुन्दरी गाउँपालिकाले 'सरसफाइ र सुरक्षित खानेपानीको विस्तार, सभ्य र स्वस्थ नागरिक - समृद्धिको मूल आधार' भन्ने नारा तय गरेको छ । हामी यो नारालाई केवल नाराकै रूपमा मात्र सीमित गर्न चाहँदैनौं । बरु यस नारालाई हाम्रो गाउँपालिकामा यथार्थमै र योजनाबद्ध ढङ्गले कार्यान्वयन गर्न चाहन्छौं । यो एउटा जिम्मेवार स्थानीय निकायको उत्तरदायित्व पनि हो । यही कुरालाई ध्यान दिएर हामीले यो 'कनकासुन्दरी गाउँपाकिलाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना-२०७७' तयार पारेका छौं । यो योजनाको प्रमुख उद्देश्य कनकासुन्दरी गाउँपालिकाभित्रका सम्पूर्ण मौजुदा सुविधा र संरचनाहरूको विद्यमान अवस्थालाई विचार गर्दै कमसेकम आगामी पाँच वर्षका लागि सर्वसुलभ र सुरक्षित खानेपानी, सरसफाइ, स्वच्छता र स्वास्थ्य सेवाको सुनिश्चितताका क्षेत्रमा काम गर्न यस गाउँपालिकालाई उपयुक्त मार्गदर्शन उपलब्ध होस् भन्ने रहेको छ। त्यसैले हाम्रालागि यो योजना अत्यन्त महत्वपूर्ण छ ।

यो महत्वपूर्ण योजनाले हाम्रो पालिकाको आफ्नो वस्तुस्थिति र आवश्यकतालाई त विशेष ध्यान दिएकै छ त्यसको अलावा नेपाल सरकारले खानेपानी तथा सरसफाइको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरू, जस्तै : नेपालको संविधान-२०७२ ले गरेको व्यवस्था, दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिबद्धता, खानेपानी तथा सरसफाइ क्षेत्रको क्षेत्रगत विकास योजना, १५ औं पञ्चवर्षीय योजनाको आधार-पत्र, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, पूर्ण सरसफाइ मार्गदर्शन, विद्यालय एवम् स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ र स्वच्छता कार्यविधि तथा मापदण्डले मार्गदर्शन गरेका मुख्य-मुख्य विषयहरूलाई पनि प्राथमिकताका साथ समाविष्ट गरेको छ । यो बृहत् अध्ययन, विज्ञतापूर्ण ज्ञान तथा सीपको अभावमा पक्कै पनि सम्भव थिएन तर हामीले नेपाल सरकार/खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, विकास साझेदार निकायहरू, युनिसेफ नेपाल तथा हिमाली ग्रामीण युवा समाज विकास केन्द्र (हिरिस्डेक) एवम् यस गाउँपालिकाअन्तर्गतका सबै शाखाहरूको विशिष्ट साथ र सहयोगका आधारमा पार लगाउन सकेका छौं । यस्ता सबै सहयोगी निकायहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

योजना त बन्यो तर अबको महत्वपूर्ण पाइला यसलाई कार्यान्वयन गर्नु हो । यो कार्य निकै चुनौतीपूर्ण पनि छ । यसमा गाउँपालिकाको सीमित स्रोत र साधन पर्याप्त नहुन सक्छ तर मलाई विश्वास छ यस्ता सबै सहयोगी निकायहरूको साथ र यस गाउँपालिकाका सम्पूर्ण नागरिकहरूको सक्रियतापूर्ण सहयोगका आधारमा हामी योजनाले निर्दिष्ट गरेका काममा पक्कै अघि बढ्न सक्नेछौं । यस्तो साथ र सहयोगको आह्वान गर्दै म यस योजनाको सफलतापूर्ण कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

.........................
(उर्मिला भण्डारी)
उपाध्यक्ष

कनकासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोठिज्युला, जुम्ला
कर्णाली प्रदेश

## शुभकामना

विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त साधन र स्रोतको सीमाभित्र रहेर शासन सञ्चालन र व्यवस्थापन गर्नु चुनौतीपूर्ण कार्य हो । जनताले प्राप्त गर्ने सेवा-सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई सङ्घीय प्रणालीको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने दिशामा महत्वपूर्ण जिम्मेवारी गाउँपालिकामा रहेको छ । खानेपानी, सरसफाइ र स्वच्छता मानव स्वास्थ्यको महत्वपूर्ण विषय भएकाले मानव जीवनका लागि स्वास्थ्यमा ध्यान दिनु आवश्यक हुन्छ । पूर्ण सरसफाइका लागि राष्ट्रिय सरसफाइ गुरुयोजना-२०६८ तर्जुमा भई यसैको मर्मअनुसार प्रत्येक जिल्ला तथा स्थानीय तहमा नेपाल सरकारको नीतिअनुरूप सरसफाइ प्रवर्द्धनका अभियानहरू सञ्चालन भई खानेपानी, सरसफाइ र स्वच्छताको अवस्थामा सुधार आई देशभर खुला दिसामुक्त क्षेत्र घोषणा भएका छन् ।

जुम्ला जिल्लाका सम्पूर्ण सरकारी, गैरसरकारी तथा सरोकारवाला निकायको सक्रिय सहभागितामा २०७२ साल फागुन २० गते ३६ औं खुला दिसामुक्त क्षेत्र घोषणा गर्न समेत यस गाउँपालिकाको पनि महत्वपूर्ण योगदान रहेको छ । पूर्ण सरसफाइको वर्तमान स्थितिको दिगो व्यवस्थापनलाई आत्मसात गरी आगामी पाँच वर्षभित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिकाका रूपमा घोषणा गर्न विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था र देखिएका समस्याहरूको विश्लेषण गरी कनकासुन्दरी गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरू विशेष गरेर हिरिस्डेक/युनिसेफको सहयोगमा निर्माण गरिएको यो 'खानेपानी, सरसफाइ तथा स्वच्छता योजना' समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

अन्त्यमा, खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सफल कार्यान्वयन तथा दीर्घकालीन लक्ष्य र उद्देश्यअनुसारको प्रगति हासिल गर्नका लागि आफ्नो तर्फबाट गर्नुपर्ने सहयोगको प्रतिबद्धता व्यक्त गर्दै सफल कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

(नैनसिंह बुढा)
प्रमुख प्रशासकीय अधिकृत

unicef for every child

मितिः २०७७/११/२०

# शुभकामना

स्वास्थ्य नै ठूलो धन हो, सुरक्षित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधा बिना स्वस्थ र प्रतिष्ठित जीवन सम्भव छैन । यही यथार्थलाई मनन् गर्दै स्थानीय स्तरको सहकार्य र आम जनसहभागिताको माध्यमबाट राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ को सफल कार्यान्वयन गरी जुम्ला जिल्लाले वि.स. २०७२ फागुन २० गते आफूलाई ३६ औं खुला दिसामुक्त जिल्लाको रूपमा घोषणा गर्न सफल भएको थियो । जिल्ला खुला दिसामुक्त क्षेत्रका रूपमा विकास भए पनि यसको दिगोपना कायम गर्नु, सरसफाइ क्षेत्रको उचित व्यवस्थापन गर्नु, ठोस तथा तरल फोहोरको व्यवस्थापन गर्नु, जोखिमपूर्ण समयमा साबुन-पानीले हात धुने आनीबानीमा अझ सुधार गर्नु, संस्थागत (विद्यालय र स्वास्थ्य संस्थामा) खानेपानी तथा सरसफाइ सुविधाको उचित व्यवस्थापन गर्नु र सुरक्षित खानेपानीमा समुचित पहुँचको अवस्था विकास गर्नु आदि यस क्षेत्रका मुख्य चुनौतीका रूपमा रहेका छन् ।

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका उपलब्धिहरूलाई संस्थागत गर्दै यसको दिगोपना कायम गर्न र विद्यमान समस्याहरूको समाधानका लागि थप सुधार गर्न यस कनकासुन्दरी गाउँपालिकाले “सरसफाइ र सुरक्षित खानेपानीको विस्तार, सभ्य र स्वस्थ नागरिक - समृद्धिको मूल आधार” भन्ने मूल नाराका साथ सङ्घीय खानेपानी मन्त्रालय, युनिसेफ नेपाल र खानेपानी तथा ढल व्यवस्थापन विभागसंगको समन्वयमा गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना, २०७७ तर्जुमा गरेकोमा अत्यन्तै खुशी लागेको छ ।

दिगो विकास लक्ष्यको मर्मअनुसार यस गाउँपालिकाले सबै जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच अभिवृद्धि गर्दै विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा पनि खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वद्धन र उचित व्यवस्थापन गर्न तर्जुमा गरिएको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना, २०७७ को सफल कार्यान्वयन तथा लक्षित नतीजाहरूको प्राप्तिका लागि हार्दिक बधाइ ज्ञापन गर्दै सुरक्षित खानेपानी तथा पूर्ण सरसफाइ यात्रामा निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाउन चाहन्छु । साथै यस रणनीतिक योजनाले बृहत् दिगो विकास लक्ष्यको सरसफाइ र खानेपानीसँग सम्बन्धित लक्ष्यहरूका आधारमा नेपाल सरकारको १५औं योजनामा समाहित र आबद्ध भई कनकासुन्दरी गाउँपालिकाले लिएका लक्ष्य तथा नतीजाहरूको सहज परिपूर्ति हुन सकोस् भन्ने सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

....................
दीपक श्रेष्ठ
प्रमुख
युनिसेफ, क्षेत्रीय कार्यालय, नेपालगञ्ज ।

**United Nations Children's Fund**
UN House
P.O. Box 1187
Kathmandu, Nepal

Telephone: 977-1-5523200
Fax: 977-1-5527280 / 5535395
Email: kathmandu@unicef.org
www.unicef.org/nepal

# विषयसूची


**अध्याय १. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय ........ १-२**
**१.१ पृष्ठभूमि ........ १**
**१.२. औचित्य ........ २**
**१.३. खासस्व योजनाको उद्देश्य ........ २**
**१.४. अध्ययनका सीमा ........ २**
**१.५. तयारी विधि र प्रक्रिया ........ ३-४**
१.५.१. खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन ........ ३
१.५.२. गाउँपालिकास्तरीय अभिमुखीकरण गोष्ठी तथा सहमति निर्माण ........ ३
१.५.३. गणकहरुको छनोट एवम् अभिमुखीकरण ........ ३
१.५.४. तथ्याङ्क संकलन तथा लेखाजोखा ........ ३
१.५.५. तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी ........ ४
१.५.६. 'खासस्व' योजना प्रमाणीकरण गोष्ठी ........ ४
१.५.७. 'खासस्व' योजना तयारी तथा सार्वजनिकीकरण ........ ४

**अध्याय २ : कनकासुन्दरी गाउँपालिकाको वस्तुगत विवरण ........ ४-८**
**२.१ भौगोलिक अवस्थिति र बनोट ........ ४**
**२.२ पहुँच ........ ५**
**२.३ भू-उपयोग तथा वातावरण ........ ५**
**२.४ जनसांख्यिक विवरण ........ ५**
**२.५ जातजाति र जनसांख्यिक विवरण ........ ६**
**२.६ आर्थिक गतिविधि र पेशा ........ ७**
**२.७ जनसंख्याको गतिशीलता र बसाइ-सराइ ........ ७**
**२.८ भौतिक पूर्वाधार ........ ८**
**२.९ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र 'खासस्व' योजनाको सम्बन्ध ........ ८**
**२.१० खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु ........ ८**

**अध्याय ३: खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति ........ ९-४०**
**३.१ कनकासुन्दरी गाउँपालिकाको खानेपानीको अवस्था ........ ९-१८**
३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक स्रोहरु, सेवा प्राप्त गर्ने घरधुरी र जनसंख्या ........ ९
३.१.२ खानेपानीको पर्याप्तता ........ ९
३.१.३ गाउँपालिकामा सुरक्षित खानेपानीको स्तर ........ ९
३.१.४ खानेपानी आयोजनाको प्रकार र नियमितताको अवस्था ........ ११
३.१.५ वडागत रुपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरी ........ १२
३.१.६ योजनाको आयुको आधारमा खानेपानी आयोजनाको संख्या ........ १३
३.१.७. मौजुदा खानेपानी प्रणालीहरुको कार्यक्षमता तथा सुचारुपना ........ १५
३.१.८ खानेपानी आयोजनाहरुको 'इन्टेक' लगायत अन्य भौतिक संरचनाको अवस्था ........ १५
३.१.९ खानेपानी आयोजनाहरुको सञ्चालन तथा मर्मत-सम्भारको अवस्था ........ १६
३.१.१० खानेपानी प्रणालीहरुको दिगोपना ........ १६
३.१.११ निर्माणाधीन खानेपानी प्रणालीहरु ........ १७
३.१.१२ खानेपानीको गुणस्तरको अवस्था ........ १७
३.१.१३ खानेपानीको गुणस्तर ........ १८
३.१.१४ हालसम्म खानेपानी पहुँच नपुगेका वस्तीहरुको अवस्था ........ १८
**३.२ शैक्षिक संस्थाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था ........ १८-२८**
३.२.१ विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारी ........ १९
३.२.२ विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति ........ १९
३.२.३ विद्यालयहरुमा खानेपानीको अवस्था ........ २०
३.२.४ विद्यालयहरुमा शौचालयको अवस्था ........ २२
३.२.५ महिनावारी स्वच्छता ........ २५
३.२.६ विद्यालयमा समूहगत हात धुने व्यवस्था ........ २५
३.२.७ वातावरणीय सरसफाइ ........ २६
३.२.८ व्यवस्थापन तथा संस्थागत अवस्था ........ २७
३.२.९ बाल विकास केन्द्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अवस्था ........ २८
**३.३ स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था ........ २९-३४**
३.३.१ स्वास्थ्य संस्थामा खानेपानीको अवस्था ........ २९
३.३.२ स्वास्थ्य संस्थाको शौचालय र यसको सरसफाइको अवस्था ........ ३१
३.३.३ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन ........ ३२
३.३.४ प्रसूति केन्द्रहरुमा खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था ........ ३४

**३.४ सरसफाइ तथा स्वच्छताको अवस्था ........ ३४-३८**
३.४.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था ........ ३५
३.४.२ सरसफाइ सेवाको स्तर ........ ३५
३.४.३ महिनावारी हुँदा चर्पीको प्रयोग ........ ३६
३.४.४ घरायसी शौचालय सरसफाइको अवस्था ........ ३६
३.४.५ घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था ........ ३७
३.४.६ घरायसी ठोस पदार्थको व्यवस्थापन ........ ३७
३.४.७ हात धुने स्थानको अवस्था ........ ३८
३.४.८ सार्वजनिक र सामुदायिक शौचालय ........ ३८
**३.५ विपद् जोखिम तथा जलवायु परिवर्तनको असर ........ ३८-३९**
३.५.१ विपद्को ऐतिहासिक समय-रेखा ........ ३८
३.५.२ वडागत रुपमा बाढी-पहिरोको उच्च जोखिम रहेका स्थानहरु ........ ३९
३.५.३ प्रकोप पात्रो ........ ३९
**३.६ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ........ ३९**
**३.७ खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरु, देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरु ..... ३९**
३.७.१. खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरू ........ ३९
३.७.२. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू ........ ४०

**अध्याय ४ : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, योजना तथा लक्ष्यहरुसँगको तादात्म्यता ........ ४१-४४**

**अध्याय ५ : खानेपानी, सरसफाइ तथा स्वच्छता : लक्ष्य र रणनीति ........ ४५-४८**
**५.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य एवम् लक्ष्य ........ ४५**
**५.२ खानेपानी, सरसफाइ र स्वच्छता योजनाका लक्ष्य ........ ४५**
**५.३ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको उद्देश्य ........ ४५**
**५.४ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको रणनीति ........ ४६**
**५.५ गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरु ........ ४७**

**अध्याय ६ : संभाग अनुसार रणनीति, अपेक्षित उपलब्धि, नतिजा-तालिका र क्रियाकलापहरु ........ ४९-७१**
**६.१ विषयगत क्षेत्रः सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा ........ ४९-५५**
६.१.१ उद्देश्य ........ ४९
६.१.२ कार्यनीतिहरुः ........ ४९
६.१.३ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरुको दिगोपना तथा सुरक्षा क्षेत्रको नतिजा तथा लक्ष्य तालिका ........ ५०
६.१.४ कार्ययोजना, प्रमुख क्रियाकलाप तथा वित्तीय स्रोत विश्लेषण ........ ५१
६.१.५ नयाँ निर्माण हुने योजनाहरुको प्राथमिकता क्रम ........ ५३
६.१.६ सामान्य मर्मत-सम्भार गर्नुपर्ने योजनाहरुको प्राथमिकता क्रम ........ ५३
६.१.७ ठूलो मर्मत-सम्भार तथा विस्तार गर्नुपर्ने योजनाहरुको प्राथमिकता क्रम ........ ५४
६.१.८ पुनर्निर्माण तथा विस्तार गर्नुपर्ने योजनाहरुको प्राथमिकता क्रम ........ ५५
**६.२ सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ........ ५५-५९**
६.२.१ उद्देश्य ........ ५५
६.२.२ कार्यनीतिहरु ........ ५५
६.२.३ नतिजा तथा लक्ष्य-तालिका ........ ५६
६.२.४ सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्ययोजना, क्रियाकलाप तथा वित्तीय स्रोत विश्लेषण ........ ५७
**६.३ संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन ........ ६०-६५**
६.३.१ उद्देश्य ........ ६०
६.३.२ कार्यनीतिहरु ........ ६०
६.३.३ 'तीन तारे' नमूना विद्यालय तथा स्वास्थ्य संस्थाका नतिजा, सूचक र लक्ष्य-तालिका ........ ६१
६.३.४ विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र वित्तीय स्रोत विश्लेषण ...... ६२
**६.४ संस्थागत क्षमता विकास ........ ६६-६७**
६.४.१ उद्देश्य ........ ६६
६.४.२ कार्यनीतिहरु ........ ६६
६.४.३ संस्थागत सुदृढीकरण तथा क्षमता विकासको लक्ष्य-तालिका ........ ६६
६.४.४ संस्थागत सुदृढीकरण र क्षमता विकाससम्बन्धी क्रियाकलाप र वित्तीय स्रोत विश्लेषण ........ ६७

**६.५ जलवायु परिवर्तनको असर न्यूनीकरण एवम् विपद्मा खानेपानी तथा सरसफाइ सेवा ........ ६८-६९**
६.५.१ उद्देश्य ........ ६८
६.५.२ कार्यनीतिहरु ........ ६८
६.५.३ जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरणका नतिजा, सूचक र लक्ष्य-तालिका ........ ६८
६.५.४ जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरणका कार्ययोजना तथा क्रियाकलाप ........ ६९

**६.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूल प्रवाहीकरण ...... ७०-७१**
६.६.१ उद्देश्य ...... ७०
६.६.२ कार्यनीतिहरु ...... ७०
६.६.३ लैससासको नतिजा तथा लक्ष्य-तालिका ...... ७०
६.६.४ लैससासका लागि कार्ययोजना, क्रियाकलापहरु र वित्तीय स्रोत विश्लेषण ...... ७१

**अध्याय ७: लागत अनुमान तथा स्रोत व्यवस्थापन ...... ७२-७५**
**७.१ लाग अनुमान ...... ७२**
**७.२ आर्थिक स्रोत व्यवस्थापन ...... ७४-७५**
७.२.१ विगत तीन वर्षमा कनकासुन्दरी गाउँपालिकाद्वारा 'खासस्व' क्षेत्रमा विनियोजन गरेको बजेट विश्लेषण ...... ७५
**७.३ मानवीय स्रोत-साधन पहिचान र परिचालन ...... ७५**

**अध्याय ८: 'खासस्व' योजनाको कार्यान्वयन/अनुगमन ...... ७६-७९**
**८.१ 'खासस्व' योजनाको कार्यान्वयन ...... ७६**
८.१.१ योजना कार्यान्वयन अवधारण ...... ७६
८.१.२ योजना परिमार्जन ...... ७६
**८.२ अनुगमन योजना ...... ७६-७७**
८.२.१ अनुगमन ढाँचा तथा पद्धति ...... ७६
८.२.२ सूचक ...... ७६
८.२.३ अनुगमनको तह ...... ७६
८.२.४ अनुगमन विधि ...... ७७
**८.३ निष्कर्ष तथा भावी कार्य दिशा ...... ७७**
८.३.१ सिकाइहरु ...... ७७
८.३.२ 'खासस्व' योजना स्वीकृति र अवधि ...... ७७
**८.४ गाउँपालिकाको 'खासस्व' संरचना ...... ७७**
**८.५ गाउँपालिकामा 'खासस्व' संयुक्त कोष ...... ७८**
**८.६ संस्थागत संरचना तथा क्षमता विकासको आवश्यकता ...... ७८-७९**
८.६.१ संस्थागत संरचना ...... ७८
८.६.२ संस्थागत क्षमता अभिवृद्धि ...... ७९

**अध्याय ९ : संस्थागत संरचना, सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ...... ७९-८०**
९.१ सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ...... ७९

**अनुसूचीहरु:**

अनुसूची १: वडागत रुपमा खानेपानीको सेवा स्तर ...... ८१
अनुसूची २: खानेपानी आयोजनाहरुको मुख्य भौतिक संरचनाको अवस्था ...... ८२
अनुसूची ३: मौजुदा खानेपानी आयोजनाको विवरण ...... ८४
अनुसूची ४: विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको सूचकगत विवरण ...... ८६
अनुसूची ५: विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको विवरण ...... ८८
अनुसूची ६: पालिकास्तरीय योजना तर्जुमा प्रारम्भ कार्याशाला गोष्ठीको बैठकका निर्णय प्रतिलिपि ...... ९२
अनुसूची ७: पालिकास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता योजानको वस्तुगत विवरण प्रमाणीकरण तथा योजना तर्जुमा कार्यशाला बैठकका निर्णय प्रतिलिपिहरु ...... ९५
अनुसूची ८: 'खासस्व' योजना स्वीकृति सम्बन्धमा गाउँकार्यापालिकाबाट भएका निर्णय प्रतिलिपिहरु ...... ९७
अनुसूची ९: 'खासस्व' योजना तर्जुमा मस्योदा समितिका सदस्यहरु ...... ९८
अनुसूची १०: नयाँ तथा पुनर्निर्माण हुने खानेपानी आयोजनाको लागत अनुमान ...... ९९
अनुसूची ११: 'खासस्व' योजना स्वीकृति सम्बन्धका केहि फोटोहरु ...... १०३

## तालिका-सूची

तालिका नं. १: गाउँपालिकाको गठन

तालिका नं. २: कनकासुन्दरी गाउँपालिकाको भू-उपयोगको अवस्था

तालिका नं. ३: वडागत घरपरिवार तथा जनसंख्या विवरण

तलिका नं. ४: जाति र धर्मका आधारमा घरपरिवार र जनसंख्या विवरण

तालिका नं. ५: 'वास' क्षेत्रमा कार्यरत विकासका साझेदारहरू

तालिका नं. ६: खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)

तालिका नं. ७: खानेपानी सेवाको स्तरको वर्गीकरण

तालिका नं. ८: खानेपानी आयोजनाका प्रकार र नियमितताको विवरण

तालिका नं. ९: वडागत रूपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण

तालिका नं. १०: योजनाको आयुको आधारमा वडागत रूपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण

तालिका नं. ११: खानेपानी आयोजनाहरूको 'इन्टेक' लगायत अन्य भौतिक संरचनाको अवस्थाको विवरण

तलिका नं. १२: खानेपानी आयोजनाहरूको दिगोपनाको अवस्था

तालिका नं. १३: निर्माणाधीन खानेपानी प्रणालीहरूको विवरण

तलिका नं. १४ : खानेपानीको पहुँच नपुगेका बस्ती र घरधुरीको विवरण

तालिका नं. १५: विद्यालयको विवरण

तालिका नं. १६: विद्यालयहरूको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धति) को विवरण

तालिका नं. १७: विद्यालयमा खानेपानी सेवाको आपूर्ति अवस्था

तालिका नं. १८: विद्यालयहरूमा शौचालयको अवस्थासम्बन्धी विस्तृत विवरण

तालिका नं. १९: महिनावारी स्वच्छतासम्बन्धी विवरण

तालिका नं. २०: विद्यालयमा समूहगत हात धुने व्यवस्थासम्बन्धी विवरण

तालिका नं. २१: वातावरणीय सरसफाइसम्बन्धी विवरण

तालिका नं. २२: व्यवस्थापन तथा संस्थागत अवस्थासम्बन्धी विवरण

तालिका नं. २३: बाल विकास केन्द्रको खानेपानी, सरसफाइ तथा स्वच्छता विवरण

तालिका नं. २४: स्वास्थ्य संस्थामा खानेपानीको अवस्थाको विवरण

तालिका नं. २५: स्वास्थ्य संस्थामा शौचालय र यसको सरसफाइको विवरण

तालिका नं. २६: स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापनको विवरण

तालिका नं. २७: प्रसूति केन्द्रहरूमा खानेपानी, सरसफाइ र स्वच्छता सुविधाको अवस्थाको विवरण

तालिका नं. २८: विभिन्न समयमा विपद्‌बाट भएको क्षति

तालिका नं. २९: 'खासस्व' क्षेत्रमा देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरू

# अध्याय १

# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय

## १.१. पृष्ठभूमि

खानेपानी, सरसफाइ र स्वच्छताको विषय मानव जीवनको अभिन्न अङ्गका रूपमा रहेको छ जसले मानव स्वास्थ्य, शिक्षा, जनजीविका, प्रतिष्ठा, विकास-निर्माण, सामाजिक सशक्तीकरण र समृद्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । खानेपानी तथा सरसफाइलाई जनताको मौलिक अधिकारको रूपमा स्थापित गर्ने विश्वका सीमित देशहरूमध्ये नेपाल पनि एक हो । नेपालको संविधान-२०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिएअनुसारको खानेपानी तथा सरसफाइ सेवा सबै नागरिकको पहुँचसम्म पुऱ्याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि गर्नु अपरिहार्य देखिन्छ ।

नेपालले क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति एवम् दिगो व्यवस्थापनका लागि अहिलेसम्म गरेका प्रयत्नहरूमा अझ तीव्रता दिनुपर्ने देखिन्छ । संयुक्त राष्ट्रसंघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं. ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनतालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारले संयुक्त राष्ट्रसंघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिबद्धता जनाइसकेको सन्दर्भमा स्थानीय सरकारहरूले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाइको सुनिश्चितताका लागि योजनाबद्ध तवरले अगाडि बढ्नु अपरिहार्य देखिन्छ ।

सबै नागरिकलाई जुनसुकै समयमा सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च वहन सामर्थ्ययोग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवा प्रदान गरी जीवनस्तरमा सुधार गर्नु नेपाल सरकारको 'खासस्व' क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको खानेपानी मन्त्रालयले खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan)-२०७४-२०८७ तयार गरेर योजनाबद्ध रूपले खानेपानी र सरसफाइको पहुँच जनतासम्म पुऱ्याउने रणनीतिहरू तय गरेको छ । त्यस्तै, पूर्ण सरसफाइ मार्गदर्शन-२०७३ अनुसार पूर्ण सरसफाइका क्रियाकलापलाई सफा र स्वच्छ क्षेत्र एवम् पूर्ण सरसफाइउन्मुख क्षेत्र गरी दुई चरणमा विभाजन गरिएको छ भने उक्त अवस्था हासिल गर्न तोकिएका सातवटा मख्य सूचक तथा उपसूचकहरूको अवस्था हासिल भएको हनु पर्दछ । जसको पहिलो खुड्किलाको रूपमा योजना तर्जुमा तथा कार्यान्वयन रहेको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरूलाई प्रभावित पार्ने विषय हो भन्न सकिन्छ ।

नेपाल सरकार खानेपानी मन्त्रालय/खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगति प्रतिवेदनमा आधारभूत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभूत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको छ भनिएको छ । यसैगरी ७७ वटै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेका छन् र आश्विन १३, २०७६ मा देशलाई नै खुला दिसामुक्त देश घोषणा गरिएको छ । हालसालै प्रकाशित नेपाल बहुसूचक सर्वेक्षण प्रतिवेदनअनुरूप सुरक्षित खानेपानी सेवामा पहुँच पुगेको प्रतिशत ९७.१ र आधारभूत खानेपानी सेवामा पहुँच पुगेको प्रतिशत ९५.४ रहेको देखिन्छ । त्यसैगरी सुधारिएको सरसफाइ सुविधा ९४.५ प्रतिशत र आधारभूत स्तरको सरसफाइ सेवा ७९.२ प्रतिशत रहेको छ । यसरी अबको अभियान सुरक्षित खानेपानी सेवा सहितको पूर्ण सरसफाइको हुनेछ । सो अभियानलाई सार्थक बनाउन सरकारी, निजी तथा गैरसरकारी निकायहरूबाट हुने काम थप प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा सहभागितात्मक प्रकृया अपनाई एकीकृत 'खासस्व' योजनाको तर्जुमा हुनु आवश्यक देखिन्छ ।

यसरी योजनाबद्ध रूपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कृयाकलाप सञ्चालनका लागि वर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित स्रोतहरू, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था, समुदायको स्वच्छता र आनीबानी सम्बन्धमा सर्वेक्षण, अध्ययन तथा छलफल गरी उपलब्ध तथ्यहरू र सूचनाहरूका आधारमा खानेपानी मन्त्रालयको क्षेत्र विकास योजना-२०७४-२०८७ सँग तादात्म्यता मिलाएर खानेपानी, सरसफाइ तथा स्वच्छताका कार्यक्रमको प्राथमिकीकरण र बजेट समेत आकलन गरी यो कनकासुन्दरी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको छ ।

## १.२.औचित्य

कनकासुन्दरी गाउँपालिका स्थानीय तह पुनर्संरचनाका क्रममा साबिकका पाँचवटा बुम्रमाडी चौर, मालिका वोता, विराट, पाण्डव गुफा र कनकासुन्दरी गाविस समेटेर आठवटा वडाहरू सहितको स्थानीय संरचनाको आधारमा गाउँपालिका घोषणा भएको हो । गाउँपालिकाको घोषणा भएपश्चात समायोजन भएका स्थानहरूको खानेपानी र सरसफाइको अवस्था तथा वस्तुस्थिति समावेश भएको कुनै आधिकारिक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको वास्तविक अवस्था र भावी योजनाहरू तय गर्नका लागि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको आवश्यकता महसुस गरिएको हो । खानेपानी तथा सरसफाइ जनताको नैसर्गिक अधिकारको रूपमा संविधानमा व्यवस्था भएअनुसार नै गाउँपालिका क्षेत्रका जनतालाई सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पहुँच अभिवृद्धि गर्नु गाउँपालिकाको कर्तव्य तथा जिम्मेवारीभित्र पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ३ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार शीर्षकको दफा ११ को उपदफा 'ध' मा 'स्थानीय खानेपानीसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन' को व्यवस्था भएबमोजिम तथ्यगत र वस्तुगत आधारमा समुदायसँगको सहभागितात्मक छलफल र स्वीकार्यतालाई समेत मध्यनजर गरी सेवाबाट वञ्चितीमा परेका समुदायहरूलाई प्राथमिकतामा राखेर योजनाबद्ध रूपमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकास गर्नु अत्यावश्यक रहेको छ ।

## १.३. 'खासस्व' योजनाको उद्देश्य

खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) को क्षेत्रमा कनकासुन्दरी गाउँपालिकाभित्रका सम्पूर्ण मौजुदा सुविधा र संरचनाहरूको यथास्थिति र अवस्था 'एन-वास एप्स' (NWASH APPS) को प्रयोगद्वारा संकलन तथा अभिलेखीकरण गरी आगामी दिनहरूका लागि सर्वसुलभ र सुरक्षित 'खासस्व' सेवाको सुनिश्चितताका लागि मार्गदर्शन प्रदान गर्नु नै 'खासस्व' योजनाको उद्देश्य हो ।

'खासस्व' योजनाका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजनाले परिकल्पना गरेको खानेपानी, सरसफाइ तथा स्वच्छताका स्तरमा पुग्नका लागि नयाँ निर्माण तथा स्तरोन्नति गर्नुपर्ने खासस्व सेवाहरूको प्रस्ताव, प्राथमिकीकरण, आवश्यक अनुमानित बजेट र उपलब्ध स्रोत-साधनहरूको लेखाजोखासहितको रणनीति र कार्ययोजना बनाउनु ।
- गाउँपालिकाको खानेपानी तथा सरसफाइसम्बन्धी समस्याको पहिचान गरी गाउँपालिकाका सम्पूर्ण घरपरिवारलाई सर्वसुलभ र गुणस्तरयुक्त खानेपानी उपलब्ध गराउन र पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाका लागि स्थानीय स्रोत-साधनका अतिरिक्त प्रदेश, सङ्घीय सरकार र दातृनिकायबाट सहयोग जुटाएर नेपाल सरकारको खानेपानी तथा सरसफाइ क्षेत्रको लक्ष्य तथा दिगो विकासका लक्ष्यबमोजिमको उपलब्धि हासिल गर्न योजनाबद्ध तरिकाले कार्य गर्न मार्ग-निर्देश गर्नु ।

## १.४. अध्ययनका सीमा

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार पार्ने क्रममा खानेपानी योजनाको विवरण बाहेक गाउँपालिकास्तरीय अन्य सरसफाइ र स्वच्छतासम्बन्धी सूचनाहरू गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू, कार्यरत कर्मचारीहरू, विद्यालयका शिक्षक तथा स्वास्थ्य केन्द्रका कर्मचारीका अलावा महिला स्वास्थ्य स्वयम्सेविकाहरूसँग छलफल गरी संकलन गरिएको हो । घरपरिवार-तहको सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाका सूचनाहरू संकलन गर्न सम्पूर्ण घरपरिवारमा नै गई संकलन गर्न नसकिएकाले १० प्रतिशतको अन्तरालमा नमूना संकलन (Random Sampling Method) विधिबाट सूचनाहरू संकलन गरी प्राप्त तथ्यहरूलाई सामान्यीकरण गरिएको छ ।

तथ्याङ्कहरू संकलनका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकाले कतिपय प्राविधिक सूचनाहरू समेत गैरप्राविधिक तथ्याङ्क संकलकहरूको माध्यमबाट संकलन गरिएको थियो । गाउँपालिकामा खानेपानी तथा सरसफाइको भरपर्दो सूचना प्रणाली स्थापना भइनसकेकाले गाउँपालिकाको खानेपानी तथा सरसफाइसम्बन्धी पर्याप्त जानकारीहरू उपलब्ध हुन नसक्दा 'खासस्व' योजना निर्माणकको क्रममा मौजुदा तथ्याङ्कहरूको विश्लेषणमा केही कठिनाइ उत्पन्न भएको थियो ।

## १.५. तयारी विधि र प्रक्रिया

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीमा तपसिलका चरण र प्रक्रियाहरू अवलम्बन गरिएका थिए ।

### १.५.१ 'खासस्व' योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचाअनुरूप नै यो 'खासस्व' योजना तयार गरिएको छ । सो ढाँचामा प्रस्तावित विषयवस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका रुजू-सूची र प्रश्नावलीहरूको अलावा नेपाल सरकार, खानेपानी मन्त्रालयबाट तयार गरिएको 'एन-वास मोबाइल एप्स' विधि अवलम्बन गरी सूचना संकलन गर्ने विधि तय गरिएको थियो । फिल्डमा सर्वेक्षणका लागि खटिने टोलीहरू गाउँपालिकाको समन्वयमा तयार गरी उनीहरूका लागि 'एन-वास मोबाइल एप्स'बाट तथ्याङ्क संकलन गर्ने विधिसम्बन्धी तीनदिने तालिम सञ्चालन गरिएको थियो ।

### १.५.२ गाउँपालिकास्तरीय अभिमुखीकरण गोष्ठी तथा सहमति निर्माण

कनकासुन्दरी गाउँपालिकामा 'खासस्व' योजना अभिमुखीकरण गोष्ठी मिति २०७६।०८।०१ मा पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिकाका सदस्यहरू र सरोकारवालाहरूको सहभागितामा आयोजना गरियो । गोष्ठीमा खानेपानी, सरसफाइ स्वच्छता (खासस्व) योजनाको आवश्यकता र महत्वका विषयमा छलफल भई तयारी प्रक्रियामा सरोकारवालाहरूको भूमिकाका विषयमा छलफल गरिएको थियो । अन्तमा 'खासस्व' योजना तयारीको प्रक्रियाको अनुगमन तथा समन्वयका लागि कार्यदल समेत गठन गरिएको थियो ।

### १.५.३ गणकहरूको छनोट एवम् अभिमुखीकरण

यसका अतिरिक्त खानेपानी आयोजना, विद्यालय र स्वास्थ्य संस्था, घरधुरी एवम् समुदायस्तरको 'वास'सम्बन्धी विस्तृत सूचना संकलनका लागि गाउँपालिकासँगको समन्वयमा प्राविधिक ज्ञान एवम् खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा अनुभव हासिल गरेका १० जना (८ पुरुष र २ महिला) गणक छनोट गरी मोबाइल एप्सबाट 'एन-वास' तथ्याङ्क संकलनसम्बन्धी २०७६ मङ्सिर १६ देखि १८ गतेसम्म तीन दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तीन दिनको अभिमुखीकरणपश्चात् गणकहरूलाई उपरोक्त क्षेत्रका सूचनाहरू संकलनका लागि परिचालन गरिएको थियो ।

### १.५.४ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरू गरिएको थियो :

- गाउँपालिकामा उपलब्ध सन्दर्भ-सामग्री, जस्तै : गाउँपालिकाको वस्तुगत विवरण-२०७५, गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्ययोजना-२०७५, गाउँपालिकाको 'वेबसाइट' र युनिसेफ नेपालको सहयोगमा हिरिस्डेक मुगुद्वारा विगतमा संकलन गरिएको सरसफाइ तथा स्वच्छतासम्बन्धी तथ्याङ्क एवम् कार्यालयका प्रतिवेदनहरू अध्ययन गरी द्वितीय तथ्याङ्कको रूपमा जानकारी संकलन गरिएको थियो ।
- 'एन-वास मोबाइल एप्स'को माध्यमबाट गाउँपालिका क्षेत्रभरिका शतप्रतिशत खानेपानी र सरसफाइसँग सम्बन्धित विद्यमान भौतिक संरचनाहरूको प्राथमिक तथ्याङ्क हासिल गरेर लेखाजोखा गरिएको थियो ।
- सञ्चालित खानेपानी आयोजनाहरूको दिगोपनाको लेखाजोखा गरिएको थियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाका सूचनाहरू संकलन गर्न १० प्रतिशतको अन्तरालमा ९० प्रतिशत विश्वसनीय-स्तर (Confidence level) हुनेगरी नमूना संकलन विधि (Random Sampling Method) बाट सूचनाहरू संकलन गरिएको थियो ।
- शतप्रतिशत विद्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक संस्थाहरूमा पुगी खानेपानी तथा सरसफाइसम्बन्धी अवस्था र भावी योजनाहरूसम्बन्धी प्राथमिक स्रोतबाट सूचना संकलन गरिएको थियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन र मानव दिसाजन्य लेदो व्यवस्थापन गरी स्रोतको पुनर्प्रयोगका सम्बन्धमा समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरूको संकलन कार्य गरिएको थियो ।
- खानेपानीको पहुँचबाट वञ्चित भएका समुदायका खानेपानीका सम्भावित स्रोतहरू र तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) एवम् भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आकलन गरिएको थियो ।
- अन्य विकास साझेदारहरूका खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरूका विवरणहरू पनि संकलन गरिएको थियो ।

### १.५.५ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

'मोबाइल एप्स', समूहगत छलफल र रुजू-सूचीको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूलाई सूचना-प्रविधि (IT) विज्ञहरूको सहयोगमा प्रशोधन तथा विस्तृत विश्लेषण गरिएको थियो । तत्पश्चात निर्धारित लक्ष्य हासिल गर्न, हालको विद्यमान अवस्था र पुग्नुपर्ने स्थानबीचको अन्तरको चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरूका बीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गर्ने कार्य गरिएको थियो ।

### १.५.६ 'खासस्व' योजना प्रमाणीकरण गोष्ठी

मस्यौदा प्रतिवेदन तयारीपश्चात मिति २०७७।०५।२९ देखि २०७७।५।३१ गतेसम्म वडा र मिति २०७७।०७।०५ गते गाउँपालिका तहमा छुट्टाछुट्टै योजना तर्जुमा गोष्ठीहरू सञ्चालन गरी प्रस्तावित खानेपानी तथा सरसफाइका दूरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकासका साझेदारहरूको संलग्नता, गाउँपालिकाको 'खासस्व' कार्यक्रमहरूको बजेट, जलवायु परिवर्तनको असर र अनुकूलन योजना, विपद् व्यवस्थापनका योजना र संस्थागत क्षमताहरूमा छलफल गर्नुका साथै प्राप्त सूचना र तथ्याङ्कहरूको पुष्टीकरण गर्ने कार्य पनि गरियो । छलफल तथा गोष्ठीबाट प्राप्त सूचना, सुझाव तथा पृष्ठपोषणहरूलाई संलग्न गरेर खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको अन्तिम प्रतिवेदन तयार गरियो ।

### १.५.७ 'खासस्व' योजना तयारी तथा सार्वजनिकीकरण

अन्तिम 'खासस्व' योजना गाउँकार्यपालिकाको मिति २०७७।०७।०६ गतेको बैठकबाट कार्यान्वयनको प्रतिबद्धतासहित स्वीकृत गरी आगामी गाउँसभाबाट पास गर्नेगरी प्रमाणीकरण र सार्वजनिकीकरण गरियो ।

# अध्याय २

# कनकासुन्दरी गाउँपालिकाको वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति र बनोट

कनकासुन्दरी गाउँपालिका नेपालको कर्णाली प्रदेशअन्तर्गत जुम्ला जिल्लामा पर्दछ । समुद्री सतहको २,५१४ मिटरसम्मको उचाइमा रहेको यो गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री २० मिनेट ३५ सेकेन्डदेखि २९ डिग्री २९ मिनेट उत्तरी अक्षांश र ८१ डिग्री ५० मिनेट ५५ सेकेन्डदेखि ८२ डिग्री १० मिनेट ३० सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ । यो गाउँपालिका जुम्ला जिल्लाको जिल्ला सदरमुकाम खलंगादेखि करिब ५५ किलोमीटरको दूरीमा उत्तर-पश्चिमी भागमा रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा पातरासी गाउँपालिका, पश्चिममा कालिकोट जिल्ला, उत्तरमा मुगु जिल्ला र दक्षिणमा सिँजा गाउँपालिकासँग जोडिएको छ । जिल्लाको कुल क्षेत्रफलको ८.९१ प्रतिशत भू-भाग ओगट्ने यस गाउँपालिकाको कुल क्षेत्रफल २२५.३९ वर्ग कि.मि. रहेको छ ।

**तालिका नं. १: पालिकाको गठन तथा वडागत क्षेत्रफल**

| वडा नं. | समावेश साबिक गाविस | क्षेत्रफल (वर्ग कि.मि.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | बुम्रमाडी चौर (१-९) | ६६.२६ | २९.४० |
| २ | मालिका वोता (१-९) | ५९.९३ | २६.५९ |
| ३ | कनकासुन्दरी (१-४) र विराट (१, २) | २८.९१ | १२.८३ |
| ४ | कनकासुन्दरी (५-९) | २६.५३ | ११.७७ |
| ५ | विराट (३, ४, ८, ९) | ७.८९ | ३.५० |
| ६ | विराट (५-७) | ६.१ | २.७१ |
| ७ | पाण्डव गुफा (१-४) | १७.३२ | ७.६८ |
| ८ | पाण्डव गुफा (५-९) | १२.४५ | ५.५२ |
| जम्मा | | २२५.३९ | १०० |

स्रोत: सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४

## २.२ पहुँच

कर्णाली प्रदेशअन्तर्गत जुम्ला जिल्लामा अवस्थित रहेको यस कनकासुन्दरी गाउँपालिकामा आठवटा वडाहरू रहेका छन् । जुम्ला जिल्लामा विद्यमान एक नगरपालिका र सात गाउँपालिका गरी आठ स्थानीय तहमध्ये यो गाउँपालिका पनि एक हो । गाउँपालिकाको केन्द्र साबिक विराट गाविसको कार्यालय रहेको स्थानमा रहेको छ । पूर्ववत रूपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्ला नै एउटै मात्र निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका दुई निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं. १ मा पर्दछ । कर्णाली राजमार्गको नाग्म-गमगढी सडक खण्डको केही भाग यो गाउँपालिकासँग जोडिएको छ ।

## २.३ भू-उपयोग तथा वातावरण

उच्च पहाडी जिल्लाअन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेको छ । हिमा नदीको तटीय क्षेत्रमा रहेका समथर फाँटहरू यस क्षेत्रका उर्वरा भूमिहरू हुन् । कालो चिम्ट्याइलो माटो तथा केही कङ्कडयुक्त भू-बनोट रहेको यस क्षेत्रमा होचा तथा अग्ला पहाडी श्रृङ्खलाका काखमा भिरालो परेका केही उब्जाउशील जमिन पनि रहेका छन् ।

गाउँपालिकाको कुल भू-भागको करिब ५५.३६ प्रतिशत वन क्षेत्र, २६.२० प्रतिशत घाँसे मैदान वा चरन क्षेत्र र १५.१३ प्रतिशत जमिन खेतीयोग्य रहेको छ । गाउँपालिकालाई मूलप्रवाह क्षेत्र बनाएर अविरल वहिरहने हिमा नदी, महिन्द्रमल्ली नदी, घट्टे खोला, धोबीघाट, मूल खोला, छालसरी खोला लगायत नदी तथा खोलाहरू यहाँका मुख्य प्राकृतिक सम्पदाहरू हुन् । सिँचाइको मुख्य स्रोतको रूपमा रहेको हिमा नदी लगायत न्युरी गाड, लेते गाड, जिउ गाड आदि नदी तथा खोलाबाट यस क्षेत्रको अधिकांश जमिनमा सिँचाइ सेवा उपलब्ध रहेको छ । जैविक विविधताका हिसाबले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जीव डाँफे, कालिज, काँडेभ्याकुर, च्याँखुरा मुख्य रूपमा रहेका छन् । जङ्गल क्षेत्रमा पाइने प्रमुख जडीबुटीका रूपमा पाखनवेद, सतुवा, पाँच औंले, गुच्ची च्याउ, जटामसी, सिलाजित, वन-लसुन आदि रहेका छन् । यसै क्षेत्रमा रहेको पाण्डव गुफाले पनि प्रशस्त प्रर्यटकीय सम्भावना बोकेको छ । पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरू रहेका छन् । यस गाउँपालिकाको उत्तरमा देखिने रमणीय हिमाली श्रृङ्खलाहरूले यहाँको सुन्दरता बढाएका छन् ।

**तालिका नं. २ : कनकासुन्दरी गाउँपालिकाको भू-उपयोगको अवस्था**

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ३४.११ | १५.१३ |
| २ | बाँझो जमिन | ०.१८ | ०.०८ |
| ३ | घाँसे भूमि/चरन क्षेत्र | ५९.०५ | २६.२० |
| ४ | वन क्षेत्र | १२४.७८ | ५५.३६ |
| ५ | झाडी बुट्यान | ६.१९ | २.७५ |
| ६ | जल क्षेत्र | ०.९५ | ०.४२ |
| ७ | बलौटे जमिन | ०.१३ | ०.०६ |
| | **जम्मा** | २२५.३९ | १००.० |

स्रोत: Land Reform and Mapping Project, 1996

## २.४ जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना-२०६८ र घरपरिवार सर्वेक्षण-२०७४ अनुसार यस गाउँपालिकाको कुल घरपरिवार र जनसंख्या क्रमश: २,३६९ र १४,७७२ रहेको छ । वडाअनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ८ मा २,३३९ रहेको छ भने सबैभन्दा न्यून वडा नं. १ मा १,३३१ रहेको देखिन्छ । विवरणअनुसार औसत घरपरिवारको आकार ६.२५ र लैङ्गिक अनुपात १०७.७७ रहेको छ । यससम्बन्धी वडागत विवरण देहायबमोजिम रहेको छ ।

**तालिका नं. ३: वडागत घरपरिवार तथा जनसंख्या विवरण**

| वडा नं. | जनगणना-२०६८ अनुसार | | | | | घरपरिवार सर्वेक्षण-२०७४ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार |
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | २१४ | ११७७ | ६०६ | ५७१ | ५.५० | २२० | १३३१ | ७०३ | ६२८ | ६.०५ |
| २ | २६६ | १६९१ | ८५६ | ८३५ | ६.३६ | ३०० | १९०० | ९७९ | ९२१ | ६.३३ |
| ३ | ३६७ | २३०१ | ११६७ | ११३४ | ६.२७ | ३३४ | २१७८ | ११४३ | १०३५ | ६.५२ |
| ४ | २७० | १६२६ | ७९२ | ८३४ | ६.०२ | २९३ | १८४५ | ९३६ | ९०९ | ६.३० |
| ५ | २४२ | १२८८ | ६२९ | ६५९ | ५.३२ | २५५ | १६७६ | ८६५ | ८११ | ६.५७ |
| ६ | २५१ | १३१४ | ६५६ | ६५८ | ५.२४ | २३१ | १४६९ | ७६८ | ७०१ | ६.३६ |
| ७ | २९३ | १७६२ | ८६५ | ८९७ | ६.०१ | ३४३ | २०३४ | १०६४ | ९७० | ५.९३ |
| ८ | ३४४ | २०५७ | १०१९ | १०३८ | ५.९८ | ३९३ | २३३९ | ११९६ | ११४३ | ५.९५ |
| जम्मा | २२४७ | १३२१६ | ६५९० | ६६२६ | ५.८८ | २३६९ | १४७७२ | ७६५४ | ७११८ | ६.२५ |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग-२०६८ र घरपरिवार सर्वेक्षण-२०७४

## २.५ जात-जाति र जनसांख्यिक विवरण

कनकासुन्दरी गाउँपालिकाको जात-जातिगत आधारमा घरपरिवार तथा जनसंख्यालाई हेर्दा सबैभन्दा उच्च पहाडी ब्राह्मण/क्षेत्रीको घरपरिवार ८२.५२ प्रतिशत र जनसंख्या ८३.४५ प्रतिशत रहेको छ। यसैगरी सबैभन्दा न्यून घरपरिवार संख्या पहाडी आदिवासी जनजातिको पाँच प्रतिशत रहेको छ भने जनसंख्यामा पनि न्यून अर्थात् ३१ जना रहेको छ। यहाँ पहाडी दलित र पहाडी अन्यको पनि बसोबास रहेको छ। यससम्बन्धी विस्तृत विवरण तलको तालिका नं. ४ मा दिइएको छ।

गाउँपालिका भित्र धर्मका आधारमा जनसंख्याको स्थिति हेर्दा सबैभन्दा बढी हिन्दू धर्म मान्ने १४,७३७ अर्थात् ९९.७६ प्रतिशत र बौद्ध धर्म मान्ने ०.१२ प्रतिशत रहेका देखिन्छन्। केही मात्रामा इसाई धर्म मान्नेहरू पनि पाइएका छन्। यस गाउँपालिकाको घरपरिवार र जनसंख्यालाई जात-जातिगत तथा धर्मका आधारमा देहायबमोजिम प्रस्तुत गरिएको छ।

**तालिका नं. ४ : जाति र धर्मका आधारमा घरपरिवार र जनसंख्या विवरण**

| वडा नम्बर | जातिगत आधारमा घरपरिवार संख्या | | | | जातिगत आधारमा जनसंख्या | | | | धर्मअनुसार जनसंख्या (घरपरिवार सर्वेक्षण २०७५ अनुसार) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहाडी ब्राह्मण/क्षेत्री | पहाडी आदिवासी/जनजाति | पहाडी दलित | पहाडी अन्य | पहाडी ब्राह्मण/क्षेत्री | पहाडी आदिवासी/जनजाति | पहाडी दलित | पहाडी अन्य | हिन्दू | बौद्ध | इसाई | जम्मा |
| १ | २१७ | ० | २ | १ | १३२० | ० | ११ | ० | १३२८ | ३ | ० | १३३१ |
| २ | २९५ | ० | ५ | ० | १८६७ | ० | ३३ | ० | १८९८ | २ | ० | १९०० |
| ३ | ३२६ | ० | ५ | ३ | २१४९ | १ | २७ | १ | २१७४ | ४ | ० | २१७८ |
| ४ | १७६ | ३ | ११० | ४ | ११३३ | २७ | ६८३ | २ | १८३७ | २ | ६ | १८४५ |
| ५ | २५१ | ० | ३ | १ | १६६४ | १ | १० | १ | १६७१ | ३ | २ | १६७६ |
| ६ | १६० | १ | ६९ | १ | ९९९ | १ | ४६७ | २ | १४६५ | १ | ३ | १४६९ |
| ७ | ३३६ | ० | ० | ७ | २०३३ | ० | ० | १ | २०३२ | २ | ० | २०३४ |
| ८ | १९४ | १ | १९८ | ० | ११६२ | १ | ११७६ | ० | २३३२ | ० | ७ | २३३९ |
| जम्मा | १९५५ | ५ | ३९२ | १७ | १२३२७ | ३१ | २४०७ | ७ | १४७३७ | १७ | १८ | १४७७२ |
| प्रतिशत | ८२.५२ | ०.२१ | १६.५५ | ०.७२ | ८३.४५ | ०.२१ | १६.२९ | ०.०५ | ९९.७६ | ०.१२ | ०.१२ | १०० |

स्रोत: घरपरिवार सर्वेक्षण, २०७४

## २.६ आर्थिक गतिविधि र पेशा

यस कनकासुन्दरी गाउँपालिकाको क्षेत्रमा अर्थतन्त्रको प्रमुख स्रोतका रूपमा कृषि, पशुपालन, व्यापार-व्यवसाय, रोजगारी, दैनिक ज्याला-मजदुरी र प्राकृतिक एवम् जैविक सम्पदालाई लिन सकिन्छ । यस गाउँपालिकामा कृषि, वन तथा मत्स्य कामदारका रूपमा काम गर्नेको संख्या ६,७३० रहेको छ । दस वर्षभन्दा माथिको जनसंख्याको पेशागत स्थिति नियाल्दा सबैभन्दा न्यून १० जनाले चाहिँ माथि उल्लेख गरिएका बाहेक अन्य खालका काम गर्ने गरेका छन् । यस गाउँपालिका भित्रका पूर्ण बेरोजगारहरूको संख्या दस वर्षमाथिको कुल ९,६६२ जनसंख्यामध्ये १३२ जना मात्र रहेको देखिन्छ । तथापि, आर्थिक रूपमा सक्रिय नभएका र सधैं सक्रिय नहुनेहरूको जनसंख्या क्रमशः ३३.४ तथा ४.१६ प्रतिशत रहेको देखिन्छ । जसअनुसार रोजगारी प्राप्त भएकाहरूको जनसंख्या प्रतिशत ६१.४१ रहेको छ । यहाँको कुल क्षेत्रफल २२,५३९ हेक्टर रहेकोमा खेती गरिएको जमिन करिब चार प्रतिशत मात्र छ, जसमध्ये खेत १७१.४८ हेक्टर र बारी ६७९.१९ हेक्टर रहेको देखिन्छ । गाउँपलिका क्षेत्रभित्र उपलब्ध हुनसक्ने कृषि, पशु, इन्जिनियरिङ्ग, वन, मेडिसिन, खाद्य प्रशोधन, वकिल, पत्रकारजस्ता प्राविधिक तथा विशेष दक्षता भएको मानव संसाधन कुल २७५ रहेको छ, जसमध्ये सबैभन्दा बढी वडा नं. ८ मा ९२ जना छन् भने वडा नं. १ मा चारजना मात्र त्यस्तो दक्षता भएको मानव संसाधन उपलब्ध रहेको देखिन्छ । वर्षैभरि र मौसमी गरी १८ वटा सिँचाइ पूर्वाधारबाट करिब ५६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको देखिन्छ । यस्तो सुविधाबाट १२,६६० घरपरिवार लाभान्वित हुने गरेका छन् । गाउँपालिका क्षेत्रमा कृषि कार्यका लागि उपयोग गरिएको कुल जग्गा ६७,०४८ रोपनी रहेको देखिन्छ, जसमध्ये आफ्नो परिवारको नाममा रहेको जग्गा उपयोग गर्ने घरपरिवार र अरूको नाममा रहेको जग्गा उपयोग गर्ने घरपरिवार संख्या क्रमशः २,२७९ र १९४ रहेको छ । अन्य स्वामित्वको जग्गा ८७.१६ रोपनी उपयोग भएको देखिन्छ । बालीजन्य उपजहरूमध्ये अन्न बाली र दलहन बाली क्रमशः ५३,६३८.४० रोपनी र ३,३५२.४० रोपनी जमिनमा उत्पादन हुने गरेको देखिन्छ । यी जमिनहरूबाट अन्नबाली ३२,१८३.०४ क्विन्टल र दलहन बाली ५०२.८६ क्विन्टल उत्पादन हुने गरेको छ । यी उपजहरूको केही परिमाण बिक्री समेत हुने गरेको देखिन्छ । व्यापार-व्यवसायको स्थिति हेर्दा यस क्षेत्रमा २० वटा व्यवसायहरू सञ्चालनमा रहेका छन्, जसबाट करिब १ करोड ७० लाख ४० हजार रुपैयाँको वार्षिक कारोबार हुने गरेको देखिन्छ । यस क्षेत्रभित्र रहेका गोठिज्युला, चौथा र बुलबुले गरी तीनवटा स्थानीय बजार एवम् व्यापारिक केन्द्रहरूमा खाद्यान्न, खुद्रा, भाँडा, हार्डवेयरका सामग्री, कपडा, स्टेशनरी तथा मासु लगायतका वस्तुहरूको कारोबारका साथै वडा नं. ३ को कुडारी र त्रिवेणी गरी दुई स्थानहरूमा रहेका कृषि खुद्रा बजारहरूमा स्थानीय स्तरमा उत्पादित खाद्य, फलफूल तथा तरकारी (स्याउ, सिमी, फापर, कोदो, मार्सी धान, आलु) बिक्रीका लागि उपलब्ध रहेको देखिन्छ । यस्ता बजारका लागि जस्तापाता भएका पूर्वाधारहरूको निर्माण गरिएको पाइन्छ ।

यस गाउँपालिकाभित्र रहेका कुल सातवटा वित्तीय संस्थाहरूमध्ये एउटा 'क' वर्गको बैङ्क तथा छवटा सहकारी संस्थाहरू रहेका पाइन्छन् । यी संस्थाहरूले वार्षिक करिब २५ करोड ७९ लाख ८० हजार ४ सय बराबरको कारोबार गर्ने गरेको देखिन्छ ।

स्रोत : कनकासुन्दरी गाउँपालिका वस्तुस्थिति विवरण-२०७५

## २.७ जनसंख्याको गतिशीलता र बसाइ-सराइ

गाउँपालिका क्षेत्रमा रहेको कुल १४,७७२ जनसंख्यामध्ये ९५.५४ प्रतिशत अर्थात् १४,११३ जना गणना गरेकै स्थानमा आफ्नै घरमा बस्ने गरेको पाइएको छ । त्यसैगरी, स्वदेशमा अन्यत्र रहेका र विदेशमा बस्नेको जनसंख्या क्रमशः ६२९ र ३० रहेको छ ।

घरपरिवार सर्वेक्षणअनुसार वैवाहिक स्थितिलाई हेर्दा ३,९१४ जना अविवाहित, ३,२५७ जना कम उमेरका, ७,०५३ जना एकल विवाहित तथा ५४८ जना अन्य खालको वैवाहिक स्थितिमा रहेको देखिन्छ ।

गत वर्षको विवरणअनुसार गाउँपालिकामा कुल ६४९ जन्मदर्ता, १७६ मृत्युदर्ता, ३१३ विवाह दर्ता भएको देखिन्छ । यस्तैगरी बसाइ-सराइको सन्दर्भमा २० परिवार बसाइ-सराइ गरी आएका र ३८ परिवार बसाइ-सराइ गरी गएका पाइएका छन् ।

स्रोत : कनकासुन्दरी गाउँपालिका वस्तुस्थिति विवरण-२०७५

## २.८ भौतिक पूर्वाधार

यस गाउँपालिका क्षेत्रमा रहेको कर्णाली राजमार्ग भएर लामो तथा छोटो दूरीका सार्वजनिक यातायात सञ्चालन भएको देखिन्छ । यहाँको कुल सडक सञ्जालको लम्बाइ ६८५.५ किलोमिटर रहेको छ । यहाँ रहेका सडक-खण्डमध्ये सबैभन्दा लामो कर्णाली राजमार्गको खण्ड करिब ३१२ किलोमिटर रहेको छ भने यस सडकबाट लाभान्वित हुने जनसंख्या करिब ६,६५० रहेको छ । गाउँपालिकामा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्यगरी आठवटा वडामा जम्मा १६ वटा कच्ची सडक सञ्जाल निर्माण भई बस, जीप, ट्याक्टर लगायतका साधनहरू सञ्चालन भइरहेका छन् । यस क्षेत्रभित्रका विभिन्न वडा र बस्तीहरूमा रहेका सबै पैदल मार्गहरूको कुल योग ११३ किलोमिटर रहेको छ । यसबाट करिब १८,३०० जनसंख्या लाभान्वित हुने गरेको पाइएको छ । वडाका बस्तीहरू जोड्ने विभिन्न खोला-नालाहरूमा ट्रष्ट, झोलुङ्गे तथा काठे पुलहरू समेत निर्माण भएका छन् । यस गाउँपालिकामा रहेका अधिकतम् काठे पुलहरूको अवस्था जीर्ण रहेको देखिन्छ । गाउँपालिकामा प्रायःजसो सबै घरपरिवारमा दाउरालाई खाना पकाउने मुख्य इन्धनको रूपमा उपयोग गर्ने गरिएको छ भने बत्तीको लागि उपयोग गरिने इन्धनको रूपमा बिजुली, सोलार र अन्य रहेका छन्, जसमा कुल २,३६९ घरपरिवारमध्ये ९९.८७ प्रतिशत अर्थात् २,३६६ घरपरिवारमा दाउराको उपयोग हुने गरेको देखिन्छ । अन्य घरपरिवारमा एल.पी. ग्यास (१), विद्युत (१) र अन्य (१) इन्धनको रूपमा उपयोग हुँदै आएको छ । यस गाउँपालिकामा उपलब्ध सञ्चार क्षेत्रको सुविधा हेर्दा २६.१२ प्रतिशत घरपरिवारले रेडियो र ५३.११ प्रतिशत घरपरिवारले मोबाइल टेलिफोनजस्ता सुविधाको उपयोग गरेको देखिन्छ । गाउँपालिका क्षेत्रमा साना र ठूला सिँचाइ आयोजनाहरू सञ्चालनमा रहेका छन् । यस क्षेत्रको शैक्षिक स्तर वृद्धि गर्नका लागि स्थापना भएका सरकारी तथा निजी शैक्षिक संस्थाहरूको रूपमा रहेका कुल २८ वटा विद्यालयहरूमा छवटा पक्की भवन तथा ६६ वटा कच्ची भवन रहेको देखिन्छ । यस गाउँपालिका क्षेत्रभित्र कुल सातवटा स्वास्थ्य चौकी, पशु सेवा केन्द्र, कृषि, महिला विकास, आयुर्वेद तथा हुलाकजस्ता सरकारी कार्यालयहरूले सेवा प्रवाह गरिरहेका छन् । गाउँपालिका क्षेत्रमा धार्मिक स्थलका रूपमा सामुदायिक भवनको प्रयोग गरिएको छ ।
स्रोत : कनकासुन्दरी गाउँपालिका वस्तुस्थिति विवरण-२०७५

## २.९ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरू र 'खासस्व' योजनाको सम्बन्ध

कनकासुन्दरी गाउँपालिकाबाट विगतमा तयार गरिएको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्ययोजना (२०७५-२०७६) तथा विद्यालय क्षेत्र विकास योजनालाई समेत यो 'खासस्व' योजनामा समावेश गरी खानेपानी तथा सरसफाइको अवस्थामा स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ ।

## २.१० 'खासस्व' क्षेत्रमा कार्यरत विकासका साझेदारहरू

यस गाउँपालिकामा रहेका सरकारी निकायहरू खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय र विभिन्न वडाहरूबाट खानेपानी तथा सरसफाइका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । जिल्ला स्वास्थ्य कार्यालयबाट स्वास्थ्य तथा सरसफाइसम्बन्धी जनचेतनामूलक क्रियाकलाप लगायत संस्थागत स्तरमा भौतिक सुविधा निर्माण हुँदै आएको छ । त्यसैगरी नेपाल रेडक्रस सोसाइटी, हिमाली ग्रामीण युवा सामाजिक विकास केन्द्र, क्याड नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, किर्डाक नेपाल, प्लान इन्टरनेसनल नेपाल तथा अन्य सरोकारवाला निकायहरू खानेपानी सरसफाइ र खानेपानी सुरक्षा योजना कार्यान्वयनका लागि क्रियाशील रहेका छन् । त्यसैगरी विकास साझेदार निकाय युनिसेफ नेपाल लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी निकायहरूले यस क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएका छन् ।

**तालिका नं. ५ : 'वास' क्षेत्रमा कार्यरत विकासका साझेदारहरू**

| सरकारी कार्यालयहरू | गैरसरकारी कार्यालय तथा विकास साझेदारहरू |
|---|---|
| • गाउँपालिका, वडा कार्यालयहरू<br>• शिक्षा समन्वय इकाई र विद्यालयहरू<br>• स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरू<br>• खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय | • युनिसेफ नेपाल, हिमाली ग्रामीण युवा सामाजिक विकास केन्द्र, क्याड नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, प्लान इन्टरनेसनल नेपाल, किर्डाक नेपाल, नेपाल रेडक्रस सोसाइटी<br>• सहकारी संस्था, खानेपानी उपभोक्ता समूह, सामुदायिक वन समूह<br>• विभिन्न क्लबहरू एवम् महिला तथा आमा समूहहरू |

स्रोत : समूह छलफल-२०७६

# अध्याय ३

# खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

## ३.१ कनकासुन्दरी गाउँपालिकाको खानेपानीको अवस्था

### ३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक स्रोतहरू, सेवा प्राप्त गर्ने घरधुरी र जनसंख्या

कनकासुन्दरी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माणका लागि तथ्याङ्क संकलनको क्रममा गरिएको नमूना घरधुरी सर्वेक्षणमा गाउँपालिकाका आठवटै वडाका कुल २७४ घरपरिवारको सर्वेक्षण गर्दा ९५.६२ प्रतिशत घरपरिवारहरूले पाइप प्रणालीबाट र ४.३८ प्रतिशत घरपरिवारहरूले अन्य खानेपानीको स्रोतबाट पानी प्रयोग गर्ने गरेको पाइएको छ । यसैगरी वडागत रूपमा हेर्ने हो भने वडा नं. १,२,४,७ का शतप्रतिशत घरधुरीले पाइप प्रणालीबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ भने वडा नं. ३,५,६,८ का घरधुरीहरूले अन्य स्रोतबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ । यसको विस्तृत विवरण तलको तालिकाअनुसार रहेको छ ।




*श्रोत : NWASH द्वारा नमुना घरधुरी सर्वेक्षण २०७६*

### ३.१.२ खानेपानीको पर्याप्तता

कनकासुन्दरी गाउँपालिकाका आठवटै वडाको नमूना घरपरिवार सर्वेक्षणमा पानीको पर्याप्तताको सर्वेक्षण गर्दा सबै कामका लागि पानी पुग्छ भन्ने घरपरिवार
१२.४१ प्रतिशत, पिउन, भान्सामा प्रयोग गर्न तथा सरसफाइ गर्न पुग्छ भन्ने २६.६४ प्रतिशत घरपरिवार, पिउन र भान्साको कामका लागि मात्र पुग्छ भन्ने परिवार २०.०७ प्रतिशत, पिउन मात्र पुग्छ भन्ने घरपरिवार ४०.५१ प्रतिशत र पानी नपुग्ने ०.३६ प्रतिशत परिवार देखिन्छन् ।




### ३.१.३ गाउँपालिकामा सुरक्षित खानेपानीको स्तर

नेपाल खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना (२०७४-२०८७) का आधारमा खानेपानी सेवाको स्तर वर्गीकरण गर्दा 'एन-वास' घरधुरी सर्वेक्षण-२०७६ र सुरक्षित व्यवस्थित खानेपानी सेवाको तथ्याङ्कलाई आधार मानी गाउँपालिकाको वस्तुगत विवरणअनुसार सामान्यीकरण गरिएको छ । सामान्यीकरण गरिएको तथ्याङ्का आधारमा ८.२९ प्रतिशत घरपरिवारले सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी प्राप्त गरेको, ८६.८१ प्रतिशत घरपरिवारले आधारभूत खानेपानी सेवा प्राप्त गरेको, २.८० प्रतिशत घरपरिवारले सीमित खानेपानी सेवा प्राप्त गरेको र २.१० प्रतिशत घरपरिवारले सेवा नै प्राप्त नगरेको देखिन्छ । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६ : खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन |
|---|---|---|---|---|
| प्रतिशत | ८.२९ | ८६.८१ | २.८० | २.१० |
| घरपरिवार | १९६ | २०५६ | ६६ | ५० |
| जनसंख्या | १२१५ | १२८१४ | ४२५ | ३१८ |

स्रोत : 'एन-वास' घरधुरी सर्वेक्षण-२०७६

खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रगत विकास योजनाअनुरूप खानेपानी सेवाको स्तरलाई निम्नबमोजिम वर्गीकरण गरेको पाइन्छ। जसलाई तलको तालिकामा स्पष्ट रूपमा उल्लेख गरिएको छ।

**खानेपानी सेवाको परिभाषा तथा सूचकहरू**

**सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed):** आधारभूत खानेपानीको स्रोत जुन घर परिसरभित्र जतिबेला पनि उपलब्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदूषणबाट (जस्तैः आर्सेनिकबाट) मुक्त छ।

**आधारभूत खानेपानी सेवा (Basic Service):** सुधारिएको खानेपानीको स्रोत रहेको वा पानी संकलन समय ३० मिनेटभन्दा कम लाग्ने।

**सीमित खानेपानी सेवा (Limited Service):** खानेपानीका असुरक्षित स्रोत रहेका र पानी संकलन समय ३० मिनेटभन्दा बढी लाग्ने।

**असुरक्षित खानेपानी सेवा (Unsafe Service/ No Service):** सतही पानीको स्रोत मात्र भएका।

स्रोतः Joint Monitoring Program

**तालिका नं. ७ : खानेपानी सेवाको स्तरको वर्गीकरण**

| *परिमितिहरू* | | *सेवाको स्तर* | | | |
|---|---|---|---|---|---|
| | | *निम्न* | *आधारभूत* | *मध्यम* | *उच्च* |
| *आवश्यकता* | *परिमाण (एल पि सि डी)* | *२५- ४५* | *४५-६५* | *६५-१००* | *१००-१५०* |
| | *स्वच्छता* | *नभएको* | *सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव, कपडा धुन र नुहाउन अपुग* | *सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित, कपडा धुन र नुहाउन पनि सुनिश्चित* | *सबै स्वच्छताका आवश्यकताहरू पूरा हुने* |
| *गुणस्तर* | | *पिउन योग्य* | *राष्ट्रिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पूरा गर्छ* | *राष्ट्रिय गुणस्तर मानक पूरा गर्छ* | *राष्ट्रिय गुणस्तर मानक पूरा गर्छ* |
| *सुलभ पहुँच* | | *२५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको* | *२५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको* | *१००% उपभोक्ताले निजी धारा जडान गरेको* | *१००% उपभोक्ताले निजी धारा जडान गरेको* |
| *विश्वसनियता* | *वितरण अवधि घण्टा/दिन* | | *आठ घण्टा (अधिक माग समयमा)* | *१२ घण्टा दिनको समयमा* | *२४ घण्टा* |

| | | | | | |
|---|---|---|---|---|---|
| *निरन्तरता* | | | *एक महिनामा एक पटकसम्म सेवा अवरुद्ध* | *तीन महिनामा एक पटकसम्म सेवा अवरुद्ध* | *१२ महिनामा एक पटकसम्म सेवा अवरुद्ध* |
| *लचकता* | | | *अवरुद्ध सेवा दुई दिनभित्र सुचारू हुने* | *अवरुद्ध सेवा एक दिनभित्र सुचारू हुने* | *अवरुद्ध सेवा एक दिनभित्र सुचारू हुने* |
| *अधिक माग धान्ने क्षमता* | | | | *अचानक १०% अधिक माग धान्ने* | *अचानक १०% अधिक माग धान्ने* |
| *सेवा सन्तुष्टि स्तर* | | *नगरेको* | *नगरेको* | *७५%* | *९०%* |

## ३.१.४ खानेपानी आयोजनाका प्रकार र नियमितताको अवस्था

कनकासुन्दरी गाउँपालिकामा हाल अस्तित्वमा रहेका ५३ वटा खानेपानी आयोजनाहरूमध्ये सम्पूर्ण आयोजनाहरूमा ग्राभिटी सिस्टम रहेको र उक्त आयोजनाहरूको स्रोतमा ५३ वटै खानेपानी आयोजनाको स्रोत मूल रहेको देखिन्छ। सम्पूर्ण खानेपानी आयोजनाहरूमा पानी वर्षभरि नै प्रवाह भएको देखिन्छ । उपरोक्त ५३ आयोजनाहरूका ६१ वटा स्रोतमध्ये ३९ वटा खानेपानी आयोजनाको स्रोत संरक्षण गरेको र बाँकी आयोजनामा स्रोतको संरक्षण नगरेको देखिन्छ। खानेपानी आयोजनाको प्रकार र नियमितताको अवस्थालाई विस्तृत रूपमा तलको ग्राफमा उल्लेख गरिएको छ।




स्रोत : 'एन-वास' घरधुरी सर्वेक्षण-२०७६ र खानेपानी योजना सर्वेक्षण-२०७६

**तालिका नं. ८ : खानेपानी आयोजनाका प्रकार र नियमितताको विवरण**

| वडा नं. | हाल सञ्चालनमा रहेका खा.पा. योजना संख्या | आयोजनाको प्रकार | | | | स्रोतको प्रकार | | | पानीको बहावको नियमितता | | | स्रोत संरक्षणको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्राभिटी | विद्युतीय लिफ्टिङ | सौर्य लिफ्टिङ | कुवा | मूल | खोला | नदी | वर्षभरि | ११-१२ महिना | ११ महिना भन्दा कम | सबै किसिमले संरक्षित | जोखिममा |
| १ | ९ | ९ | ० | ० | ० | ९ | ० | ० | ९ | ० | ० | ४ | ५ |
| २ | ४ | ४ | ० | ० | ० | ४ | ० | ० | ३ | ० | ० | १ | ३ |
| ३ | ५ | ५ | ० | ० | ० | ५ | ० | ० | ५ | ० | ० | ४ | १ |
| ४ | ८ | ८ | ० | ० | ० | ८ | ० | ० | ८ | ० | ० | ५ | ३ |
| ५ | ७ | ७ | ० | ० | ० | ९ | ० | ० | ९ | ० | ० | ४ | ५ |
| ६ | ७ | ७ | ० | ० | ० | १० | ० | १ | १० | ० | ० | ९ | १ |
| ७ | ७ | ७ | ० | ० | ० | १० | ० | ० | ९ | ० | ० | १० | ० |
| ८ | ६ | ६ | ० | ० | ० | ६ | ० | ० | ६ | ० | ० | २ | ४ |
| जम्मा | ५३ | ५३ | ० | ० | ० | ६१ | ० | १ | ५९ | ० | ० | ३९ | २२ |

स्रोत : 'एन-वास' घरधुरी सर्वेक्षण-२०७६ र खानेपानी योजना सर्वेक्षण-२०७६

## ३.१.५ वडागत रूपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरी

कनकासुन्दरी गाउँपालिकामा हाल अस्तित्वमा रहेका तथा सञ्चालनमा भएका ५३ वटा खानेपानी आयोजनाहरूमध्ये सबैभन्दा बढी नौवटा खानेपानी आयोजनाहरू वडा नं. १ मा र ४ वटा आयोजना वडा नं. २ मा रहेको पाइन्छ । त्यसैगरी निजी धाराको पानी प्रयोग गर्ने घरधुरी १९६ र सार्वजनिक धाराको पानी प्रयोग गर्ने घरधुरी २,५७७ रहेका छन् । यस गाउँपालिकामा तीनवटा खा.पा. आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेका र योजना सम्पन्नपश्चात् ५०२ घरधुरी लाभान्वित हुने देखिन्छन् । हालसम्म ५० घरधुरीमा चाहिँ खानेपानीको पहुँच पुग्न सकेको छैन । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।



**तालिका नं. ९ : वडागत रूपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण**

| वडा नं. | जम्मा घरधुरी | खानेपानी आयोजनाको संख्या | लाभान्वित घरधुरीको संख्या | | | | निर्माणाधीन खानेपानी आयोजनाको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | निजी धाराको पानी प्रयोग गर्ने घरधुरी | सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी | संस्थागत धारा प्रयोग संख्या | जम्मा घरधुरी | खानेपानी आयोजनाको संख्या | लाभान्वित घरधुरीको संख्या | |
| १ | २३१ | ९ | ४ | २२७ | ० | २३१ | ० | ० | |
| २ | ३०९ | ४ | ५८ | २४६ | १ | ३०५ | ० | ० | |
| ३ | ३०९ | ५ | ३ | ३०६ | ० | ३०९ | ० | ० | |
| ४ | ३७७ | ८ | १४ | ३६३ | ० | ३७७ | ० | ० | |
| ५ | ३११ | ७ | १ | ३१० | ० | ३११ | ० | ० | |
| ६ | ३९८ | ७ | ० | ३९८ | ० | ३९८ | २ | ३९८ | |
| ७ | ४७९ | ७ | ११६ | ३६२ | ० | ४७८ | ० | ० | |
| ८ | ३६५ | ६ | ० | ३६५ | ० | ३६५ | १ | १०४ | |
| **जम्मा** | २७७९ | ५३ | १९६ | २५७७ | १ | २७७४ | १ | ५०२ | |

स्रोत : NWASH ,घरधुरी सर्वेक्षण २०७६ र खानेपानी योजना सर्वेक्षण २०७६

## ३.१.६ योजनाको आयुको आधारमा खानेपानी आयोजनाको संख्या

गाउँ क्षेत्रमा विगतदेखि हालसम्म निर्माण भएका ६५ वटा खानेपानी आयोजनामध्ये ५० वटा खानेपानी आयोजनामात्र हालसम्म सञ्चालनमा आएका, तीनवटा निर्माणधीन रहेका र बाँकी १५ वटा खानेपानी आयोजनाहरू अस्तित्वमा नै नरहेका देखिन्छन् । १८ वटा आयोजना ० देखि ५ वर्षसम्म, पाँचवटा आयोजनाहरू ६ देखि १० वर्षसम्म, नौवटा आयोजनाहरू ११ देखि १५ वर्षसम्म, सातवटा आयोजनाहरू १६ देखि २० वर्षसम्म र १४ वटा आयोजनाहरू २० वर्षभन्दा माथि दिगो रूपमा सञ्चालन हुँदै आइरहेका छन् । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १०: योजनाको आयुको आधारमा वडागत रूपमा खानेपानी आयोजनाको संख्या र लाभान्वित घरधुरीको विवरण**

| वडा नं. | खानेपानी आयोजनाको कुल संख्या | कुल लाभान्वित घरधुरी | ०-५ वर्ष | | ६-१० वर्ष | | ११-१५ वर्ष | | १६-२० वर्ष | | २० वर्षभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी | आयोजनाको संख्या | लाभान्वित घरधुरी |
| १ | ९ | २३१ | 4 | ८९ | ० | ० | ३ | ९१ | १ | १३ | १ | ३८ |
| २ | ४ | ३०९ | 1 | ६० | ० | ० | ० | ० | ३ | २४९ | ० | ० |
| ३ | ५ | ३०९ | 0 | ० | २ | १८४ | १ | १३ | ० | ० | २ | ११२ |
| ४ | ८ | ३७७ | 2 | ८३ | १ | १४९ | २ | ५९ | ० | ० | ३ | ८६ |
| ५ | ७ | ३११ | 2 | ६४ | १ | ४० | १ | १५ | ० | ० | ३ | १९२ |
| ६ | ७ | ३९८ | 4 | १६४ | ० | ० | १ | ९८ | ० | ० | २ | १३६ |
| ७ | ७ | ४७९ | 3 | २१३ | १ | ४० | ० | ० | ० | ० | ३ | २२६ |
| ८ | ६ | ३६५ | 2 | ६६ | ० | ० | १ | ३७ | ३ | २६२ | ० | ० |
| **जम्मा** | ५३ | २७७९ | १८ | ७३९ | ५ | ४१३ | ९ | ३१३ | ७ | ५२४ | १४ | ७९० |

## ३.१.७ मौजुदा खानेपानी प्रणालीहरूको कार्यक्षमता तथा सुचारूपना (Functionality status)




कनकासुन्दरी गाउँपालिकाभरि सञ्चालन तथा निर्माणधीन रहेका ५० वटा खानेपानी योजनाहरूको सूचारूपनाको अवस्थाको आकलन 'एन-वास एप्स'बाट प्राप्त तथ्याङ्क विश्लेषणका आधारमा गरिएको छ । तालिकामा दिइएको सुचारूपनाको अवस्था हेर्दा यस पालिकामा दुईवटा आयोजना बाहेक कुनै पनि खानेपानी आयोजना राम्रोसँग सञ्चालन भएका छैनन् भने १७ वटा खानेपानी आयोजना सामान्य मर्मत गर्नुपर्ने, दुईवटा खानेपानी योजना बृहत् मर्मत तथा तीनवटा खानेपानी आयोजना पुनर्निर्माण गर्नुपर्ने अवस्थामा रहेका छन् ।

## ३.१.८ खानेपानी आयोजनाहरूको 'इन्टेक' लगायत अन्य भौतिक संरचनाको अवस्था

कुल ५३ वटा खानेपानी आयोजनामध्ये सञ्चालनमा रहेका ५० वटा योजनाका ५७ वटा र निर्माणाधीन तीनवटा योजनाका चारवटा गरी जम्मा ६१ वटा 'इन्टेक' निर्माण भएको देखिन्छ। निर्माण भएका 'इन्टेक' मध्ये १५ वटा राम्रो अवस्थामा रहेका, नौवटा 'इन्टेक' सामान्य मर्मत-सुधार गर्नुपर्ने, ३३ वटा 'इन्टेक'को बृहत् मर्मत-सुधार गर्नुपर्ने र बाँकी दुईवटा 'इन्टेक'मा पुनर्निर्माणको आवश्यकता छ । यसैगरी ५१ वटा खानेपानी आयोजनाका ५५ वटा 'आर.भी.टी.' निर्माण भएकोमा २६ वटा 'आर.भी.टी.' राम्रो अवस्थामा रहेका, १० वटा 'आर.भी.टी.' सामान्य मर्मत-सुधार गर्नुपर्ने र १९ वटा 'आर.भी.टी.'मा बृहत् मर्मत-सुधारको आवश्यकता रहेको देखिन्छ । यसैगरी पाइप लाइनलाई पनि मर्मत-सम्भार गर्नुपर्ने आवश्यकता देखिन्छ । ५० वटा सञ्चालित खानेपानी आयोजनामा कुल ४७५ वटा धारा निर्माण भई हाल ५१ वटा धारा राम्रोसँग सञ्चालनमा रहेका, ८० वटा धारामा सामान्य मर्मत-सुधार गर्नुपर्ने एवम् २९४ वटा धारामा बृहत् मर्मत-सुधारको आवश्यकता छ भने ४२ वटा धाराको पुनर्निर्माण गर्नुपर्ने आवश्यकता छ । यससम्बन्धी वडास्तरीय विस्तृत विवरण अनुसूची २ मा राखिएको छ ।

**तालिका नं. ११ : खानेपानी आयोजनाहरूको 'इन्टेक' लगायत अन्य भौतिक संरचनाको अवस्थाको विवरण**

| विवरण | इकाई | संख्या | राम्रोसँग सञ्चालित | सामान्य मर्मत-सुधारको आवश्यकता | बृहत् मर्मत-सुधारको आवश्यकता | पुनर्निर्माणको आवश्यकता |
|---|---|---|---|---|---|---|
| 'इन्टेक'को अवस्था | वटा | ६१ | १५ | ९ | ३३ | २ |
| 'आर.भी.टी.'को अवस्था | वटा | ५५ | २६ | १० | १० | ० |
| पाइप लाइनको अवस्था | कि.मि. | ८१७ | ४७७ | २९ | २६० | ६७ |
| धाराको अवस्था | वटा | ४७५ | ५१ | ८० | २९४ | ४२ |

स्रोत: 'एन-वास' खा.पा.आ. सर्वेक्षण-२०७६

### ३.१.९ खानेपानी आयोजनाहरूको सञ्चालन तथा मर्मत-सम्भारको अवस्था

कुल ५३ वटा खा.पा. आयोजनामध्ये पाँचवटा खा.पा. आयोजनामा मात्र सक्रिय उपभोक्ता समिति भएका, ४७ वटा आयोजना जलस्रोत समितिमा दर्ता भएका, १६ वटा आयोजनामा मर्मत-सम्भार कार्यकर्ता भएको, १२ वटा आयोजनामा मर्मत-सम्भार औजारको व्यवस्था भएको तर कुनै पनि आयोजनामा पानी महसुलको व्यवस्था एवम् मर्मत-सम्भार कोषको व्यवस्था भएको भने देखिएको छैन ।

चित्र नं. ३.५ : खानेपानी आयोजनाहरूको सञ्चालन तथा मर्मत-सम्भारको अवस्था




### ३.१.१० खानेपानी प्रणालीहरूको दिगोपना (Sustainability status)

कनकासुन्दरी गाउँपालिका भित्रका ५३ वटा खानेपानी आयोजनाहरूको संस्थागत दिगोपना अध्ययन गरिएको थियो । जम्मा १४ वटा खानेपानी आयोजनाहरू कम जोखिम वा जोखिममा छैनन् । तीनवटा खानेपानी आयोजनाहरू केही जोखिममा छन् भने ३६ वटा खानेपानी आयोजनाहरू बढी जोखिममा रहेका छन् ।

**प्राप्ताङ्कका आधारमा योजनाहरूको दिगोपनाको वर्गीकरण**

- ७० भन्दा बढी: कम जोखिम वा जोखिममा छैनन्
- ६० देखि ७०: केही जोखिममा छन्
- ६० भन्दा कम: बढी जोखिममा छन्

**तलिका नं. १२ : खानेपानी आयोजनाहरूको दिगोपनाको अवस्था**

| वडा नं. | खा.पा.आ.हरूको कुल संख्या | सूचारूपनामा जोखिम नभएका/कम जोखिम भएका आयोजनाहरूको संख्या (अङ्क ७० भन्दा बढी ) | केही जोखिम भएका आयोजनाहरूको संख्या (अङ्क ६०-७०) | उच्चजोखिम भएका आयोजनाहरूको संख्या (अङ्क ६० भन्दा कम) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९ | ० | ० | ९ | |
| २ | ४ | ० | ० | ४ | |
| ३ | ५ | ४ | १ | ० | |
| ४ | ८ | ० | १ | ७ | |
| ५ | ७ | ६ | ० | १ | |
| ६ | ७ | ० | ० | ७ | |
| ७ | ७ | ० | १ | ६ | |
| ८ | ६ | ४ | ० | २ | |
| जम्मा | ५३ | १४ | ३ | ३६ | |

स्रोत : 'एन-वास', खा.पा.आ. सर्वेक्षण-२०७६

## ३.१.११ निर्माणाधीन खानेपानी प्रणालीहरू

कनकासुन्दरी गाउँपालिकामा खानेपानी, सरसफाइ तथा ऊर्जा विकास कार्यालय एवम् गाउँपालिका तथा अन्य निकायहरूबाट निर्माण गरिने तीनवटा खानेपानी तथा सरसफाइ योजनाहरू निर्माणाधीन रहेका छन् । उक्त योजनाहरूको उपभोक्ता समित दर्ता भएका, सिभिल कार्य सम्पन भएका र 'इन्टेक' तथा 'रिजर्भ्वायर ट्याङ्क' निर्माणाधीन रहेका योजनामा बाँकी अन्य संरचनाहरू क्रमागत रूपमा निर्माण हुने बताइएको छ ।

**तालिका नं. १३ : निर्माणाधीन खानेपानी प्रणालीहरूको विवरण**

| क्र. सं. | खानेपानी योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं. | लाभान्वित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | घर | पुरुष | महिला | जम्मा |
| १ | ड्याम पछाइ गाउँ खा.पा. | समदाय तथा विद्यालय | ग्राभिटी पाइप प्रणाली | ६ | २८० | ७२१ | ६९१ | १४१२ |
| २ | बासमती तल्लो खोला खा.पा. | समदाय तथा विद्यालय | ,, ,, | ६ | ३५ | ९३ | ८६ | १७९ |
| ३ | लुम भिगेडे खा.पा. | समदाय तथा विद्यालय | ,, ,, | ८ | १०४ | २७४ | ३५१ | ५२५ |
| | जम्मा | | | | ४१९ | १०८८ | १०२८ | २११६ |

**स्रोत : 'एन-वास', खा.पा.आ. सर्वेक्षण-२०७६**

## ३.१.१२ खानेपानीको गुणस्तर

कनकासुन्दरी गाउँपालिकाका आठवटै वडामा नमूना सर्वेक्षणको क्रममा खानेपानी पिउन योग्य छ छैन भनी गरिएको सर्वेक्षणमा ५७.६६ प्रतिशत घरपरिवारले पिउन योग्य छ र ३१.३९ प्रतिशत परिवारले पिउन योग्य छैन भने । १०.९५ प्रतिशत परिवारले चाहिँ थाहा छैन भन्ने जवाफ दिए । तर, खानेपानी पिउनुभन्दा पहिले शुद्धीकरण गरिन्छ कि गरिँदैन भनेर गरिएको धारणा सर्वेक्षणमा १२.०४ प्रतिशत घरपरिवारले मात्र सधैँ पानी शुद्धीकरण गरी प्रयोग गर्ने गरेका, ५७.०३ प्रतिशत घरपरिवारले पानी कहिलेकाहीँ मात्र शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको र ३०.६६ प्रतिशत परिवारले सिधै शुद्धीकरण नगरी प्रयोग गर्ने गरेको पाइएको छ ।

**चित्र नं. ३.६ : खानेपानी पिउन योग्य छ छैन भन्ने र पानीको शुद्धीकरण गर्ने घरपरिवार**



### ३.१.१३ हालसम्म खानेपानी पहुँच नपुगेका बस्तीहरूको विवरण

कनकासुन्दरी गाउँपालिकाका आठवटा वडामा कुल ५१ वटा बस्ती रहेका र ती बस्तीमध्ये ५० वटामा पाइप प्रणालीद्वारा खानेपानीको पहुँच पुगेको देखिन्छ भने बाँकी एउटा बस्तीका ५० घरधुरीमा हालसम्म खानेपानीको पहुँच पुग्न सकेको छैन, जसमा ५० वटै दलित घरधुरी रहेका छन् । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।




### ३.१.१४ हालसम्म खानेपानी पहुँच नपुगेका वस्तीहरुको अवस्था

**तालिका नं. १४ : खानेपानीको पहुँच नपुगेका बस्ती र घरधुरीको विवरण**

| क्र.सं. | बस्तीको नाम | जम्मा घरधुरीहरू | दलित घरधुरी | जनजाति घरधुरी | ब्राह्मण /क्षेत्री घरधुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लाहर्ज | ५० | ५० | ० | ० | बस्तीमा रहेका ६२ दलित तथा आठवटा ब्राह्मण/क्षेत्री घरपरिवारमध्ये २० घरमा पँहुच रहेको |
| | जम्मा | ५० | ५० | ० | ० | |

स्रोत : खा.पा.आ. नमूना सर्वेक्षण-२०७६

## ३.२ शैक्षिक संस्थाहरूको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था



### ३.२.१ विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारी

कनकासुन्दरी गाउँपालिकाअन्तर्गत २६ वटा सामुदायिक र दुईवटा संस्थागत गरी जम्मा २८ वटा विद्यालयहरू सञ्चालनमा छन् । एउटा बाल शिक्षा, २० वटा आधारभूत तहका विद्यालय र सातवटा माध्यमिक तहका विद्यालयमा कुल ५,०३७ विद्यार्थीहरू अध्ययनरत छन् भने २०४ जना शिक्षक-शिक्षिकाहरूले अध्यापन गर्दै आइरहेका छन् । यी सम्पूर्ण विद्यालयहरूमा खानेपानी तथा सरसफाइको पर्याप्त सुविधा पुग्न सकेको छैन । विस्तृत विवरण अनुसूची-५ मा राखिएको छ ।

**तालिका नं. १५ : विद्यालयको विवरण**

| वडा नं. | विद्यालयको विवरण | | | तह | | | | विद्यार्थी संख्या | | | शिक्षक तथा कर्मचारी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | बाल शिक्षा मात्र | आधारभूत तह ( कक्षा ८ सम्म) | मा.वि. तह | क्याम्पस/कलेज | छात्रा | छात्र | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ७ | ० | ७ | १ | ५ | १ | ० | ७ | २११ | १८० | ३९१ | २४ | ७ |
| २ | ३ | ० | ३ | ० | २ | १ | ० | ३ | ३५८ | २६२ | ६२० | १७ | ९ |
| ३ | ४ | ० | ४ | ० | २ | २ | ० | ४ | ४६८ | ३६५ | ८३३ | २७ | ५ |
| ४ | ४ | ० | ४ | ० | ४ | ० | ० | ४ | ३९६ | २३१ | ६२७ | १७ | ८ |
| ५ | ३ | १ | ४ | ० | ३ | १ | ० | ४ | ५३० | ४१७ | ९४७ | २५ | १० |
| ६ | १ | १ | २ | ० | २ | ० | ० | २ | २२५ | १९२ | ४१७ | १३ | ४ |
| ७ | ३ | ० | ३ | ० | २ | १ | ० | ३ | ४६४ | ३५५ | ८१९ | १४ | १० |
| ८ | १ | ० | १ | ० | ० | १ | ० | १ | २१० | १७३ | ३८३ | १० | ४ |
| **जम्मा** | २६ | २ | २८ | १ | २० | ७ | ० | २८ | २८६२ | २१७५ | ५०३७ | १४७ | ५७ |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

### ३.२.२ विद्यालयहरूको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धति)

गाउँपालिका क्षेत्रका २८ वटा विद्यालयमध्ये तारा पद्धति अनुरूप मुल्याङ्कन गर्दा हालसम्म दुईवटा विद्यालयले एक तारा प्राप्त गरेको र अन्य कुनै पनि विद्यालयले तारा प्राप्त गर्न नसकेको देखिन्छ । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**चित्र नं. ३.६ विद्यालयको तारा पद्धति**



**१६ : विद्यालयहरूको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धति) को विवरण**

| वडा नं. | विद्यालयको विवरण | | | तारा स्तर | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | १ तारा | २ तारा | ३ तारा | कुनै तारा नभएका | जम्मा |
| १ | ७ | ० | ७ | ० | ० | ० | ७ | ७ |
| २ | ३ | ० | ३ | १ | ० | ० | २ | ३ |
| ३ | ४ | ० | ४ | ० | ० | ० | ४ | ४ |
| ४ | ४ | ० | ४ | ० | ० | ० | ४ | ४ |
| ५ | ३ | १ | ४ | १ | ० | ० | ३ | ४ |
| ६ | १ | १ | २ | ० | ० | ० | २ | २ |
| ७ | ३ | ० | ३ | ० | ० | ० | ३ | ३ |
| ८ | १ | ० | १ | ० | ० | ० | १ | १ |
| जम्मा | २६ | २ | २८ | २ | ० | ० | २६ | २८ |
| प्रतिशत | ९२.८६% | ७.१४% | १००% | ७.१४% | ०.००% | ०.००% | ९२.८६% | १००% |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

### ३.२.३ विद्यालयमा खानेपानीको अवस्था

शैक्षिक संस्थाको हकमा कुल २८ वटा विद्यालयहरूमध्ये जम्मा १३ वटा अर्थात् ४६.४३ प्रतिशत विद्यालयमा मात्र खानेपानी सुविधा रहेको देखिन्छ । त्यस्तै नौवटा अर्थात् ३२.१४ प्रतिशत विद्यालयको खानेपानीको सुरक्षित स्रोत भएको, १० वटा अर्थात् ५३.७१ प्रतिशत विद्यालयमा खानेपानी भण्डार सुविधा भएको, दुईवटा अर्थात् ७.१४ प्रतिशत विद्यालयमा खानेपानी शुद्धीकरण गरी प्रयोग गर्ने गरेको, पाँचवटा अर्थात् १७.८६ प्रतिशत विद्यालयले नियमित रूपमा पानीको गुणस्तर परीक्षण गर्ने गरेको र चारवटा अर्थात् १४.२९ प्रतिशत विद्यालयको पानीको गुणस्तर परीक्षणमा पिउन योग्य अर्थात् सुरक्षित भएको देखिन्छ। अन्य विस्तृत तथ्याङ्क अनुसूची-५ मा हेर्न सकिन्छ।



**तलिका नं. १७ : विद्यालयहरूमा खानेपानी सेवा आपूर्ति अवस्था**

| वडा नं. | नियमित खानेपानी सुविधा भएका विद्यालय संख्या | खानेपानीको सुरक्षित स्रोत भएका विद्यालय | पानी भण्डारण सुविधा भएका विद्यालय | खानेपानीको शुद्धीकरण गरी प्रयोग गर्ने गरेका | खानेपानीको नियमित गुणस्तर परीक्षण गर्ने गरेका | गुणस्तरको नतिजाले पानी पिउन योग्य तथा सुरक्षित भएको |
|---|---|---|---|---|---|---|
| १ | १ | १ | ० | ० | ० | ० |
| २ | ३ | ० | २ | ० | १ | १ |
| ३ | २ | २ | १ | ० | ० | ० |
| ४ | १ | १ | १ | ० | ० | ० |
| ५ | ३ | २ | ३ | ० | ३ | २ |
| ६ | १ | ० | १ | १ | ० | ० |
| ७ | २ | २ | २ | १ | १ | १ |
| ८ | ० | १ | ० | ० | ० | ० |
| **जम्मा** | १३ | ९ | १० | २ | ५ | ४ |
| **प्रतिशत** | ४६.४३ | ३२.१४ | ३५.७१ | ७.१४ | १७.८६ | १४.२९ |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

### ३.२.४ विद्यालयहरूमा शौचालयको अवस्था

सामुदायिक र संस्थागत गरी कुल २८ वटा विद्यालयमध्ये २७ वटा विद्यालयमा शौचालयको सुविधा रहेको छ भने २२ वटा विद्यालयमा छात्राका लागि छुट्टै शौचालयको पनि व्यवस्था रहेको छ। चारवटा छात्रा र चारवटा छात्र शौचालय राष्ट्रिय मापदण्डअनुरूप नै रहेका देखिन्छन् । १७ वटा विद्यालयका शौचालय लैङ्गिकमैत्री, १५ वटा विद्यालयका शौचालय बालमैत्री, नौवटा विद्यालयका शौचालय अपाङ्गतामैत्री र दुईवटा मात्र विद्यालयका शौचालय वातावरणमैत्री रूपमा रहेका छन् । छवटा विद्यालयमा छात्रा युरीनल र छवटा विद्यालयमा छात्र युरीनलको व्यवस्था छ भने छात्राहरू महिनावारी भएको बेलामा स्यानीटरी प्याड व्यवस्थापन गर्ने 'इन्सीनेटर'को व्यवस्था तीनवटा विद्यालयहरूमा रहेको देखिन्छ । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

चित्र नं. ३.८ विद्यालयमा शौचालयको अवस्था




**तालिका नं. १८ : विद्यालयहरूमा शौचालयको अवस्थासम्बन्धी विस्तृत विवरण**

| वडा नं. | शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | छात्राका लागि छुट्टै शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | सुधारिएको शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | राष्ट्रिय मापदण्ड अनुसार शौचालय र विद्यार्थी अनुपात (१:४०) भएका | | शौचालय प्रयोगकर्ता मैत्री भएका | | | | युरीनल सुविधा भएका विद्यालय संख्या | | स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेटर भएका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | लैङ्गिक हिसाबले सुरक्षित भएका | बालमैत्री रहेका विद्यालय | अपाङ्गतामैत्री रहेका विद्यालय | वातावरण मैत्री रहेका विद्यालय | छात्रा | छात्र | |
| १ | ६ | ५ | ६ | २ | २ | ३ | ४ | १ | ० | १ | १ | ० |
| २ | ३ | ३ | ३ | १ | १ | ३ | २ | ३ | ० | २ | २ | १ |
| ३ | ४ | ४ | ४ | १ | १ | ३ | ३ | २ | १ | १ | ० | ० |
| ४ | ४ | २ | ४ | ० | ० | २ | १ | ० | ० | ० | १ | ० |
| ५ | ४ | २ | ४ | ० | ० | ३ | १ | १ | १ | ० | १ | ० |
| ६ | २ | २ | २ | ० | ० | १ | २ | १ | ० | ० | ० | ० |
| ७ | ३ | ३ | १ | ० | ० | १ | २ | १ | ० | १ | १ | १ |
| ८ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | १ | ० | १ |
| जम्मा | २७ | २२ | २५ | ४ | ४ | १७ | १५ | ९ | २ | ६ | ६ | ३ |
| प्रतिशत | ९६.४३ | ७८.५७ | ८९.२९ | १४.२९ | १४.२९ | ६०.७१ | ५३.५७ | ३२.१४ | ७.१४ | २१.४३ | २१.४३ | १०.७१ |

स्रोत : विद्यालय सर्वेक्षण,२०७६

### ३.२.५ महिनावारी स्वच्छता

यस गाउँपालिकामा रहेका २८ वटा विद्यालयमध्ये तीनवटा विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि प्रयोग भएका स्यानीटरी प्याडको सुरक्षित व्यवस्थापन गर्न 'इन्सीनेटर'को व्यवस्था गरिएको छ भने एउटा विद्यालयमा छात्राका लागि स्यानीटरी प्याडको व्यवस्था गरिएको छ । त्यस्तै, छात्राहरू महिनावारी भएको बेला आठवटा विद्यालयमा मात्र आउने गरेका र बाँकी छात्राहरू विद्यालय नआउने गरेको पाइएको छ । वडागत रूपमा विद्यालयको महिनावारी स्वच्छतासम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १९ : महिनावारी स्वच्छतासम्बन्धी विवरण**

| वडा नं. | जम्मा विद्यालय संख्या | स्यानीटरी प्याड व्यवस्थापन गर्ने 'इन्सीनेटर' भएको | स्यानीटरी प्याड व्यवस्था गरेका विद्यालय | छात्राहरूलाई पुनर्प्रयोग गर्न सकिने स्यानीटरी प्याड निर्माण तालिम प्रदान गरिएको | छात्राहरू सधैं र सबै विद्यालय आउने गरेका |
|---|---|---|---|---|---|
| १ | ७ | ० | ० | ० | १ |
| २ | ३ | १ | १ | ० | १ |
| ३ | ४ | ० | ० | ० | १ |
| ४ | ४ | ० | ० | ० | २ |
| ५ | ४ | ० | ० | ० | १ |
| ६ | २ | ० | ० | ० | ० |
| ७ | ३ | १ | ० | ० | २ |
| ८ | १ | १ | ० | ० | ० |
| **जम्मा** | २८ | ३ | १ | ० | ८ |
| **प्रतिशत** | १०० | १०.७१ | ३.५७ | ०.०० | २८.५७ |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

### ३.२.६ विद्यालयमा समूहगत हात धुने व्यवस्था

कनकासुन्दरी गाउँपालिका क्षेत्रभरि दुईवटा मात्र विद्यालयमा समूहगत हात धुने सुविधा भएको पाइन्छ भने दुईवटा विद्यालयमा मात्र साबुन-पानीको नियमित व्यवस्था गरिएको छ र दुईवटा विद्यालयमा मात्र राष्ट्रिय मापदण्डअनुसार ५० विद्यार्थीको अनुपातमा एक धाराको व्यवस्था भएको र १३ वटा विद्यालयमा फोहोर पानीको सुरक्षित निकास तथा व्यवस्थापन भएको पाइन्छ ।

**तालिका नं. २० : विद्यालयमा समूहगत हात धुने व्यवस्थासम्बन्धी विवरण**

| वडा नं. | जम्मा विद्यालय संख्या | समूहगत हात धुने सुविधा भएका तथा प्रयोगमा आएका | राष्ट्रिय मापदण्डअनुसार धारा र विद्यार्थी अनुपात (१:५०) भएका | समूहगत हात धुने स्थानमा साबुन र पानीको नियमित व्यवस्था भएका | फोहोर पानीको सुरक्षित निकास तथा व्यवस्थापन भएका |
|---|---|---|---|---|---|
| १ | ७ | ० | ० | ० | ३ |
| २ | ३ | १ | १ | १ | ३ |
| ३ | ४ | ० | ० | ० | ० |
| ४ | ४ | ० | १ | ० | ३ |
| ५ | ४ | १ | ० | १ | ४ |
| ६ | २ | ० | ० | ० | ० |
| ७ | ३ | ० | ० | ० | ० |
| ८ | १ | ० | ० | ० | ० |
| **जम्मा** | २८ | २ | २ | २ | १३ |
| **प्रतिशत** | १०० | ७.१४ | ७.१४ | ७.१४ | ४६.४३ |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

### ३.२.७ वातावरणीय सरसफाइ

विद्यालयको वातावरणीय सरसफाइको अवस्थालाई हेर्ने हो भने १८ वटा विद्यालयमा ठोस फोहोरलाई डस्टबिनमा संकलन गरी सुरक्षित विसर्जन गर्ने गरेको, १० वटा मात्र विद्यालयमा कुहिने र नकुहिने फोहोर अलग-अलग संकलन गरी सुरक्षित विसर्जन गर्ने गरेको, चारवटा विद्यालयमा फोहोरको पुनर्प्रयोग तथा पुनर्चक्रण पद्धति लागू गरिएको, सातवटा विद्यालयको परिसरमा फूल रोपी बगैंचा व्यवस्थापन गरिएको र नौवटा विद्यालयले खाली जमिनमा वृक्षरोपण, बगैंचा र करेसाबारी बनाएको पाइएको छ। अन्य विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २१ : वातावरणीय सरसफाइसम्बन्धी विवरण**

| वडा नं. | जम्मा विद्यालय संख्या | ठोस फोहोरलाई डस्टबिनमा संकलन गरी सुरक्षित विसर्जन गर्ने | कुहिने र नकुहिने फोहोर अलग-अलग संकलन गरी सुरक्षित विसर्जन गर्ने | फोहोरको पुनर्प्रयोग तथा पुनर्चक्रण पद्धति लागू गरिएका | विद्यालय क्षेत्र खुला दिसामुक्त रहेको | विद्यालय परिसरमा फूल रोपी बगैंचा व्यवस्थापन गरिएको | विद्यालयको खाली जमिनमा वृक्षरोपण, बगैंचा र करेसाबारी बनाइएको |
|---|---|---|---|---|---|---|---|
| १ | ७ | १ | १ | ० | ७ | १ | ४ |
| २ | ३ | २ | १ | १ | ३ | १ | २ |
| ३ | ४ | ४ | ० | ० | ४ | २ | ० |
| ४ | ४ | १ | ० | ० | ४ | ० | २ |
| ५ | ४ | ४ | ४ | २ | ४ | १ | ० |
| ६ | २ | २ | २ | ० | २ | ० | ० |
| ७ | ३ | ३ | १ | १ | ३ | १ | ० |
| ८ | १ | १ | १ | ० | १ | १ | १ |
| **जम्मा** | २८ | १८ | १० | ४ | २८ | ७ | ९ |
| **प्रतिशत** | १०० | ६४.२९ | ३५.७१ | १४.२९ | १०० | २५ | ३२.१४ |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

### ३.२.८ **व्यवस्थापन तथा संस्थागत अवस्था**

विद्यालयको व्यवस्थापन तथा संस्थागत अवस्थालाई विश्लेषण गर्दा ६०.७१ प्रतिशत विद्यालयमा बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको, ४६.४३ प्रतिशत विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना भएको, १७.८६ प्रतिशत विद्यालयमा नियमित मर्मत-सम्भारका लागि मर्मत-सम्भार कोषको व्यवस्था भएको, ३.५७ प्रतिशत विद्यालयमा आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको र २८.५७ प्रतिशत विद्यालयमा नियमित रूपमा तालिकाअनुसार शौचालय, पानी ट्याङ्की, फिल्टर र हात धुने ठाउँको सरसफाइ गर्ने गरिएको पाइएको छ ।

**तालिका नं. २२ : व्यवस्थापन तथा संस्थागत अवस्थासम्बन्धी विवरण**

| वडा नं. | जम्मा विद्यालय संख्या | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना भएको | नियमित मर्मत-सम्भारका लागि मर्मत-सम्भार कोषको व्यवस्था भएको | आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको | नियमित रूपमा तालिका अनुसार शौचालय, पानी ट्याङ्की, फिल्टर र हात धुने ठाउँको सरसफाइ गर्ने गरिएको |
|---|---|---|---|---|---|---|
| १ | ७ | २ | २ | ० | ० | १ |
| २ | ३ | ३ | २ | २ | १ | ३ |
| ३ | ४ | १ | १ | ० | ० | ० |
| ४ | ४ | २ | १ | १ | ० | १ |
| ५ | ४ | ३ | २ | १ | ० | १ |
| ६ | २ | २ | २ | १ | ० | ० |
| ७ | ३ | ३ | २ | ० | ० | २ |
| ८ | १ | १ | १ | ० | ० | ० |
| जम्मा | २८ | १७ | १३ | ५ | १ | ८ |
| प्रतिशत | १०० | ६०.७१ | ४६.४३ | १७.८६ | ३.५७ | २८.५७ |

स्रोत : विद्यालय सर्वेक्षण-२०७६

## ३.२.९ बाल विकास केन्द्र (कक्षा)मा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अवस्था

कनकासुन्दरी गाउँपालिकाअन्तर्गत कुल २४ वटा बाल विकास केन्द्र रहेका र जसमध्ये दुईवटा समुदायमा आधारित र २२ वटा विद्यालयमा आधारित बाल विकास केन्द्र रहेका छन् । समुदायमा आधारित बाल विकास केन्द्रमा सुरक्षित खानेपानी सेवा, शौचालय र समूहमा हात धुने सुविधा कुनै पनि नरहेको पाइन्छ भने विद्यालयमा आधारित बाल विकास केन्द्रमध्ये ११ वटामा सुरक्षित खानेपानी सेवा पुगेको, नौवटा विद्यालयमा मात्र छुट्टै शौचालयको सुविधा भएको र दुईवटा बाल विकास केन्द्रमा समूहमा हात धुने सुविधा रहेको छ । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २३ : बाल विकास केन्द्रको खानेपानी, सरसफाइ तथा स्वच्छता विवरण

| क्र.सं. | वडा नं. | समुदायमा आधारित बा.वि.के. | | | | विद्यालयमा आधारित बा.वि.के. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | सुरक्षित खानेपानी सेवा भएका | शौचालय भएका | समूहमा हात धुने सुविधा भएका | संख्या | सुरक्षित खानेपानी सेवा भएका | शौचालय भएका | समूहमा हात धुने सुविधा भएका |
| १ | १ | ० | ० | ० | ० | ४ | ० | २ | ० |
| २ | २ | १ | ० | ० | ० | २ | २ | २ | १ |
| ३ | ३ | १ | ० | ० | ० | ४ | २ | २ | ० |
| ४ | ४ | ० | ० | ० | ० | ४ | २ | १ | ० |
| ५ | ५ | ० | ० | ० | ० | ३ | २ | १ | १ |
| ६ | ६ | ० | ० | ० | ० | २ | १ | १ | ० |
| ७ | ७ | ० | ० | ० | ० | २ | १ | ० | ० |
| ८ | ८ | ० | ० | ० | ० | १ | १ | ० | ० |
| **जम्मा** | | २ | ० | ० | ० | २२ | ११ | ९ | २ |
| **प्रतिशत** | | १०० | ० | ० | ० | १०० | ५० | ४०.९१ | ९.०९ |

## ३.३. स्वास्थ्य संस्थाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था




### ३.३.१ स्वास्थ्य संस्थामा खानेपानीको अवस्था

गाउँपालिका क्षेत्रभित्र रहेका आठवटा स्वास्थ्य संस्थाहरूमध्ये तीनवटा स्वास्थ्य संस्थामा सुरक्षित स्रोतबाट नियमित खानेपानी सेवा उपलब्ध छ भने बाँकी स्वास्थ्य संस्थामा निश्चित समयमा मात्र पानीको उपलब्धता भएको देखिन्छ । यी तीनवटै स्वास्थ्य संस्थामा खानेपानी भण्डारणको सुविधा भएको, पानीको शुद्धीकरण गर्ने गरेको तथा खानेपानीको गुणस्तर परीक्षण गर्ने गरिएको देखिन्छ ।



तालिका नं. २४ : स्वास्थ्य संस्थामा खानेपानीको अवस्थाको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं. | नियमित खानेपानी सेवा उपलब्ध भएको | २४ सै घण्टा खानेपानीको उपलब्धता भएको | सुरक्षित स्रोतको खानेपानी सेवा उपलब्ध भएको | पिउनका लागि शुद्धीकरण गरिएको | खानेपानीको गुणस्तर परीक्षण गरिएको | अपाङ्गता भएका व्यक्तिहरूलाई खानेपानीको सुविधा भएको | खानेपानी भण्डार गर्ने सुविधा भएको | खानेपानीको नियमित सेवा नभए वैकल्पिक स्रोतको पहिचान भएको | अनुमानित दूरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलाका स्वास्थ्य चौकी, बुम्रमाडी चौर | हेल्थ पोष्ट | १ | १ | १ | १ | १ | १ | ० | १ | ० | |
| २ | मालिका बोता स्वास्थ्य चौकी | हेल्थ पोष्ट | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| ३ | माँझ बुढु स्वास्थ्य चौकी | हेल्थ पोष्ट | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | सामुदायिक स्वास्थ्य इकाई, लेकपर | हेल्थ पोष्ट | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | हाँड सिँजा स्वास्थ्य चौकी | हेल्थ पोष्ट | ४ | १ | १ | १ | १ | १ | १ | १ | ० | |
| ६ | सामुदायिक स्वास्थ्य इकाई, गोरुचौर | हेल्थ पोष्ट | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ७ | सामुदायिक स्वास्थ्य इकाई, रानीसैन | हेल्थ पोष्ट | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | स्वास्थ्य चौकी, पाण्डु गुफा | हेल्थ पोष्ट | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | जम्मा | | | ३ | ३ | ३ | ३ | ३ | २ | ३ | १ | |
| | प्रतिशत | | | ३७.५० | ३७.५० | ३७.५० | ३७.५० | ३७.५० | २५.०० | ३७.५० | १२.५० | |

स्रोत : स्वास्थ्य संस्थाको वास सर्वेक्षण-२०७६

### ३.३.२ स्वास्थ्य संस्थाको शौचालय र यसको सरसफाइको अवस्था

सबै आठवटै स्वास्थ्य संस्थामा गरेर २२ वटा सुधारिएका शौचालय भए पनि २० वटा शौचालय मात्र प्रयोगमा रहेका छन् । जसमध्ये दुईवटा स्वास्थ्य संस्थामा महिलाका लागि छुट्टै शौचालय र दुईवटा स्वास्थ्य संस्थामा हात धुने स्थानको व्यवस्था छ भने अन्य विशेष स्थानहरूमा यस्तो सुविधा नभएको देखिन्छ ।

चित्र नं : ३.१० स्वास्थ्य संस्थाको शौचालय र सरसफाइको अवस्था




तालिका नं. २५ : स्वास्थ्य संस्थामा शौचालय र सरसफाइको विवरण

| क्र. सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं. | सुधारिएको शौचालय | | | शौचालय छ भने | | | | युरिनलको व्यवस्था भएको | | शौचालय प्रयोगकर्ता मैत्री भएको | | | शौचालयमा ह्यान्ड वासिङ स्टेशन भएको | स्वास्थ्य संस्थाका अन्य विशेष स्थानहरूमा ह्यान्ड वासिङ स्टेशन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | जम्मा संख्या | प्रयोगमा रहेको संख्या | महिलाका लागि शौचालय | बिरामीका लागि छुट्टै शौचालय | स्टाफका लागि छुट्टै शौचालय | सर्वसाधारणका लागि छुट्टै शौचालय भएको | महिला | पुरुष | बालबालिका लागि | महिलाका लागि | अपाङ्गता भएकाका लागि | | |
| १ | इलाका स्वास्थ्य चौकी, बुम्रमाडी चौर | हेल्थ पोष्ट | १ | १ | २ | २ | १ | १ | १ | ० | ० | ० | १ | १ | १ | १ | १ |
| २ | मालिका वोता स्वास्थ्य चौकी | हेल्थ पोष्ट | १ | १ | ३ | ३ | ० | २ | १ | ० | ० | ० | १ | ० | ० | १ | ० |
| ३ | माँफ बुढु स्वास्थ्य चौकी | हेल्थ पोष्ट | २ | १ | २ | २ | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | १ |
| ४ | सामुदायिक स्वास्थ्य इकाई, लेकपर | हेल्थ पोष्ट | ४ | १ | २ | २ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ५ | हाँड सिँजा स्वास्थ्य चौकी | हेल्थ पोष्ट | ४ | १ | ८ | ६ | १ | ४ | ४ | ० | १ | १ | ० | १ | ० | ० | १ |
| ६ | सामुदायिक स्वास्थ्य इकाई, | हेल्थ पोष्ट | ६६ | १ | २ | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गोरुचौर | | | | | | | | | | | | | | | | |
| ७ | सामुदायिक स्वास्थ्य इकाई, रानीसैन | हेल्थ पोष्ट | ७ | १ | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० |
| ८ | स्वास्थ्य चौकी, पाण्डु गुफा | हेल्थ पोष्ट | ८ | १ | २ | २ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | जम्मा | | | ८ | २२ | २० | २ | १० | ९ | ३ | १ | १ | २ | २ | ३ | २ | ६ |
| | **प्रतिशत** | | | | | ९०.९१ | ९.०९ | ४५.४५ | ४०.९१ | १३.६४ | ४.५५ | ४.५५ | ९.०९ | ९.०९ | १३.६४ | ९.०९ | २७.२७ |

स्रोत : 'एन-वास' स्वास्थ्य संस्थाको वास सर्वेक्षण-२०७६

### ३.३.३ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन

आठवटा स्वास्थ्य संस्थामध्ये चारवटा स्वास्थ्य संस्थामा ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरूको लेवलिङ्ग सहित व्यवस्था गरी जैविक प्रक्रियाबाट ठोस फोहोरको सुरक्षित निर्मलीकरण गर्ने गरिएको छ भने आठवटै स्वास्थ्य संस्थाको पुनर्प्रयोग गर्न मिल्ने औजारहरूको निर्मलीकरण तथा स्थानीय प्रक्रियाबाटै 'अटोक्लेभ' (Autoclave with local process) गरिएको देखिन्छ । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

चित्र नं. ३.११ ठोस फोहोर संकलन तथा व्यवस्थापनका लागि बकेटको अवस्था




चित्र नं. ३.१२ निर्मलीकरण एवम् औजारको सफाइ



**तालिका नं. २६ : स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापनको विवरण**

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं. | स्वास्थ्य संस्थाको ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरूको लेवलिङ्ग सहित व्यवस्था गरिएको | ठोस फोहोरको सुरक्षित निर्मलीकरण गर्ने गरिएको | ठोस फोहोरको सुरक्षित रूपमा विसर्जन गर्ने गरेको | पुनर्प्रयोग गर्न मिल्ने औजारहरूको निर्मलीकरण तथा अटोक्लेभिङ गर्ने गरेको |
|---|---|---|---|---|---|---|---|
| १ | इलाका स्वास्थ्य चौकी, बुम्रमाडी चौर | हेल्थ पोष्ट | १ | छ | गरिन्छ | जैविक प्रकृयाबाट | Autoclave with local process |
| २ | मालिका वोता स्वास्थ्य चौकी | हेल्थ पोष्ट | १ | छैन | गरिँदैन | | Autoclave with local process |
| ३ | माँझ बुढु स्वास्थ्य चौकी | हेल्थ पोष्ट | २ | छैन | गरिँदैन | | Autoclave with local process |
| ४ | सामुदायिक स्वास्थ्य इकाई, लेकपर | हेल्थ पोष्ट | ४ | छ | गरिन्छ | जैविक प्रकृयाबाट | Autoclave with local process |
| ५ | हाँड सिँजा स्वास्थ्य चौकी | हेल्थ पोष्ट | ४ | छैन | गरिँदैन | | Autoclave with local process |
| ६ | सामुदायिक स्वास्थ्य इकाई, गोरु चौर | हेल्थ पोष्ट | ६ | छ | गरिन्छ | जैविक प्रकृयाबाट | Autoclave with local process |
| ७ | सामुदायिक स्वास्थ्य इकाई, रानीसैन | हेल्थ पोष्ट | ७ | छैन | गरिँदैन | | Autoclave with local process |
| ८ | स्वास्थ्य चौकी, पाण्डु गुफा | हेल्थ पोष्ट | ८ | छ | गरिन्छ | जैविक प्रकृयाबाट | Autoclave with local process |

स्रोत : 'एन-वास', स्वास्थ्य संस्थाको 'वास' सर्वेक्षण-२०७६

### ३.३.४ प्रसूति केन्द्रहरूमा खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था

कुल आठवटा स्वास्थ्य संस्थामध्ये चारवटा स्वास्थ्य संस्थामा प्रसूति केन्द्रको सुविधा भएको पाइन्छ । चारवटा प्रसूति केन्द्रमा सुधारिएको शौचालय सुविधा भएको, तीनवटा प्रसूति केन्द्रमा सुरक्षित खानेपानी सुविधा भएको, तीनवटामा हात धुने सुविधा भएको र चारवटै प्रसूति केन्द्रमा प्लेसान्टा पिटको व्यवस्था भएको पाइन्छ ।

चित्र नं. ३.१३ प्लेसान्टा पिटको अवस्था




**तालिका नं. २७ : प्रसूति केन्द्रहरूमा खानेपानी, सरसफाइ र स्वच्छता सुविधाको अवस्थाको विवरण**

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | मासिक औसत डेलिभरी संख्या | सुरक्षित खानेपानी सुविधा भएको | सुधारिएको शौचालय सुविधा भएको | हात धुने सुविधा भएको | प्लेसान्टा पिट भएको |
|---|---|---|---|---|---|---|
| १ | इलाका स्वास्थ्य चौकी, बुम्रमाडी चौर | ५ | १ | १ | १ | १ |
| २ | मालिका वोता स्वास्थ्य चौकी | २ | १ | १ | ० | १ |
| ३ | हाँड सिँजा स्वास्थ्य चौकी | ४ | १ | १ | १ | १ |
| ४ | स्वास्थ्य चौकी, पाण्डु गुफा | ७ | ० | १ | १ | १ |
| जम्मा | | १८ | ३ | ४ | ३ | ४ |

स्रोत : 'एन-वास', स्वास्थ्य संस्थाको 'वास' सर्वेक्षण-२०७६

## ३.४ सरसफाइ तथा स्वच्छताको अवस्था



### ३.४.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

कनकासुन्दरी गाउँपालिकाका २,३६९ घरधुरीमध्ये 'खासस्व' योजनाको तयारीका क्रममा २७४ घरपरिवारको नमूना घरपरिवार सर्वेक्षण गरिएको थियो । सो सर्वेक्षणलाई सामान्यीकरण गर्दा शौचालय भएका घरधुरी ८७.५६ प्रतिशत, शौचालय नभएका घरधुरी १२.४४ प्रतिशत र ८६.९५ प्रतिशत घरधुरीमा मात्र सुधारिएको शौचालय भएको देखिन्छ ।




### ३.४.२ सरसफाइ सेवाको स्तर

कनकासुन्दरी गाउँपालिकामा सरसफाइ सेवाहरूको स्तर दिगो विकास लक्ष्य (एसडीजी)का परिभाषाहरू प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । व्यवस्थित सरसफाइमा गोबर ग्यास जडित र डबल पिट भएका शौचालयहरू पर्दछन् भने सेप्टिक ट्याङ्क भएका शौचालयहरूलाई आधारभूत सरसफाइ र कच्ची चर्पीहरूलाई नसुधारिएको सुविधामा राखिएको छ । गाउँपालिकाका आठवटै वडामा सरसफाइ सेवाको स्तरसम्बन्धी नमूना घरधुरी सर्वेक्षणको तथ्याङ्कलाई आधार मानी गाउँपालिकाको वस्तुगत विवरणअनुसार सामान्यीकरण गरिएको छ । सामान्यीकरण गरिएको तथ्याङ्कका आधारमा क्रमशः ५५.५० प्रतिशत घरपरिवारमा आधारभूत सरसफाइ सेवा, ३२.०५ प्रतिशत घरपरिवारमा सीमित सरसफाइ सेवा र बाँकी १२.४४ प्रतिशत घरपरिवारमा सरसफाइ सुविधा नै नभएको देखिन्छ । परिभाषाका लागि सँगैको बक्स हेर्नुहोला ।

**सुरक्षित रूपले व्यवस्थित सरसफाइ**

दिगो विकास लक्ष्यले 'सुरक्षित रूपले व्यवस्थित सरसफाई' लाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पत्ति स्थानमै वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यवस्थापन गरिएको' रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल-पिट **शौचालयहरूमा** मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमा नै फोहर निकालेर खाली गर्नु पर्दैन ।

सर्भे गर्दा प्रयोग गरिएका अन्य परिभाषाहरु **निम्नानुसार** छन्

- आधारभूत **(Basic)** : पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक वा ढाकेको खाल्डो भएका शौचालयहरु
- सिमित **(Limited) :** पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको
- नसुधारिएको **(Unimproved)** :कच्ची शौचालयहरु भएको
- खुला दिसा**:** शौचालय नभएको

श्रोत: JMP, https://washdata.org/monitoring/sanitation




स्रोत : 'एन-वास', नमूना घरधुरी सर्वेक्षण-२०७६

### ३.४.३ : महिनावारी हुँदा चर्पीको प्रयोग




गाउँपालिकाका आठवटै वडामा महिलाहरूले महिनावारी भएको बेलामा चर्पीको प्रयोग गर्छन् गर्दैनन् भनी गरिएको नमूना सर्वेक्षणमा ७०.०४ प्रतिशत महिलाले चर्पीको प्रयोग गर्ने गरेको पाइयो भने २९.९६ प्रतिशत महिलाहरूले महिनावारी भएको बेलामा चर्पीको प्रयोग गर्ने नगरेको पाइयो जसलाई ग्राफ (चित्र नं. ४.३) बाट स्पष्ट पार्न खोजिएको छ ।

### ३.४.४ घरायसी शौचालय सरसफाइको अवस्था

कनकासुन्दरी गाउँपालिकाका ८७.५६ प्रतिशत घरपरिवारमा शौचालयको सुविधा रहेको छ भने बाँकी १२.४४ प्रतिशत घरपरिवार खुला स्थानमा दिसा गरिरहेको तथ्याङ्कले देखाउँदछ । निर्माण भएका शौचालयमध्ये करिब ७३ प्रतिशत शौचालय स्थायी प्रकृतिका र बाँकी अस्थायी प्रकृतिका छन् । शौचालयको बनोटलाई हेर्ने हो भने



८६.९५ प्रतिशत घरधुरीका शौचालय सुधारिएका शौचालय र बाँकी शौचालय सामान्य प्रकृतिका छन् । १.९५ प्रतिशत शौचालयबाट निस्कने पदार्थलाई सेप्टिक ट्याङ्कमा खसाल्ने व्यवस्था गरिएको, ९५.५२ प्रतिशत शौचालयलाई ढाकेको खाल्डोमा जोडिएको र ४.११ प्रतिशत शौचालय खुला खाडलमा जडान गरिएको छ ।

स्रोत : 'एन-वास', नमूना घरधुरी सर्वेक्षण-२०७६

### ३.४.५ घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था

यस कनकासुन्दरी गाउँपालिकामा निर्मित शौचालयमध्ये २९.९६ प्रतिशत शौचालयहरूको मात्र खाडल भरिएको र बाँकी शौचालयको खाडल हालसम्म भरिएको छैन । १४.०८ प्रतिशत खाडल निर्माण गरेको दुई वर्षभित्र, ३२.३९ प्रतिशत खाडल दुईदेखि चार वर्षभित्र, २८.१७ प्रतिशत खाडल चारदेखि छ वर्षभित्र एवम् २५.३५ प्रतिशत खाडल निर्माण भएको छ वर्षपछि भरिएको पाइएको छ । भरिएका खाडलहरू सफाइ गर्ने सिलसिलामा ९२.९६ प्रतिशतले आफैँले सफाइ गरेको देखिन्छ ।

चित्र नं. ४.५ घरायसी दिसाजन्य पदार्थ व्यवस्थापन




माथिका तथ्याङ्कहरूबाट कनकासुन्दरी गाउँपालिकामा हालसम्म पनि १२.४४ प्रतिशत घरपरिवार शौचालयविहीन रहेको देखिन्छ । २०७६ असोज १३ गतेका दिनमा राष्ट्रलाई नै खुला दिसामुक्त राष्ट्र घोषणा गरिसकेको अवस्थामा कनकासुन्दरी गाउँपालिकाले तदारुकताका साथ खुला दिसामुक्तको अवस्थाबाट मुक्त भई पूर्ण सरसफाइको अवस्थामा पुग्नु अपरिहार्य भएको छ ।

### ३.४.६ :घरायसी ठोस पदार्थको व्यवस्थापन

घरवरिपरिको सरसफाइको अवस्था सर्वेक्षणमा करिब ९६ प्रतिशत घरहरू सफा रहेका र बाँकी चार प्रतिशत घरहरूमात्र फोहोर पाइएका छन् । ठोस फोहोरको व्यवस्थापनसम्बन्धी नमूना सर्वेक्षणअनुसार घरबाट निस्केको फोहोरलाई करिब २७.७४ प्रतिशत घरधुरीले कहिने र नकहिने गरी छुट्याउने गरेको र बाँकी ७२.२६ प्रतिशत

चित्र नं. ४.६ घरायसी ठोस पदार्थको व्यवस्थापनसम्बन्धी विवरण



घरपरिवारले फोहोर छुट्ट्याउने नगरेको पाइयो । घरबाट निस्केको तरल फोहोर करिब २१.९४ प्रतिशत घरपरिवारले करेसाबारीमा, ७२.५७ प्रतिशत घरपरिवारले खुला ठाउँमा, १७.७२ प्रतिशत घरपरिवारले त्यत्तिकै छाडिदिने र २.९५ प्रतिशत घरपरिवारले ढलमा मिसाउने गरेका छन् । कनकासुन्दरी गाउँपालिकाका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा अब खाडल भरियो भने के गर्ने भन्ने बारेमा पनि सोच्ने समय आइसकेको छ, तर एउटा मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुँदैन, त्यसैले यो भरिएमा खाली गर्न गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाइ कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रवर्द्धन गर्ने पनि एजेण्डा हुनुपर्छ जसले गर्दा सबै घरपरिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गरोस् । कुनै पनि घरमा वैज्ञानिक ढलनिकासको व्यवस्था नभएको तथा गाउँपालिकामा पनि फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रबन्ध नरहेको पाइयो ।

### ३.४.७ हात धुने स्थानको अवस्था




हात धुनका लागि स्थानको निर्माण र साबुन-पानीको व्यवस्था भए नभएकोसम्बन्धी नमूना सर्वेक्षणमा ९२.४१ प्रतिशत घरपरिवारमा हात धुने निश्चित स्थान भएकोमा १४.३५ प्रतिशत घरपरिवारमा मात्र हात धुने निश्चित स्थानमा साबुन-पानीको व्यवस्था भएको पाइन्छ ।

स्रोत : 'एन-वास' सर्वेक्षण-२०७६

### ३.४.८ सार्वजनिक र सामुदायिक शौचालय

यस गाउँपालिकाको महत्वपूर्ण सार्वजनिक स्थान भुलबुले चेकपोष्ट बाहेक अन्य स्थानहरू बुलबुले, वोतामालिका, गोठिज्युला र गोरु चौर लगायत गाउँपालिकाका बजारोन्मुख अन्य क्षेत्रहरूमा समेत सार्वजनिक शौचालयहरू निर्माण नभएको देखिन्छ ।

## ३.५ विपद् जोखिम तथा जलवायु परिवर्तनको असर

### ३.५.१ विपद्को ऐतिहासिक समय-रेखा

यस गाउँपालिका क्षेत्रमा विपद् जोखिम तथा व्यवस्थापनका दृष्टिकोणले खडेरी, बाढी, पहिरो, हुरी-बतास, असिना आदि रहेको पाइन्छ । खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्र लगायत अन्य क्षेत्रमा वि.सं. २०४६ सालदेखि हालसम्ममा त्यस्ता विपद्हरूले गम्भीर असर पार्दै आएका छन् । यससम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २९ : विभिन्न समयमा विपद्बाट भएको क्षति**

| प्रकोप | साल र महिना | स्थान र भएको क्षति |
|---|---|---|
| बाढी | | |
| पहिरो | | |

स्रोत : समूह छलफल-२०७६

उपरोक्त तालिकालाई विश्लेषण गर्दा बाढी, पहिरो र नदी कटानका घटनाहरू बर्सेनि हुने गरेर ठूलो मात्रामा धनजनको क्षति पुऱ्याएको देखिन्छ भने महामारीसम्बन्धी घटनाहरू विगतका वर्षहरूमा नियमितजस्तो घट्दै आएको पाइन्छ । पहिलेको तुलनामा यस्त घटनाहरू घट्नुका कारणमा गाउँपालिकाअन्तर्गतका साबिकका गाविसहरू खुला दिशामुक्त हुनु र यहाँका बासिन्दाहरूको सफा र सुरक्षित खानेपानीमा पहुँच वृद्धि हुनु एक प्रमुख कारकको रूपमा लिइन्छ । गाउँपालिकाले विपद्सम्बन्धी पूर्वतयारी र विपद् व्यवस्थापनको क्षेत्रमा ध्यान केन्द्रित गर्नका लागि विपद् जोखिम पार्श्व-चित्र तयार गरी कार्यान्वयनमा ल्याउनु चाहिँ जरुरी देखिन्छ ।

### ३.५.२. वडागत रूपमा बाढी-पहिरो र ढुङ्गा खस्ने उच्च जोखिम रहेका स्थानहरू

| वडा नं. | बाढी-पहिरोको जोखिम क्षेत्र | वडा नं. | बाढी-पहिरोको जोखिम क्षेत्र |
|---|---|---|---|
| १ | न्यरीगाड | २ | बोता |
| ३ | लुम | | |

### ३.५.३. प्रकोप पात्रो

| प्रकोप | ३० वर्ष | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिमपात | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**स्रोत : समूह छलफल,२०७६**

समग्र जिल्लामा जस्तै यस गाउँपालिका क्षेत्रमा पनि जलवायु परिवर्तनका असरहरू देखिन थालेको बताइन्छ । प्रमुख रूपमा खानेपानीको प्रमुख स्रोतको रूपमा रहेको भूमिगत स्रोतको पानीको सतह घटेको, अतिवृष्टि र अनावृष्टिका कारणले बाढीजस्ता समस्याहरू क्रमशः बढेको पाइएको छ । जलवायु अनुकूलनका लागि योजनाबद्ध तवरबाट कुनै पनि कार्यक्रमको शुरुवात भने भएको छैन ।

### ३.६ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

यस गाउँपालिका क्षेत्रका जनतामा खानेपानी, सरसफाइ र स्वच्छताका सम्बन्धमा स्थानीय सरकारको स्थापना पश्चात चासोसँगै अपेक्षा पनि झनै बढेको छ । अब साना-साना लगानी र जनपरिचालनका लागि खासै समस्या नरहेकाले समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई परिमाणमुखी बनाउन गाउँपालिकाका जनता जागरुक एवम् तत्पर देखिन्छन् ।

### ३.७. खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरू, देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरू

#### ३.७.१. खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा भए गरेका राम्रा प्रयासहरू

१. नयाँ निर्माण, पुनर्निर्माण तथा सुधार र विस्तार गर्नुपर्ने सबै खानेपानी आयोजनामा एक घर एक धाराको अवधारणबमोजिम खानेपानी आयोजनाहरूको सञ्चालन गर्ने वडास्तरबाट समेत नीतिगत निर्णय भएबमोजिम कनकासुन्दरी गाउँपालिका र विभिन्न दातृ निकायको सहयोगमा गाउँपालिका क्षेत्रमा नयाँ निर्माण गरिने खानेपानी आयोजनाहरूमा एक घर एक धारा निर्माण कार्य थालनी गरिएको छ । फलस्वरूप हाल एक घर एक धारामा पहुँच भएका घरधुरीको संख्या करिब ८.१५ प्रतिशत रहेको छ ।

२. एक घर एक धाराको अवधारणबमोजिम अयोजना सञ्चालनका लागि साझेदारी रकमको विनियोजन गरिएको छ ।

३.कनकासुन्दरी गाउँपालिकामा हाल सञ्चालनमा रहेका खानेपानी योजनाहरूको सुचारूपना तथा खानेपानीको गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना लागू गरिएको छ । उक्त कार्यमा गाउँपालिका र युनिसेफ नेपाल तथा हिरिस्डेक मुगुको सहयोग एवम् सहकार्य रहेको छ ।

४.विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा तारा पद्धति लागू गरी विद्यालयहरूको क्षमता विकास, खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था सुधार एवम् मूल्याङ्कन गर्ने पद्धतिको थालनी गरिएको छ ।

५.समुदायस्तरमा हात धुने अभियान नियमित रूपमा सञ्चालन हुँदै आएका छन् ।

### ३.७.२. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू

यस गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमाका क्रममा वडा तथा पालिकास्तरीय छलफलका आधारमा देखिएका मुख्य समस्या, चुनौती र सम्भावनाहरू यस प्रकार रहेका छन् :

**तालिका नं. ३० : 'खासस्व' क्षेत्रमा देखिएका समस्या/चुनौती, सम्भावना तथा अवसरहरू**

| **१.पालिका/वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत तथा क्षमता विकास** | |
|---|---|
| **समस्या तथा चुनौतीहरू** | **सम्भावना तथा अवसरहरू** |
| • खुला दिसामुक्त घोषणापश्चात् वडा तथा पालिकास्तरीय समन्वय समितिहरू निष्क्रिय हुनु ।<br>• खानेपानी तथा सरसफाइ क्षेत्रको एकीकृत कार्ययोजना निर्माण र संयुक्त अनुगमन हुन नसक्नु ।<br>• समन्वय समितिहरूको क्षमता विकास तथा प्रभावकारी परिचालन हुनु नसक्नु । | • सबै तहहरूमा निर्वाचित जनप्रतिनिधिहरूको उपस्थिति तथा स्थानीय स्तरमा बजेटको तर्जुमा हुने गरेको ।<br>• पालिका/वडा स्तरमा सबै सरोकारवालाहरू खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सकारात्मक एवम् प्रतिबद्ध रहेका । |
| **२. संस्थागत खानेपानी तथा सरसफाइ प्रवर्द्धन**<br>**क. शैक्षिक संस्थाहरू** | |
| • विद्यालयहरूको खानेपानी तथा सरसफाइ सुविधाहरूको कमजोर व्यवस्थापन रहनु,<br>• सबै विद्यालयहरूमा बाल, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय नहुनु,<br>• विद्यालयहरूमा जोखिमपूर्ण अवस्थामा साबुन-पानीले हात धुने व्यवस्था तथा आनीबानीमा परिवर्तनको विकास नहुनु । | • स्थानीय तहबाट विद्यालयको खानेपानी तथा सरसफाइ प्रवर्द्धनमा बजेट विनियोजन हुने गरेको,<br>• विद्यालयमा 'वास'सम्बन्धी स्वीकृत कार्यविधि तथा तारा पद्धतिको कार्यान्वयनको थालनी गरिएको,<br>• विद्यालय तहमा व्यवस्थापन समिति, विद्यालय वास समिति, र बाल क्लब गठन भएका । |
| **ख. स्वास्थ्य संस्थाहरू** | |
| • केही संस्थाहरूमा खानेपानी तथा सरसफाइ व्यवस्था नहुनु तथा भएकोमा पनि उचित व्यवस्थापन नहुनु,<br>• सरसफाइ प्रवर्द्धन तथा व्यवस्थापनमा खासै चासो तथा अपनत्व भाव नहुनु, अरूलाई जिम्मेवार मान्ने प्रवृति रहनु । | • स्थानीय तहबाट स्वास्थ्य संस्थाको खानेपानी तथा सरसफाइ प्रवर्द्धनमा बजेट विनियोजन हुने गरेको,<br>• स्वास्थ्य संस्थाको वाससम्बन्धी स्वीकृत कार्यविधि जारी भएको,<br>• व्यवस्थापन समितिहरूमा जनप्रतिनिधिहरूको प्रतिनिधित्व रहेकाले स्रोतको व्यवस्थापनमा सहजता भएको । |
| **३. व्यक्तिगत, घरायसी, वातावरणीय सरसफाइ तथा स्वच्छता** | |
| • शौचालयहरूको कमजोर व्यवस्थापन तथा व्यक्तिगत सरसफाइसम्बन्धी (जोखिमपूर्ण समयमा हात धुने) बानीको विकास नहुनु,<br>• घरायसी ठोस तथा तरल फोहोरको उचित व्यवस्थापन नहुनु, | • खुला दिसामुक्त क्षेत्र घोषणा भएको तथा वडास्तरबाट पूर्ण सरसफाइसम्बन्धी अभियान सञ्चालन भइरहेको,<br>• स्थानीय सञ्चार माध्यमबाट सरसफाइसम्बन्धी सन्देशमूलक सूचनाहरू सम्प्रेषण हुँदै आएको । |
| **४. सुरक्षित खानेपानीमा पहुँच वृद्धि, आयोजनाहरूको दिगोपना तथा सुरक्षा योजना** | |
| • पानीको स्रोत धेरै टाढा हुनु,<br>• सम्पन्न आयोजनाहरूमा पानीको कमी तथा कमजोर व्यवस्थापन हुनु,<br>• खानेपानी उपभोक्ता समिति सक्रिय नहुनु,<br>• प्राकृतिक प्रकोपका कारण खानेपानी आयोजना क्षतिग्रस्त हुनु,<br>• पानीको नियमित रूपमा गुणस्तर परीक्षण नहुनु । | • खानेपानी आयोजना निर्माण तथा मर्मत-सुधारमा स्थानीय तहमा विभिन्न निकायहरू लगायत वाह्य दातृ निकायहरूको सहयोगमा केही संघ-संस्थाहरू कार्यरत रहेका,<br>• खानेपानी सुरक्षा योजना र सुचारूपनामा सुधार तथा एक घर एक धारा अभियान रहेको । |
| **५. बजार क्षेत्र तथा सार्वजनिक स्थलहरूमा सरसफाइ प्रवर्द्धन र सरसफाइ बजारीकरण** | |
| • व्यवस्थित बस्ती तथा फोहोर व्यवस्थापनमा चासो नरहेको,<br>• गाउँपालिकाको केन्द्रमा समेत घरायसी तथा सार्वजनिक शौचालयहरू नहुनु । | • गाउँपालिका ठोस फोहोरहरूको संकलन, व्यवस्थापन तथा घरायसी र सार्वजनिक शौचालयहरूको निर्माण प्रकृयामा रहेको । |
| **६. जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरण** | |
| • भू-क्षय तथा पहिरोका कारण पालिकाका प्रायः सबै क्षेत्र प्रभावित हुने गरेका र अधिकांश खानेपानी आयोजनाहरू प्रभावित हुने गरेका । | • पालिकास्तरमा स्थानीय विपद् जोखिम जलवायु उत्थानशील योजना निर्माणको थालनी भएको । |

अध्याय ४

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, योजना तथा लक्ष्यहरूसँगको तादात्म्यता

कनकासुन्दरी गाउँपालिकाको 'खासस्व' योजना तर्जुमा गर्ने सन्दर्भमा नेपाल सरकारले खानेपानी तथा सरसफाइको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरू, जस्तै : नेपालको संविधान-२०७२ को धारा ३० को मौलिक हकअन्तर्गत गरेको व्यवस्था, दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिबद्धता, खानेपानी तथा सरसफाइ क्षेत्रको क्षेत्रगत विकास योजना, १५ औं पञ्चवर्षीय योजनाको आधार-पत्र, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, पूर्ण सरसफाइ मार्गदर्शन, विद्यालय एवम् स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ र स्वच्छता कार्यविधि तथा मापदण्डले मार्गदर्शन गरेका मुख्य-मुख्य विषयहरूलाई पनि यस 'खासस्व' योजनामा प्राथमिकताका साथ समाविष्ट गरी कार्यान्वयन गर्न लागिएको छ ।

| मुख्य नीति तथा योजना | खानेपानी तथा सरसफाइसम्बन्धी प्रावधान |
|---|---|
| दिगो विकास लक्ष्य सन् २०१६–२०३० | • ३.९.२ असुरक्षीत खानेपानी, सरसफाइ तथा स्वच्छताले हुने मृत्युदर घटाउने ।<br>• ४.क. विद्यालयमा बाल, लैङ्गिक तथा अपाङ्गमैत्री सुरक्षित संरचना निर्माण गरी सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सुनिश्चित हुने । |
| | • ६.१. सन् २०३० सम्ममा सबैका लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने ।<br>• ६.२. सन् २०३० सम्ममा सबैका लागि पर्याप्त सरसफाइ र स्वच्छतामा समतामूलक पहुँच हासिल गर्ने र खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने । |
| नेपालको संविधान, वि.सं. २०७२ | • नेपालको संविधान-२०७२ को धारा ३० को स्वच्छ वातावरणको हकअन्तर्गतको उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।<br>• धारा ३५ को स्वास्थ्यसम्बन्धी हकअन्तर्गत उपधारा (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ ।<br>• धारा ४४ को उपभोक्ताको हकअन्तर्गतको उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने कानूनी प्रावधान छ । |
| खानेपानी तथा सरसफाइ क्षेत्रगत विकास योजना (२०७३-२०८७) | • क्षेत्रगत सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट 'वास' सेवाहरूलाई सबैको पहुँचमा पुऱ्याई सेवाको स्तरमा सुधार ल्याउने ।<br>• विद्यमान क्षेत्रगत मुद्दाहरू एवम् भविष्यमा विकसित हुन सक्ने परिदृश्यहरूको सम्बोधन गर्ने ।<br>• यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम् सुसङ्गत र सामञ्जस्यीय ढङ्गले कार्यान्वयन गर्नका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमश : क्षेत्रगत एकत्रीकरण गर्ने ।<br>• राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम् कार्यविधिहरूका तह सम्पूर्ण सरोकारवालाहरूलाई ध्यान दिएर प्रभावकारी 'वास' सेवा प्रवाहको कार्यक्रम निर्माण एवम् व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेरित गर्ने ।<br>• सबै नेपाली नागरिकहरूसम्म सुचारू र दिगो 'वास' सेवाहरूको पहुँच सुनिश्चितता गर्न यस क्षेत्र विकास योजनासँग तादात्म्य हुनेगरी सक्षम नीति, कानुनी एवम् नियमनकारी खाका, सेवा प्रवाहका लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृद्धि, परिष्कृत समन्वय र कार्यसम्पादन अनुगमन पद्धति लागू गर्ने । |
| १५ औं पञ्चवर्षीय योजना | • खानेपानी र सरसफाइ सेवाको पर्याप्त तथा सुरक्षित र सर्वसुलभ रूपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्ने ।<br>• सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मूत्र र |

| | |
|---|---|
| | फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउने ।<br>● जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने ।<br>● खानेपानी तथा सरसफाइको दिगो सेवा प्रवाहमा सङ्घीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्ने । |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) 'झ' मा<br>(१) मा आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>(५) स्वच्छ खानेपानी तथा खाद्यपदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन, एवम्<br>(६) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन स्थानीय सरकारले गर्ने प्रावधान छ<br>उपदफा (२) 'ध' मा खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा<br>(१) स्थानीय खानेपानीसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वन र नियमन, एवम्<br>(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन स्थानीय तहले गर्ने व्यवस्था छ ।<br>ऐनको दफा ११ को उपदफा ४ 'ग' २ मा खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन गाउँपालिकाद्वारा गर्ने व्यवस्था छ ।<br>ऐनको परिच्छेद ६ को दफा २४ को योजना बनाई कार्यान्वयन गर्ने मा बुँदा नं. (१) मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने प्रावधान छ ।<br>ऐनको दफा २५ को दफा (२) को उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय-सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।<br>त्यसैगरी, ऐनको दफा २६ को (घ) मा फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन गाउँपालिकाले वा गाउँपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सकिने व्यवस्था छ ।<br>ऐनको परिच्छेद (९) : गाउँपालिकाको वित्तीय अधिकारक्षेत्रको दफा ६२ को उपदफा (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था छ । |

| | |
|---|---|
| पूर्ण सरसफाइ मार्गदर्शन-२०७३ | पूर्ण सरसफाइ मार्गदर्शन-२०७३ ले सन् २०३० सम्म सबैका लागि र सधैँका लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुने लक्ष्य लिएको छ । उक्त लक्ष्यलाई तीन चरणमा विभाजन गरी कार्यान्वयन हुँदै आइरहेको छ ।<br>तह १ : सन् २०२२ सम्म १५ प्रतिशत गाउँपालिका र १० प्रतिशत न.पा.<br>तह २: सन् २०२७ सम्म ५० प्रतिशत गाउँपालिका र ४० प्रतिशत न.पा.<br>तह ३: सन् २०३० सम्म १०० प्रतिशत गाउँपालिका र १०० प्रतिशत न.पा.<br>पूर्ण सरसफाइको उद्देश्य भनेको :<br>● खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।<br>● सरसफाइ र स्वच्छतासम्बन्धी बानी-व्यवहार विकास गर्ने ।<br>● घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग, मर्मत-सम्भार तथा स्तरोन्नति गर्ने ।<br>● सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा संस्थागत तहमा पानी शुद्धीकरणको प्रवर्द्धन समेत गर्ने ।<br>● फोहोरमैला तथा मानव मलमूत्रीय फोहोरको सम्भव भएसम्म पुनर्प्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।<br>● पोखरी तथा साना जलाशय र खोला-खोल्सीहरूको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।<br>पूर्ण सरसफाइका दुई चरण : सफा र स्वच्छ चरण एवम् पूर्ण सरसफाइउन्मुख चरणमा विभाजन गरी कार्यान्वयन गर्ने र सम्पूर्ण चरणहरूपश्चात् पूर्ण सरसफाइयुक्त गाउँ, बस्ती, टोल र समुदाय घोषणा गर्ने व्यवस्था पनि यस मार्गदर्शनमा उल्लेख छ । |
| विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि-२०७४ | विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि-२०७४ को लक्ष्य :<br>विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने रहेको छ ।<br>कार्यविधिका उद्देश्यहरूमा विद्यालयमा सबै बालबालिकाहरूका लागि अनुकूल हुनेगरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने, तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने तथा विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत-साधनको उपयोगमा विभिन्न निकायहरूको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने रहेको छ ।<br>यस कार्यविधिले विद्यालय स्वमूल्याङ्कनको मापदण्ड, जस्तै : सबै विद्यालयहरूमा पानी, शौचालय, वातावरणीय सरसफाइ, हरियालीपूर्ण वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार तय गरी यसै मापदण्डका आधारमा विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थालाई मूल्याङ्कन गरेर वर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानेको छ । |

| | |
|---|---|
| स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड-२०७५ | **१.** ठूला स्वास्थ्य संस्थाहरू, मझौला स्वास्थ्य संस्थाहरू, साना स्वास्थ्य संस्थाहरू, विस्तारित सेवा, घुम्ती शिविरजस्ता स्वास्थ्य संस्थाको तह र स्वास्थ्य संस्थाको वर्गीकरण ।<br><br>**२. वितरण गरिने पानीको गुणस्तर :** पिउने पानी, हात धुने पानी र मेडिकल प्रयोजनका लागि मध्यमस्तरको पानीको प्रगोग गर्ने र विशेष परिस्थितिका लागि उच्चस्तरको पानीको प्रयोग र पिउने पानीको गुणस्तरभन्दा कम स्तरको पानीलाई सफा गर्ने तथा लन्ड्री र सरसफाइको लागि मात्र प्रयोग गर्ने ।<br><br>**३. स्वास्थ्य संस्थाहरूका लागि सरसफाइको मापदण्ड**<br><br>कम्पाउन्डमा, अन्तरंग विभाग (आईपिडी), ओपिडी (प्रत्येक विभाग/ब्लक), प्रतीक्षा गर्ने स्थान, परामर्श कक्ष, लन्ड्री कोठा, युएसजी कोठा, शल्यक्रिया कोठा, प्याथोलोजी ब्लक, प्रसूति कोठा/उत्तर प्रसूति कक्ष, प्रसूति कक्ष, लास घर, प्रयोगशाला, लन्ड्री सेवा र प्रत्येक विभागमा 'जेनिटर्स क्लोजेट' (Janitor's Closet) एवम् सबै सेवा दिने स्थानमा हात धुने बेसिनमा सेवाग्राही एवम् कर्मचारीका लागि मूत्रालय र शौचालयको मापदण्डको साथै हात धुने बेसिनको संख्या तोकिएको ।<br><br>**४. स्वास्थ्य संस्थाका लागि स्वच्छता मापदण्ड, जस्तै :** शौचालय/नुहाउने सुविधा, हातको सरसफाइ, लन्ड्री सरसफाइ, व्यक्तिगत सरसफाइ तथा व्यक्तिगत सुरक्षा सामग्री (सेवा प्रदायकका लागि), महिनावारी भएको अवस्थाको सरसफाइ व्यवस्थापन, खानेकुराको स्वच्छता (अवलोकन गर्ने), लास घरको सरसफाइ (लास घरको सुविधा भएको अस्पतालमा मात्र लागू हुने), सूचना प्रवाह र स्वच्छता प्रवर्द्धन, कीट तथा मुसाको नियन्त्रण, क्षमता अभिवृद्धि र वातावरणीय स्वच्छता/सरसफाइ तोकिएको ।<br><br>**५.स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनका लागि निश्चित मापदण्ड तोकिएको** |

# अध्याय ५

# 'खासस्व' योजनाको सोच, परिलक्ष्य, लक्ष्य, उद्देश्य र रणनीतिहरू

## ५.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच र परिलक्ष्य

खानेपानी तथा सरसफाइ मानव जातिकै अस्तित्वका लागि अत्यावश्यक तत्वहरू हुन् । पानी बिनाको मानव जीवनको कल्पना समेत गर्न सकिँदैन । तसर्थ, मानवमात्रका लागि पनि खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहँदै आएको छ। यस कनकासुन्दरी गाउँपालिकाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्वा) योजनाको सोच र परिलक्ष्यहरू तपसिलबमोजिम रहेका छन् ।

**दूरदृष्टि (सोच) :**

**"सरसफाइ र सुरक्षित खानेपानीको विस्तार,**

**सभ्य र स्वस्थ्य नागरिक - समृद्धिको मूल आधार" ।**

**परिलक्ष्य (ध्येय):** यस गाउँपालिकामा सफा, सुरक्षित एवम् पहुँचयोग्य खानेपानी, लगानीमैत्री सरसफाइ र स्वच्छताका कार्यक्रमहरू सञ्चालन गरी सन् २०३० सम्ममा मध्यम तथा उच्चस्तरको 'खासस्व' सेवा प्रदान गर्ने ।

## ५.२ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको लक्ष्य

यस गाउँपालिकाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा आगामी पाँच वर्षका लागि तपसिलका लक्ष्य तथा नतिजाहरू तय गरिएको छ ।

- **सन् २०२२ सम्ममा ४०% मध्यम र २५% उच्चस्तरको 'खासस्व' र**
- **सन् २०२५ सम्ममा ५०% मध्यम र ५०% उच्चस्तरको 'खासस्व'**

## ५.३ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको उद्देश्य

**विषयगत क्षेत्र १. सुरक्षित खानेपानीमा पहुँच वृद्धि, आयोजनाहरूको दिगोपना तथा सुरक्षा**

**उद्देश्य १** : निर्माण भएका खानेपानी आयोजनाहरूको सूचारूपनामा सुधार तथा उत्थानशील संरचनासहित नयाँ योजना निर्माण गरी शतप्रतिशत घरधुरीमा समतामूलक रूपमा सुरक्षित खानेपानीको पहुँच उपलब्ध गराउने ।

**विषयगत क्षेत्र २. सुधारिएको सरसफाइ तथा स्वच्छता सुविधामा पहुँच वृद्धि एवम् दिगोपना**

**उद्देश्य २ :** सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय तथा पालिका क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा अपनत्व भावको विकास भई पूर्ण सरसफाइयुक्त घर, समुदाय, वडा तथा गाउँपालिकाको विकास भएको हुनेछ ।

**विषयगत क्षेत्र ३. विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन**

**उद्देश्य ३:** समन्वयात्मक तथा एकीकृत कार्यपद्धति अपनाई विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा सुरीक्षत खानेपानी, सुधारिएको सरसफाइ तथा स्वच्छता सेवाको नियमित तथा न्यायोचित पहुँच भएको हुनेछ ।

**विषयगत क्षेत्र ४. संस्थागत तथा क्षमता विकास**

**उद्देश्य ४:** गाउँपालिका र वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भई पूर्ण सरसफाइ क्षेत्रमा क्षमता विकास भएको हुनेछ ।

**विषयगत क्षेत्र ५. जलवायु परिवर्तनको असर न्यूनीकरण एवम् विपद्मा खानेपानी तथा सरसफाइ सेवा**

**उद्देश्य ५:** पानीका मूलहरूको संरक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ । साथै, विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाइ सेवाका लागि उचित व्यवस्थापन भएको हुनेछ ।

**विषयगत क्षेत्र ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**उद्देश्य ६:** गाउँपालिका तथा वडाहरूमा 'वास' सेवामा लैङ्गिक समानता सुनिश्चित भएको हुनेछ ।

## ५.४ खानेपानी, सरसफाइ र स्वच्छता योजनाका रणनीतिहरू

कनकासुन्दरी गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सम्बन्धी लक्ष्य पूरा गर्न सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रबीचको समन्वयात्मक कार्य-एकता तथा एकीकृत कार्य-पद्धतिको थालनी गर्नु नै यस योजनाको प्रमुख रणनीति हुनेछ । प्रदेश र सङ्घीय सरकारहरूसँग समन्वय गरी मातहतका कार्यालयहरूसँग समन्वय र सहकार्य गरेर 'खासस्व' योजना कार्यान्वयनका लागि पहल गरिने छ । यस 'खासस्व' योजना कार्यान्वयनका लागि विशेषतः तपसिलका रणनीतिहरू अवलम्बन गरिने छन् ।

| विषयगत क्षेत्र | रणनीतिहरू |
|---|---|
| संस्थागत तथा क्षमता विकास | १. गाउँपालिकाले खानेपानी तथा सरसफाइका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्न गाउँपालिकासँग अपुग स्रोत व्यवस्थापनका लागि अन्य निकायहरूसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने छ ।<br>२. खानेपानी तथा सरसफाइका क्षेत्रमा निर्धारित कार्ययोजनाअनुसारका योजनाहरू कार्यान्वयनका लागि गाउँपालिकामा "**खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) शाखा स्थापना**" गरिने छ । उक्त खासस्व शाखाबाट गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका कार्यक्रमहरूको संयोजन गरिने छ । |
| सुरक्षित खानेपानीमा पहुँच वृद्धि, आयोजनाहरूको दिगोपना, तथा सुरक्षा | ३. खानेपानी आयोजनाहरूको नयाँ निर्माण तथा मर्मत-सुधार र विस्तार गर्दा अनिवार्य रूपमा "एक घर एक धारा" नीति अवलम्बन गरी सबै खानेपानी योजनाहरूमा अनिवार्य रूपले "खानेपानी सुरक्षा योजना तथा सुरक्षित खानेपानीयुक्त समुदाय" को अवधारणा लागू गरिने छ ।<br>४. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड-२०६३ मा तोकिएबमोजिम खानेपानीको गुणस्तर तथा सेवाको स्तर सुधार गरिने छ । साथै, गाउँपालिकास्तरमा खानेपानीको गुणस्तर परीक्षणका लागि खानेपानी गुणस्तर केन्द्रको स्थापना गरी खानेपानी उपभोक्ताहरूको क्षमता विकास तथा समुदाय स्तरमा सचेतना अभिवृद्धि गरिने छ । |
| सुधारिएको सरसफाइ तथा स्वच्छता सुविधामा पहुँच वृद्धि एवम् दिगोपना | ५. यस गाउँपालिका क्षेत्रमा सार्वजनिक शौचालयहरूको निर्माण तथा सञ्चालनका लागि सार्वजनिक र निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न आयआर्जनका गतिविधिहरू (जस्तैः शौचालयको अगाडि भागमा पसल सञ्चालन गर्ने र पछाडि भागमा सार्वजनिक शौचालय प्रयोगमा ल्याउने वा गोबर ग्याँस जडान गर्ने आदि) सँग जोडिने गरी सञ्चालन र व्यवस्थापन गर्ने प्रणाली अवलम्बन गरिने छ ।<br>६. फोहोरमैला व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धनका लागि वडाको नेतृत्वमा सचेतना अभिवृद्धि गर्न पूर्ण सरसफाइ अभियान सञ्चालन गरिने छ ।<br>७. मुख्य बजार र बजारउन्मुख क्षेत्रहरूमा उत्पन्न हुने ठोस तथा तरल फोहोरलाई स्रोतस्तरको ग्रेडिङ्ग गरी सुरक्षित व्यवस्थापनका लागि उचित स्थानमा प्रशोधन र व्यवस्थापनमा विशेष प्राथमिकता दिइने छ । |
| विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | ८. विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको सुधार तथा व्यवस्थापनका लागि विद्यालयमा तीन तारा पद्धति अवलम्बन गरिने छ भने स्वास्थ्य संस्थाहरूको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था सुधारका लागि स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तरीय सुधार (Water, sanitation and hygiene facility improvement tool- WASH Fit) लाई कार्यान्वयनमा ल्याइने छ । |
| जलवायु परिवर्तनको असर न्यूनीकरण | ९. खानेपानी तथा सरसफाइ प्रवर्द्धनका कार्यक्रमको सम्भाव्यता अध्ययन, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन लगायतका सबै चरणहरूमा जलवायु परिवर्तनको प्रभाव, विपद् |

| | |
|---|---|
| एवम् विपद्मा खानेपानी तथा सरसफाइ सेवा | न्यूनीकरणका क्रियाकलापहरूलाई मूलप्रवाहीकरण गरी सोसम्बन्धी मुद्दाहरूको पहिचान र सम्बोधन गरिने छ ।<br>१०. खानेपानी तथा सरसफाइका भौतिक संरचनाहरूको भूकम्पीय प्रतिरोधिता तथा अन्य जोखिम न्यूनीकरणका लागि हाल सञ्चालनमा रहेका संरचनाहरूको आमप्रबलीकरण गरेर उत्थानशील संरचना निर्माण गरिने छ । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ११. घरायसी चर्पी निर्माण तथा थप मर्मत-सुधारका लागि घरपरिवार स्वयंलाई नै जिम्मेवार बनाइने छ । शारीरिक रूपमा अशक्त, अपाङ्ग र एकल महिलाहरूका लागि अनुगमन समितिको सिफारिशमा आर्थिक सहयोग उपलब्ध गराइने छ भने अन्यलाई आर्थिक अनुदान उपलब्ध नगराउने नीति लिइने छ । |

## ५.५. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका निर्देशक सिद्धान्तहरू

खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको दूरदृष्टितर्फ उन्मुख हुन, लक्ष्य प्राप्तिमा अधिकतम योगदान पुऱ्याउन र उद्देश्य हासिल गर्नका लागि सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाका योजनाबद्ध प्रयासहरूमा देहायका निर्देशित सिद्धान्तहरू अवलम्बन गरिनेछन् ।

### १. 'खासस्व' सेवाको विकासमा नागरिक संलग्नता

यस गाउँपालिकाको 'खासस्व' क्षेत्रको सामाजिक परिचालनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र पिछडिएको वर्ग एवम् समुदायको सशक्तीकरणलाई माध्यम बनाइने छ । 'खासस्व' क्षेत्रमा समुदायमा आधारित तथा नागरिक समाजका संस्थाहरूको संस्थागत क्षमता विकासको माध्यमबाट 'खासस्व' क्षेत्रको विकास प्रक्रियामा नागरिक तथा समुदायको संलग्नता वृद्धि गरिने छ । 'खासस्व' क्षेत्रमा स्थानीय स्रोत, साधन, प्रविधि, ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गरी दिगोपनामा टेवा पुऱ्याइने छ ।

### २. वातावरण सन्तुलन तथा 'खासस्व' क्षेत्रको दिगो विकास

जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण र जोखिम न्यूनीकरण तथा स्थानीय अनुकूलनका उपायहरू अवलम्बन गरी जनकेन्द्रित 'खासस्व' सेवा विकासको अवसरमा वृद्धि गरिने छ । यस गाउँपालिकाको 'खासस्व' क्षेत्र विकास प्रक्रियामा वातावरणमैत्री स्थानीय शासन प्रणालीलाई समाहित गरी खासस्व सेवाको कार्यलाई पनि वातावरणमैत्री तथा दिगो बनाइने छ ।

### ३. स्थानीय संस्था/सञ्जालहरूको क्षमता विकास तथा परिचालन

पालिकाभित्रका वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति लगायत अन्य समुदायमा आधारित समूह र सञ्जालहरूको खासस्वसम्बन्धी क्षमता अभिवृद्धि गरी उनीहरूलाई यस क्षेत्रमा अझ बढी क्रियाशील र प्रभावकारी बनाइने छ । स्थानीय तहमा 'खासस्व' क्षेत्रको संरचनागत सुधार र क्षमता विकासको माध्यमबाट स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक एवम् पछाडि पारिएका वर्गको संलग्नतालाई सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाइने छ । स्थानीयस्तरमा 'खासस्व' क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रमलाई दिगो, नतिजामूलक, पारदर्शी र प्रभावकारी बनाइने छ ।

### ४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

योजना तर्जुमा, सञ्चालन तथा अनुगमन प्रक्रियालाई अझ बढी समावेशी र सहभागितामूलक बनाई उपलब्ध स्रोत-साधनको अधिकतम परिचालन गरी दिगो र सन्तुलित 'खासस्व' सेवामा जोड दिइने छ । 'खासस्व' क्षेत्रको संस्थागत विकास सुदृढ गरी समावेशी र समानतामैत्री वातावरण निर्माण गरिने छ । 'खासस्व' सेवा तथा सुविधामा आमनागरिक अर्थात् सेवाग्राहीहरूको पहुँच वृद्धि गरी स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरू अधिकारमा आधारित, सहज, सर्वसुलभ र गुणस्तरीय बनाइने छ । समावेशीकरण नीति अनुरूप 'खासस्व' क्षेत्र अन्तर्गतका कार्यक्रम खासगरी सेवाबाट वञ्चित समुदाय, क्षेत्र र जनसंख्या (महिला, दलित, आदिवासी-जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा अन्य पिछडा वर्ग) को समुचित सेवामा बढी लक्षित हुनेछ । खासस्व योजना कार्यान्वयनको सिलसिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा सरसफाइ संरचनाहरूमा बाल, महिला, अपाङ्गता र वातावरणमैत्री सूचकहरूलाई मुख्य आधार बनाइने छ । सरसफाइ तथा स्वच्छतासम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरूमा लैङ्गिक संवेदनशीलतालाई आत्मसात गरिने छ । खानेपानी तथा

सरसफाइ उपभोक्ता समितिहरूमा कम्तीमा पनि एकतिहाइ सदस्य सहित प्रमुख वा उपप्रमुख पदहरूमा महिला हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिने छ ।

**५. मानव अधिकार र सामाजिक न्याय**

सुरक्षित पानी र आधारभूत सरसफाइ मानवका मौलिक आवश्यकता र आधारभूत मानव अधिकार हुन् । प्रत्येक व्यक्तिलाई स्वस्थ, मर्यादित र उत्पादनशील जीवन बाँच्न ती सेवाहरूको आवश्यकता पर्दछ । अधिकारमा आधारित पद्धति मानव अधिकारको प्रगतिशील सोचाइका लागि क्षेत्रगत सुशासन प्रणालीको फराकिलो सुधार हो । यसमा सबै नागरिकले ‘खासस्व’ सेवाहरूका लागि गाउँपालिकाले तय गरेको समय-तालिकामा स्रोतको अधिकतम उपयोग गर्नु पर्दछ । अधिकारमा आधारित पद्धतितर्फ जानु भनेको स्थानीय तह र नागरिकहरूका बीचको सम्बन्धमा केन्द्रित हुनु हो । खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सरकारी, गैरसरकारी र सामुदायिक संस्थाको संस्थागत संरचनामा विपन्न एवम् सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै सामाजिक न्यायको अवधारणा अवलम्बन गरिने छ । समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, जेष्ठ नागरिक, महिला तथा बालबालिकाका लागि खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी लक्षित वर्ग कार्यक्रमका साथै अन्य विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

**६. समुदाय, निजी क्षेत्र एवम् गैसस साझेदारी**

खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सेवा प्रवाह र पूर्वाधार विकास कार्यमा सामुदायिक तथा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गरिने छ । समुदाय, निजी क्षेत्र तथा गैससजस्ता साझेदारहरूबीच अन्तरक्रिया, छलफल र बहसका माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तार कार्यलाई अझ बढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइने छ । खानेपानी, सरसफाइ तथा स्वच्छताअन्तर्गतका कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता अभिवृद्धिका लागि उपलब्ध कानूनी व्यवस्थाअनुसार सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीका औजार प्रयोग गरी सुधारका प्रतिबद्धताहरूको पालना गरिने छ ।

**७. नतिजामूलक व्यवस्थापन प्रणाली**

खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको योजना तथा बजेट तर्जुमा गर्दा नतिजामूलक योजनाको खाकामा सूचकहरूको आधारमा गरिने छ । खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको नतिजामूलक अनुगमन खाकाअनुसार सहभागितामूलक र तेस्रो पक्षद्वारा समीक्षा गरिने छ । आयोजना तथा कार्यक्रमको तेस्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिने छ र कार्यसम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिने छ ।

# अध्याय ६

# संभागअनुसार रणनीति, अपेक्षित उपलब्धि, नतिजा-तालिका र क्रियाकलापहरू

## ६.१ विषयगत क्षेत्रः सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरूको दिगोपना तथा सुरक्षा

### ६.१.१ उद्देश्य

कनकासुन्दरी गाउँपालिकाभित्र निर्माण भएका तर सञ्चालनमा समस्या भएका खानेपानी आयोजनाहरूमा खानेपानी सुरक्षा योजनाको अवधारणा अवलम्बनन गरी आयोजनाहरूको नियमित मर्मत-सम्भार एवम् सूचारूपनामा सुधार तथा उत्थानशील संरचना निर्माण गर्ने र खानेपानी सुविधा नपुगेका बस्तीहरूमा नयाँ योजना निर्माण गरी शतप्रतिशत घरधुरीमा समतामूलक रूपमा सुरक्षित खानेपानीको पहुँच वृद्धि गर्ने ।

नतिजा १.१: गाउँपालिका क्षेत्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच वृद्धि भएको हुनेछ ।

नतिजा १.२: उपभोक्ता समितिहरूको आवश्यक क्षमता अभिवृद्धि भै सक्रिय भएका र खानेपानी योजनाको उचित रूपले मर्मत-सम्भार गरी गुणस्तरयुक्त खानेपानी आपूर्तिमा निरन्तरता आएको हुनेछ ।

### ६.१.२ कार्यनीतिहरू

१. खानेपानी आयोजनामा उपभोक्ता समितिको गठन वा पुनर्गठन गरी उक्त आयोजनाहरू गाउँपालिकामा अनिवार्य रूपमा दर्ता गर्ने एवम् उपभोक्ता समितिहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै व्यवस्थित र व्यावसायिक बनाइने छ ।

२. खानेपानी आयोजनाको सुचारूपना र दिगोपनाका लागि मर्मत-सम्भार कोष, मर्मत-सम्भार कार्यकर्ता एवम् पानी शुल्कको अनिवार्य व्यवस्था गर्ने नीति अवलम्बन गरिने साथै उपभोक्ता समितिलाई जिम्मेवार बनाउन गाउँपालिका, वडा र उपभोक्ता समितिबीच त्रिपक्षीय कार्यक्षमता तथा दिगोपनाका लागि सम्झौता गरी नियमित अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

३. खानेपानी आयोजनाको पहुँच एवम् सेवा विस्तारका लागि **एक घर एक धाराको** नीति लिइने छ । मौजुदा योजनाको मर्मत-सम्भार वा विस्तार गर्दा सम्भव भएसम्म **एक घर एक धारा** अवधारणामा गरिने छ भने नयाँ बन्ने योजनाको हकमा एक घर एक धारालाई अनिवार्य गरिने छ ।

४. मर्मत-सम्भार गरिने सबै खानेपानी योजनामा अनिवार्य रूपले खानेपानी सुरक्षा योजना लागू गरी उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गरेर उनीहरूकै नेतृत्वमा आवश्यक मर्मत-सुधारका साथै खानेपानीको गुणस्तर सुधारका कार्यहरू सञ्चालन गर्दै गुणस्तरीय खानेपानी सेवा सुनिश्चित गरी सुरक्षित खानेपानीयुक्त समुदाय विकास गर्ने अभियानको अवलम्बन गरिने छ ।

५. खानेपानी आयोजनाहरूको निर्माण गर्दा जोखिमको न्यून प्रभाव हुनेगरी वातावरणमैत्री बनाउने कार्यनीति अवलम्बन गरिने छ र खानेपानी आयोजनाका सबै संरचनाहरूलाई उत्थानशील बनाउन विशेष पहल गरिने छ ।

६. खानेपानी आयोजनाहरूको मर्मत-सम्भार तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकास्तरमा खानेपानी क्षेत्रका दक्ष प्राविधिक र प्लम्बरहरूको क्षमता विकास गरी परिचालन गरिने छ ।

७. हालसम्म खानेपानी योजना निर्माण नभएका, सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदायको बसोबास भएका बस्तीलाई नयाँ निर्माण गरिने योजनामा विशेष प्राथमिकता दिइने छ ।

८. खानेपानी उपभोक्ता समितिहरूलाई खानेपानीको गुणस्तर परीक्षणसम्बन्धी क्षमता विकास गरी आवश्यक औजार प्रदान गर्ने र उपभोक्ता समितिहरूले नियमित रूपमा खानेपानीको गुणस्तर परीक्षण गरी सोको प्रतिवेदन गाउँपालिकाको 'खासस्व' शाखा /इकाईमा पेश गर्ने एवम् खासस्व इकाईले अभिलेख अद्यावधिक गर्ने व्यवस्था गरिने छ ।

९. खानेपानीको नियमित रूपले गुणस्तर परीक्षणका लागि आवश्यक पर्ने कीट, जनशक्ति र प्रयोगशाला सेवा स्थानीय रूपमा उपलब्ध गराउनका लागि निजी क्षेत्रका सेवा प्रदायकको क्षमता अभिवृद्धिका साथ निजी क्षेत्रसँग सहकार्य र साझेदारीको कार्य आरम्भ गरिने छ ।

१०. खानेपानी योजनाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका आधारमा खानेपानी उपभोक्ता समितिहरूलाई प्रोत्साहन तथा दण्ड र जरिवाना गर्ने प्रणाली अवलम्बन गरिने छ ।

११. गाउँपालिकास्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाईको संयोजनमा खानेपानी योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन निर्देशिका तयार गरी सोअनुसार नियमित अनुगमन गरिने छ ।

### ६.१.३ सुरक्षित खानेपानीमा पहुँच र आयोजनाहरूको दिगोपना तथा सुरक्षा क्षेत्रको नतिजा एवम् लक्ष्य-तालिका

| क्र.सं. | सूचकहरू | इकाई | वर्तमान अवस्था (०७६/७७) | मध्यम अवस्था (०७८/७९) | पाँचौ वर्ष (०८१/८२) | पुस्ट्याँइका आधारहरू | जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| **नतिजा १** | **गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच वृद्धि भएको हुनेछ ।** | | | | | | |
| १.१ | उच्चस्तरको खानेपानी सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ० | २५ | ५० | गाउँपालिकाको 'वास' प्रतिवेदन, 'खासस्व' योजनाको समीक्षा | |
| १.२ | मध्यमस्तरको खानेपानी सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ८.२९ | ४० | ५० | ,, ,, | |
| १.३ | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका घरधुरी | प्रतिशत | ८६.८१ | ९५ | १०० | ,, ,, | |
| १.४ | सीमित खानेपानी सेवा पुगेका घरधुरी | प्रतिशत | २.८० | १ | ० | ,, ,, | |
| १.५ | सेवा नपुगेका घरधुरी | प्रतिशत | २.१० | १ | ० | ,, ,, | |
| **नतिजा २** | **खानेपानी उपभोक्ता समितिहरू सक्रिय भई निर्माण भएका खानेपानी योजनाको उचित रूपले मर्मत-सम्भार गरी गुणस्तरयुक्त खानेपानी आपूर्तिमा निरन्तरता आएको हुनेछ ।** | | | | | | |
| २.१ | नियमित रूपमा मर्मत-सम्भार भई पूर्ण क्षमतामा सञ्चालन भएका खा.पा.योजना | प्रतिशत | ३.७७ | ३० | ५० | | |
| २.२. | नियमित रूपमा खानेपानीको गुणस्तर परीक्षण भई गुणस्तरयुक्त खानेपानी आपूर्ति गरिरहेका खा.पा. योजनाहरू | प्रतिशत | ० | २५ | ५० | | |
| २.३ | सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा भएका खानेपानी उ.स.हरू | प्रतिशत | ० | २५ | ५० | | |
| २.४ | नियमित साधारण सभा, लेखा परीक्षण र पारदर्शिता कायम भएका सक्रिय उपभोक्ता समिति (संख्या/प्रतिशत) | प्रतिशत | ९.४३ | ३५ | ५० | | |
| २.५ | खानेपानी आयोजनाको उचित मर्मत-सम्भार संयन्त्र (कार्यकर्ता, औजार) भएका खानेपानी उ.स. (संख्या/प्रतिशत) | प्रतिशत | २२.६४ | ४० | ५० | | |

## ६.१.४ कार्ययोजना, प्रमुख क्रियाकलाप तथा वित्तीय स्रोत विश्लेषण

| क.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | पाँच वर्षको लक्ष्य | | कार्ययोजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| **क** | **खानेपानी सेवा विस्तार** | | | | | | | | |
| १ | नयाँ खानेपानी आयोजनाहरूको निर्माणबाट खानेपानी सेवा विस्तार | घरपरिवार | २८० | २८० | | | | | गाउँपालिका, साझेदार संस्था |
| | | योजना संख्या | १ | १ | | | | | |
| | | बजेट (रु.000) | ४२९१.३८ | ४२९१.३८ | | | | | |
| २ | मौजुदा खानेपानी योजनाको खानेपानी सुरक्षा अवधारणाबमोजिम मर्मत-सम्भार र विस्तार | घरपरिवार | २८०८ | ६०६ | ८७९ | ७२१ | ४५३ | १४९ | गाउँपालिका, खा.पा.उ.स., साझेदार संस्था |
| | | योजना संख्या | ४८ | १३ | १३ | १० | १० | २ | |
| | | बजेट (रु.000) | १९२९३ | ५९११ | ३१५४ | ४५१६ | ४४६८ | १२४४ | |
| ३ | मौजुदा खानेपानी योजनाहरूको पुनर्निर्माण | घरपरिवार | १०४ | १०४ | | | | | गाउँपालिका, साझेदार संस्था |
| | | योजना संख्या | १ | १ | | | | | |
| | | बजेट (रु.000) | ३००८.५७ | ३००८.५७ | | | | | |
| ४ | घरपरिवारमा निजी धारा जडान | संख्या | १००० | २०० | २०० | २०० | २०० | २०० | |
| | | बजेट (रु.000) | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | |
| **ख** | **खानेपानीको स्रोत संरक्षण र गुणस्तर** | | | | | | | | |
| ५ | खानेपानी आयोजनाका मूल तथा स्रोतहरूको संरक्षण | योजना संख्या | १२ | ४ | ४ | ४ | | | खा.पा.उ.स. |
| | | बजेट (रु.000) | ४२० | १४० | १४० | १४० | | | |
| ६ | खानेपानी आयोजनाहरूको खानेपानी सुरक्षा योजना तर्जुमा र कार्यान्वयन | योजना संख्या | ५३ | १० | १० | १० | १० | १३ | खा.पा.उ.स., साझेदार संस्था |
| | | बजेट (रु.000) | ५३०० | १००० | १००० | १००० | १००० | १३०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानीको नियमित गुणस्तर परीक्षण तथा पानी प्रशोधन | योजना संख्या | ५३ | २० | २० | १३ | | | गाउँपालिका, साझेदार संस्था |
| | | बजेट (रु.०००) | १३२.८ | ५० | ५० | ३२.५ | | | |
| ८ | पानी प्रशोधन प्रणाली जडान गरिने खानेपानी योजना | योजना संख्या | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु.०००) | १२५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | |
| ग | **नीतिगत तथा संस्थागत विकास** | | | | | | | | |
| ९ | खा.पा. उपभोक्ता समिति गठन र पुनर्गठन गरी क्षमता विकास गर्ने | संख्या | ५३ | २० | २० | १३ | | | |
| | | बजेट (रु.०००) | ५३० | २०० | २०० | १३० | ० | ० | |
| १० | खानेपानी योजनाको मर्मत-सम्भार संयन्त्रको विकास गर्ने (पानी शुल्क, मर्मत-सम्भार कार्यकर्ता, लेखा व्यवस्थापक, औजार आदि) | संख्या | ५३ | २० | २० | १३ | | | गाउँपालिका, साझेदार संस्था |
| | | बजेट (रु.०००) | २६५० | १००० | १००० | ६५० | | | |
| ११ | खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक कीट र जनशक्ति सहित प्रयोगशाला सेवाको उपलब्धता | संख्या | १ | १ | ० | ० | ० | ० | गाउँपालिका, साझेदार संस्था |
| | | बजेट (रु.०००) | १४०० | १४०० | ० | ० | ० | ० | |
| १२ | खानेपानी आयोजनाको नियमित अनुगमन, सुपरीवेक्षण तथा दिगोपनाको जाँच | संख्या | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ | |
| | | बजेट (रु.०००) | २५० | ५० | ५० | ५० | ५० | ५० | |
| | **जम्मा** | | ६४७७६ | २२५५१ | ११०९४ | १२०१९ | ११०१८ | ८०९४ | |

### ६.१.५. नयाँ निर्माण हुने योजनाहरूको प्राथमिकता-क्रम

यस गाउँपालिकामा हालसम्म पनि खानेपानीको पहुँच नपुगेका तथा खानेपानी आपूर्ति अवस्था कमजोर रहेका बस्तीहरूमा नयाँ खानेपानी आयोजनाहरूको निर्माणका लागि तपसिलअनुसारको प्राथमिकता निर्धारण गरिएको छ।

| क.सं. | योजनाको नाम | ठेगाना/स्थान | लाभान्वित हुने घरधुरी | | | | अनुमानित लागत | प्राथमिकता-क्रम |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | जम्मा | | |
| १. | ड्याम पछाई गाउँ खा.पा. | ६, पछाइ गाउँ लाहर्ज | ६२ | ० | २१८ | २८० | ४२९१३७९.९१३ | क |
| | **जम्मा** | | | | | २८० | ४२९१३७९.९१३ | |

### ६.१.६. सामान्य मर्मत-सम्भार गर्नुपर्ने योजनाहरूको प्राथमिकता-क्रम

यस गाउँपालिकामा निर्माण भएका खानेपानी आयोजनाहरूको सञ्चालन अवस्थालाई नियमित रूपमा सुचारू राख्न तथा थप व्यवस्थित गर्न सामान्य मर्मत-सम्भार गर्नुपर्ने खानेपानी आयोजनाहरूको प्राथमिकता तपसिलबमोजिम निर्धारण गरिएको छ।

| क.सं. | योजनाको नाम | ठेगाना/स्थान | लाभान्वित हुने घरधुरी | | | | अनुमानित लागत | प्राथमिकता-क्रम |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | जम्मा | | |
| १ | पाण्डुगुफा रोकाया बाडा खा.पा. | ७, रानीसैन | ११ | ० | ६० | ७१ | २४६००० | ख |
| २ | बासमती खा.पा. | ६, साउवाडा | ८४ | ० | ६ | ९० | २६५००० | क |
| ३ | चिप्लेढुङ्ग हाडसिँजा खा.पा. | ४, हाडसिँजा | ३४ | ० | २७ | ६१ | २३६००० | क |
| ४ | नेटाला खा.पा. | १, काभ्रा | ० | ० | ३८ | ३८ | २१३००० | क |
| ५ | रबेदार खा.पा. | १, भिरनाउला | ० | ० | २७ | २७ | २०२००० | क |
| ६ | ओखरपाटा खा.पा. | ३, ओखरपाटा | ० | १ | १४७ | १४७ | ३२२००० | क |
| ७ | मर्फान खा.पा. | १, मर्फान | ० | ० | ३५ | ३५ | २१०००० | क |
| ८ | पनेरी मूल खा.पा. | ५, बारकोटेवडा | ० | ० | १५ | १५ | १९०००० | क |
| ९ | लुड्कु खा.पा. | ५, लुड्कु | ० | ० | १२९ | १२९ | ३०४००० | क |
| १० | चिसापानी रानीसैन खा.पा. | ७, रानीसैन | ० | ० | १३० | १३० | ३०५००० | क |
| ११ | लुम खा.पा., लुम | ३, लुम | ० | ० | ३७ | ३७ | २१२००० | क |
| १२ | लिडेमेला खा.पा. | ७, रानीसैन | ० | ० | ४० | ४० | २१५००० | ख |
| १३ | कुकुरदुला खा.पा. | ७, रानीसैन | ० | ० | १०६ | १०६ | २८१००० | ख |
| १४ | पाण्डुगुफा खा.पा., देवारपाटा | ७, रानीसैन | ० | ५ | ९० | ९५ | २७०००० | ख |
| १५ | चिसापानी खा.पा. | ८, संज्यालवाडा | १८ | ० | ६५ | ८३ | २५८००० | क |
| १६ | जुकेमूल सेलपानी खा.पा. | ८, भण्डारीवाडा | ० | ० | ७१ | ७१ | २४६००० | क |
| १७ | टंगेनी खापा | ४, मुसेधानी | ८ | ० | ८ | १६ | १९१००० | क |
| | | | | | | ११९१ | ४१६६०० ० | |

## ६.१.७. ठूलो मर्मत-सम्भार तथा विस्तार गर्नुपर्ने योजनाहरूको प्राथमिकता-क्रम

यस गाउँपालिकामा निर्माण भएका खानेपानी आयोजनाहरूको सञ्चालन अवस्थालाई नियमित रूपमा सुचारू राख्न तथा थप व्यवस्थित गर्न ठूलो मर्मत-सम्भार गर्नुपर्ने खानेपानी आयोजनाहरूको प्राथमिकता तपसिलबमोजिम निर्धारण गरिएको छ ।

| क्र.सं. | योजनाको नाम | ठेगाना/स्थान | लाभान्वित हुने घरधुरी | | | | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | जम्मा | | |
| १ | मूलपानी मूलबाटो दाँतेओखर खा.पा. | ६, दाँतेओखर | ४० | ० | ५ | ४५ | ४४५००० | ख |
| २ | घिउपानी खा.पा. | ६, गोरुचौर | १५ | ० | ११६ | १३१ | ९६१००० | ख |
| ३ | सुन्तली खा.पा. | ५, गोरुचौर | ८ | ४ | २१ | ३३ | ३७३००० | ख |
| ४ | भुलभुले गाई खर्च खा.पा. | १, भुलभुले | ० | ० | ११ | ११ | २४१००० | ख |
| ५ | राधै खा.पा. | १, राधै | ० | ० | १६ | १६ | २७१००० | क |
| ६ | रबरदार खा.पा. | १, रिय | ० | ० | ४० | ४० | ४१५००० | क |
| ७ | दुर्गा खा.पा. | १, न्युरीगाड | ० | ० | ४२ | ४२ | ४२७००० | ख |
| ८ | घट्टेखोला खा.पा., बुधुवाडा | २, मालिकावोता | २ | ० | १६९ | १६९ | ११८९००० | क |
| ९ | घट्टेखोला खा.पा., लहलिप | २, छडेदह | ० | ० | ५१ | ५१ | ४८१००० | क |
| १० | ग्वातीखोला खा.पा. | ३, ओखरपाटा | ० | ० | १४७ | १४७ | १०५७००० | ख |
| ११ | गौरी खा.पा. | ३, गौरी | ० | ० | ६१ | ६१ | ५४१००० | ख |
| १२ | खड्का पानी खा.पा. | ३, गोठेलवाडा | ० | ० | ५० | ५० | ४७५००० | ख |
| १३ | सल्लाधारा खा.पा. | ५, सिमपाटीवाडा | ० | ४ | १० | १४ | २५९००० | ख |
| १४ | लाग्न खा.पा. | ४, लेकपर | ० | ० | ४२ | ४२ | ४२७००० | ख |
| १५ | कोट खा.पा. | ४, कोट | ० | ० | ९ | ९ | २२९००० | क |
| १६ | साउवाडा खा.पा. | ४, सेरा | २० | ० | ० | २० | २९५००० | ख |
| १७ | धोविहाट खा.पा. | ४, धोविहाट | ० | ० | २१ | २१ | ३०१००० | ख |
| १८ | मूलपाटा खा.पा. | ४, हाडसिँजा | ८५ | ० | ६३ | १४८ | १०६३००० | ख |
| १९ | कालेचौर खा.पा. | ४, सिमपाटा | ४४ | ० | १ | ४५ | ४४५००० | क |
| २० | उपरखोला सर्केधारा खा.पा. | ५, बढुवालवाडा | ० | ० | ३४ | ३४ | ३७९००० | ख |
| २१ | सिमपाटी खा.पा. | ५,सिमपाटीवाडा | ५० | ० | ५० | ५० | ४७५००० | क |
| २२ | गेरुदोभान खा.पा. | १, भुलानी | ० | ० | ९ | ९ | २२९००० | क |
| २३ | छाल खा.पा. | ७, रानीसैन | ८ | ० | १८ | २६ | ३३१००० | ख |
| २४ | रानीसैन खा.पा. | ८, रानीसैन | ० | ० | ३७ | ३७ | ३९७००० | ख |
| २५ | लिडेमेखा खा.पा., लुवारवाडा | ८, लुवारवाडा | ८७ | ० | २० | १०७ | ८१७००० | क |
| २६ | लासगोईला खा.पा. | ८, सुमलगाउँ | ६६ | ० | ० | ६६ | ५७१००० | क |
| २७ | ड्यामा दाँतेओखर खा.पा. | ६, गोरुचौर | २६ | ८ | ६५ | ९९ | ७६९००० | ख |
| २८ | खालिबिच्या खा.पा. | ५, बढुवालवाडा | ० | ० | ५० | ५० | ४७५००० | ख |
| २९ | सर्केधारा खा.पा. | ५, बढुवालवाडा | ० | ० | १३ | १३ | २५३००० | क |
| ३० | राज खा.पा. | १, चौथा | ० | ० | १३ | १३ | २५३००० | क |
| ३१ | कान्द खा.पा. | २, जिअ | ० | ० | १८ | १८ | २८३००० | क |
| | **जम्मा** | | ५७ | ८१७ | ३९ | ९१४ | १५१२७००० | |

### ६.१.८. पुनर्निर्माण तथा विस्तार गर्नुपर्ने योजनाहरूको प्राथमिकता-क्रम

यस गाउँपालिकामा निर्माण भएका खानेपानी आयोजनाहरूको सञ्चालन अवस्थालाई मध्यनजर गर्दा तपसिलका खानेपानी आयोजनाको पुनर्निर्माण तथा विस्तार गर्नुपर्ने गरी प्रामिकतामा राखिएको छ ।

| क.सं. | योजनाको नाम | ठेगाना/स्थान | लाभान्वित हुने घरधुरी | | | | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाति | अन्य | जम्मा | | |
| १. | लुम भिगेडे खा.पा. | ८, पाण्डु गुफा | ० | ० | १०४ | १०४ | ३००८५७३.९६३ | क |
| | **जम्मा** | | | | | **१०४** | ३००८५७३.९६३ | |

## संभाग ६.२: सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

### ६.२.१ उद्देश्य

सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय र पालिका क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा अपनत्व भावको विकास भई पूर्ण सरसफाइयुक्त घर, समुदाय, वडा तथा गाउँपालिकाको विकास भएको हुनेछ ।

नतिजा १. सबै घरधुरीको सुधारिएको शौचालयमा पहुँच भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ,

नतिजा २. व्यक्तिगत सरसफाइसम्बन्धी बानी-व्यवहारको विकास भएको हुनेछ,

नतिजा ३. ठोस तथा तरल फोहोरको समुचित व्यवस्थापन भई वातावरणीय सरसफाइ कायम भएको हुनेछ ।

### ६.२.२.कार्यनीतिहरू

१. कनकासुन्दरी गाउँपालिकामा व्यवस्थित रूपले सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्न **पूर्ण सरसफाइ** अभियान सञ्चालन गरिने छ । यस अभियानमा वडाहरूको नेतृत्वमा सहभागितामूलक योजना तर्जुमा र सरसफाइसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सोको नियमित अनुगमन गरिने छ ।
२. प्रत्येक वडामा पूर्ण सरसफाइसम्बन्धी कार्ययोजना निर्माण गरी सोको प्रभावकारी कार्यान्वयनका लागि वडास्तरमा पूर्ण सरसफाइ प्रवर्द्धन कोष स्थापना गरी परिचालन गरिने छ ।
३. सूचना, शिक्षा तथा सञ्चारजस्ता व्यवहार परिवर्तनसम्बन्धी क्रियाकलापहरू सञ्चालनका लागि आमसरोकारवालाहरूको परिचालन गर्ने वातावरण सिर्जना गरी पूर्ण सरसफाइ प्रवर्द्धनको सामाजिक अभियान सञ्चालन गरिने छ ।
४. गाउँपालिका क्षेत्रमा उत्सर्जित तरल तथा ठोस फोहोरको घरायसी तहमा न्यून प्रयोग/उत्पादन तथा पुनः प्रयोगमा विशेष जोड दिने नीति लिइने छ साथै सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन र फोहेरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गरी सार्वजनिक निजी साझेदारी पद्धतिको अवधारणाबमोजिम सरसफाइ कार्यक्रमलाई अगाडि बढाइने छ ।
५. पूर्ण सरसफाइ अभियानको प्रभावकारिता परीक्षणका लागि अनुगमन तथा प्रमाणीकरण संयन्त्र विकास निर्देशिका तयार गरी सोबमोजिम गठन र परिचालन गरिने छ ।
६. पूर्ण सरसफाइ प्रवर्द्धनमा प्रोत्साहन, पुरस्कार र कदरको सिद्धान्तलाई निरन्तरता दिइने छ ।

### ६.२.३ नतिजा तथा लक्ष्य-तालिका

यस सुरक्षित खानेपानीमा पहुँच वृद्धि र खानेपानी आयोजनाहरूको समुचित व्यवस्थापन संभाग अर्न्तगतका अपेक्षित नतिजा तथा नतिजा तालिका यस प्रकार रहेको छ ।

| क.सं. | सूचक | इकाई | वर्तमान अवस्था (०७६/७७) | मध्यम अवस्था (०७८/७९) | पाँचौ वर्ष (०८१/८२) | पुस्ट्याँइका आधारहरू |
|---|---|---|---|---|---|---|
| **नतिजा १** | **सबै घरधुरीमा सुधारिएको शौचालयमा पहुँच भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ ।** | | | | | |
| १.१ | सुधारिएको सरसफाइ सुविधा पुगेका घरधुरीहरू | प्रतिशत | ० | ८० | १०० | गा.पा.को 'खासस्व' शाखाको अनुगमन प्रतिवेदन |
| १.२ | आधारभूत सरसफाइको पहुँच पुगेका घरधुरी | प्रतिशत | ५५.५० | ८५ | १०० | |
| **नतिजा २** | **व्यक्तिगत सरसफाइसम्बन्धी बानी-व्यवहारको विकास भएको हुनेछ ।** | | | | | |
| २.१ | साबुन-पानी सहित हात धुनका लागि निश्चित स्थान भएका घरधुरी | प्रतिशत | १४.३५ | ६० | १०० | |
| २.२ | जोखिमपूर्ण समयमा साबुन-पानीले हात धुने घरधुरी | प्रतिशत | १२.९१ | ८० | १०० | |
| **नतिजा ३** | **ठोस तथा तरल फोहोरको समुचित व्यवस्थापन भई वातावरणीय सरसफाइ कायम भएको हुनेछ ।** | | | | | |
| ३.१ | ठोस फोहोरलाई स्रोत स्तरमै सुरक्षित वर्गीकरण तथा व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | २७.७४ | ५० | ७० | |
| ३.२ | तरल फोहोरको सुरक्षित व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | २१.९४ | ५० | ७० | |
| ३.३ | दिसाजन्य लेदोको समुचित व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | ० | १५ | ३० | |
| ३.४ | पूर्ण सरसफाइ सूचक पूरा भएका घरधुरी (प्रमाणीकरण) | प्रतिशत | ० | | | |
| ३.५ | पूर्ण सरसफाइयुक्त अवस्था पूरा गरेका वडाहरू | संख्या | ० | ५ | ८ | गा.पा.को 'वास' प्रतिवेदन, पूर्ण सरसफाइ घोषणा |

## ६.२.४ सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्ययोजना, क्रियाकलाप तथा वित्तीय स्रोत विश्लेषण

| क्र.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | पाँच वर्षको लक्ष्य | | कार्ययोजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| १ | आधारभूत सर्वेक्षण तथा तथ्याङ्क अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. 000) | ५०० | १०० | १०० | १०० | १०० | १०० | |
| २ | पूर्ण सरसफाइसम्बन्धी सरोकारवालाहरूको क्षमता विकास | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | |
| | | बजेट (रु. 000) | १२०० | २४० | २४० | २४० | २४० | २४० | |
| ३ | पूर्ण सरसफाइसम्बन्धी समुदायस्तरमा सचेतना अभिवृद्धि | पटक | ४० | ८ | ८ | ८ | ८ | ८ | गा.पा.र वडा, साझेदार संस्था |
| | | बजेट (रु. 000) | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | |
| ४ | चर्पीहरूको स्तरोन्नति (सुधारिएको शौचालय) | वटा | २०० | १०० | १०० | | | | |
| | | बजेट (रु. 000) | १०० | ५० | ५० | | | | |
| ५ | जुठेल्नो तथा चाङ निर्माण कार्यक्रम | संख्या | १७९ | ५० | ५० | ५० | २९ | | |
| | | बजेट (रु. 000) | ८९५ | २५० | २५० | २५० | १४५ | | |
| ६ | साबुन-पानी सहित हात धुने निश्चित स्थान निर्माण र प्रयोग | संख्या | १७९ | ५० | ५० | ५० | २९ | | |
| | | बजेट (रु. 000) | ८९५ | २५० | २५० | २५० | १४५ | | |
| ७ | घरआँगनको सरसफाइ अभियान | पटक | २८ | ४ | ५ | ५ | १० | ४ | |
| | | बजेट (रु. | २८० | ४० | ५० | ५० | १०० | ४० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०००) | | | | | | |
| ८ | स्वच्छता प्रवर्द्धनसम्बन्धी सचेतना | पटक | ५ | १ | १ | १ | १ | १ |
| | | बजेट (रु. ०००) | २५० | ५० | ५० | ५० | ५० | ५० |
| ९ | सुधारिएको चुलो निर्माण तथा मर्मत तालिम | पटक | ५ | १ | १ | १ | १ | १ |
| | | बजेट (रु. ०००) | ४५० | ९० | ९० | ९० | ९० | ९० |
| १० | घरायसी फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनर्प्रयोग तथा प्रशोधनसम्बन्धी तालिम | पटक | ५ | १ | १ | १ | १ | १ |
| | | बजेट (रु. ०००) | ७५० | १५० | १५० | १५० | १५० | १५० |
| ११ | पूर्ण सरसफाइ सूचकको प्रमाणीकरण | पटक | १० | २ | २ | २ | २ | २ |
| | | बजेट (रु. ०००) | २५० | ५० | ५० | ५० | ५० | ५० |
| १२ | वातावरणीय सरसफाइका लागि जनचेतनामूलक कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ |
| | | बजेट (रु. ०००) | ६०० | १२० | १२० | १२० | १२० | १२० |
| १३ | सार्वजनिक शौचालयको निर्माण, मर्मत-सुधार तथा व्यवस्थापन | वटा | २ | २ | | | | |
| | | बजेट (रु. ०००) | ३००० | ३००० | | | | |
| १४ | व्यवस्थित ढल व्यवस्थापन | वटा | ५ | १ | १ | १ | १ | १ |
| | | बजेट (रु. ०००) | १२५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० |
| १५ | ल्याण्डफिल साइटको व्यवस्थापन | वटा | १ | १ | ० | | | |
| | | बजेट (रु. ०००) | ५००० | ५००० | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | पूर्ण सरसफाइ प्रवर्द्धनका लागि होर्डिङ्ग बोर्ड, भित्ते लेखन सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी सामग्रीहरूको तयारी कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | ८०० | १६० | १६० | १६० | १६० | १६० | |
| १७ | गाउँपालिका तथा वडाको पूर्ण सरसफाइ अनुगमन तथा प्रमाणीकरण | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | |
| | | बजेट (रु. ०००) | ४०० | ८० | ८० | ८० | ८० | ८० | |
| | **जम्मा** | | २९८७० | १२५३० | ४५४० | ४४९० | ४३३० | ३९८० | |

## ६.३ : संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन

### ६.३.१ उद्देश्य

समन्वयात्मक तथा एकीकृत कार्यपद्धति अपनाई विद्यालयहरू खानेपानी तथा सरसफाइ सुविधाको सुधार गरेर पूर्ण सरसफाइको नमूना स्थलको रूपमा विकास भएका हुनेछन् ।

नतिजा १: विद्यालयहरूमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सुनिश्चत भई समुचित प्रयोग तथा व्यवस्थापन भएका 'तीन तारे' नमूना विद्यालयहरूको विकास भएको हुनेछ ।

नतिजा २: स्वास्थ्य संस्थाहरूमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सुनिश्चत भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ ।

नतिजा ३: स्वास्थ्य संस्थाहरूबाट निस्कने फोहोरको उचित रूपमा संकलन, निर्मलीकरण तथा व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।

### ६.३.२ कार्यनीतिहरू

१. विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था अनुगमन, सुधार तथा व्यवस्थापन गर्न 'तीन तारा' अवधारणा अवलम्बन गरिने छ ।
२. विद्यालय तथा स्वास्थ्य संस्थाहरूको खानेपानी तथा सरसफाइ अवस्थाको नियमित अनुगमन गरी विशेष प्राथमिकताका साथ सुधारका कार्यहरू गरिनेछन् ।
३. विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी तथा सरसफाइ क्षेत्रको अनुगमनका आधारमा त्यस्ता संस्थाहरूको प्रमाणीकरण गरी प्रोत्साहन गरिने छ ।
४. सरसफाइ तथा स्वच्छतासम्बन्धी सकारात्मक बानी विकासका बाल केन्द्रित तथा अनुकरणीय प्रयासहरूको थालनी गरिने छ ।
५. विद्यालयको अगुवाइमा सेवा क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनजस्ता पद्धति लागू गरिने छ ।
६. विद्यालय र स्वास्थ्य संस्थाहरूमा सुरक्षित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधा निर्माण र व्यवस्थापनमा विशेष जोड दिई अनुदान र कार्यमूल्याङ्कनसँग जोडिने छ ।
७. स्वास्थ्य संस्थाहरूको खानेपानी तथा सरसफाइ अवस्थाको नियमित अनुगमन गरी विशेष प्राथमिकताका साथ सुधारका कार्यहरू गरिने छ ।

## ६.३.३ 'तीन तारे' नमूना विद्यालय तथा स्वास्थ्य संस्थाका नतिजा, सूचक र लक्ष्य-तालिका

| क्र.सं. | सूचक | इकाई | वर्तमान अवस्था | मध्यम | पाँचौ वर्ष | पुस्ट्याँइका आधारहरू | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| नतिजा १ | विद्यालयहरूमा प्रयोगकर्तामैत्री खानेपानी तथा सरसफाइ सुविधाको समुचित प्रयोग तथा व्यवस्थापन भएका 'तीन तारे' नमूना विद्यालयको विकास भएको हुनेछ। | | | | | | |
| १.१ | राष्ट्रिय मापदण्डबमोजिमका खानेपानी, सरसफाइ र स्वच्छता सुविधा भएका तथा 'तीन तारे' सूचक पुरा भएका नमुना विद्यालय | प्रतिशत | ० | १० | ३० | विद्यालय स्वमूल्याङ्कन प्रतिवेदन, फ्ल्यास रिपोर्ट | |
| १.२ | 'दुई तारे' सूचक पुरा गरेका विद्यालय | प्रतिशत | ० | ३० | ५० | ,, ,, | |
| १.३ | 'एक तारे' सूचक पुरा गरेका विद्यालय | प्रतिशत | ७.१४ | ५० | १०० | ,, ,, | |
| १.४ | विद्यालयहरूमा सुरक्षित तथा नियमित खानेपानीको सेवा भएका विद्यालय | प्रतिशत | ३२.१४ | ९० | १०० | ,, ,, | |
| १.५ | शौचालयहरूको व्यवस्थित रूपमा प्रयोग भएका विद्यालय | प्रतिशत | ८९.२९ | १०० | १०० | ,, ,, | |
| १.६ | छात्र र छात्राका लागि अलग-अलग सुधारिएका तथा सुचारू रहेका शौचालयको व्यवस्था भएका विद्यालय | प्रतिशत | ७८.५७ | १०० | १०० | ,, ,, | |
| १.७ | अपाङ्गतामैत्री शौचालय सुविधा भएका विद्यालय | प्रतिशत | ३२.१४ | ४० | ५० | ,, ,, | |
| १.८ | सामूहिक हात धुने सुविधा (नियमित पानी तथा साबुनको व्यवस्था) भएका विद्यालय | प्रतिशत | ७.१४ | ६० | १०० | ,, ,, | |
| १.९ | खानेपानी तथा सरसफाइ व्यवस्थापन संयन्त्र विकास (समिति गठन, कार्ययोजना र कोष स्थापना) भएका विद्यालय | प्रतिशत | १७.८६ | ७० | १०० | ,, ,, | |
| १.१० | ठोस तथा तरल फोहोरको संकलन तथा समुचित व्यवस्थापन भएका विद्यालय | प्रतिशत | ६४.२९ | ९० | १०० | ,, ,, | |
| २ | **स्वास्थ्य संस्थाहरूमा प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चतता भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ।** | | | | | | |
| २.१ | सुरक्षित खानेपानीको नियमित आपूर्ति व्यवस्था भएका स्वास्थ्य संस्था | प्रतिशत | ३७.५० | ५० | १०० | स्वास्थ्य संस्था र गा.पा.को खासस्व प्रतिवेदन | |
| २.२ | प्रयोगकर्तामैत्री शौचालयको सुविधा भएका संस्था | प्रतिशत | १०.६१ | ८० | १०० | ,, ,, | |
| २.३ | साबुन-पानी सहितको हात धुने सुविधा भएका स्वास्थ्य संस्था | प्रतिशत | २७.२७ | ८० | १०० | ,, ,, | |
| ३ | **स्वास्थ्य संस्थाहरूको फोहोरको उचित रूपमा संकलन, निर्मलीकरण तथा व्यवस्थापन प्रणालीको विकास भएको हूनेछ ।** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | संस्थाको फोहोरको उचित संकलन, निर्मलीकरण र व्यवस्थापन गर्ने स्वास्थ्य संस्था | प्रतिशत | ५० | ८० | १०० | ,, ,, | |
| ३.२ | प्लासान्टा पिटमा फोहोर व्यवस्थापन गर्ने स्वास्थ्य संस्था | प्रतिशत | ५० | ८० | १०० | ,, ,, | |
| ३.३ | फोहोर जलाउन इन्सीनेटरको व्यवस्था भएका स्वास्थ्य संस्था | प्रतिशत | ० | ८० | १०० | ,, ,, | |
| ३.४ | स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन संयन्त्र भएका (फोकल व्यक्ति, कार्ययोजना, शाखा, आचारसंहिता आदि) | प्रतिशत | ५० | ८० | १०० | ,, ,, | |

## ६.३.४ : विद्यालय तथा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र वित्तीय स्रोत विश्लेषण

| क्र.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | पाँच वर्षको लक्ष्य | | कार्ययोजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| **१** | **विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतातर्फ** | | | | | | | | |
| १ | शिक्षक, बाल क्लब, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति र सरसफाइ फोकल शिक्षकको क्षमता अभिवृद्धि | पटक | १० | २ | २ | २ | २ | २ | |
| | | बजेट (रु. ०००) | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| २ | विद्यालय खानेपानी, सरसफाइ र स्वच्छता अवस्था सुधारसम्बन्धी कार्ययोजना तर्जुमा र अद्यावधिक | वटा | २८ | ७ | ७ | ७ | ७ | ० | |
| | | बजेट (रु. ०००) | २८० | ७० | ७० | ७० | ७० | ० | |
| ३ | प्रयोगकर्तामैत्री (लैङ्गिक, महिनावारी मैत्री, अपाङ्गतामैत्री ) शौचालय निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापन | वटा | २८ | ७ | ७ | ७ | ७ | | |
| | | बजेट (रु. ०००) | १९६०० | ४९०० | ४९०० | ४९०० | ४९०० | ० | |
| ४ | बालबालिकामैत्री सुविधायुक्त खानेपानी सुविधा निर्माण, पानी भण्डारण तथा शुद्धीकरण सुविधाको व्यवस्था | वटा | २८ | ७ | ७ | ७ | ७ | | |
| | | बजेट (रु. ०००) | २३८० | ५९५ | ५९५ | ५९५ | ५९५ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सामूहिक हात धुने निश्चित स्थान निर्माण | वटा | २८ | ७ | ७ | ७ | ७ | | |
| | | बजेट (रु. ०००) | ३००० | ७५० | ७५० | ७५० | ७५० | ० | |
| ६ | विद्यालय सरसफाइ कोष स्थापना, वृद्धि तथा सञ्चालन | वटा | २८ | ७ | ७ | ७ | ७ | | |
| | | बजेट (रु. ०००) | ४२० | १०५ | १०५ | १०५ | १०५ | ० | |
| ७ | विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यावहारिक तालिम तथा कक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | १२५० | २५० | २५० | २५० | २५० | २५० | |
| ८ | पूर्ण सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन (र्‍याली, हाजिरी जवाफ, घरदैलो, गीत, नाच, नाटक आदि) | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | |
| | | बजेट (रु. ०००) | १००० | २०० | २०० | २०० | २०० | २०० | |
| ९ | महिनावारी स्वच्छतासम्बन्धी तालिम | संख्या | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | ७५० | १५० | १५० | १५० | १५० | १५० | |
| १० | विद्यालयको साप्ताहिक तथा वार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने | वटा | २८ | ७ | ७ | ७ | ७ | | |
| | | बजेट (रु. ०००) | २८० | ७० | ७० | ७० | ७० | ० | |
| ११ | अन्तर विद्यालय अवलोकन भ्रमण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | ३७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | |
| १२ | विद्यालय 'वास' समिति, बाल क्लबको संस्थागत विकास | संख्या | २८ | २८ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ५७० | ५७० | ० | ० | ० | ० | |
| १३ | विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको नियमित अनुगमन तथा प्रमाणीकरण गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | |
| | | बजेट (रु. ०००) | ५७० | ११४ | ११४ | ११४ | ११४ | ११४ | |
| १४ | 'तारे' सूचक पूरा गरेको नमूना | वटा | २८ | ७ | ७ | ७ | ७ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय घोषणा | बजेट (रु. ०००) | ५६० | १४० | १४० | १४० | १४० | | |
| | **विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतातर्फ जम्मा** | | ३३५३५ | ८४८९ | ७९१९ | ७९१९ | ७९१९ | १२८९ | |
| २ | **स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनतर्फ** | | | | | | | | |
| १ | 'वास फिट' (स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता) प्रवर्द्धनसम्बन्धी क्षमता अभिवृद्धि | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | १६२५ | ३२५ | ३२५ | ३२५ | ३२५ | ३२५ | |
| २ | स्वास्थ्य संस्थाको 'वास' अवस्था सुधारसम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्वयन | पटक | ८ | ४ | ४ | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | १२० | ६० | ६० | ० | ० | ० | |
| ३ | स्वास्थ्य संस्थाको प्रयोगकर्तामैत्री ( लैङ्गिक, महिनावारी मैत्री, अपाङ्गतामैत्री) शौचालय निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापन | वटा | ८ | ३ | ३ | २ | | | |
| | | बजेट (रु. ०००) | ४००० | १५०० | १५०० | १००० | | | |
| ४ | स्वास्थ्य संस्थाहरूको सुरक्षित खानेपानी सुविधाको निर्माण/मर्मत-सुधार, पानी भण्डारण तथा शुद्धीकरण सुविधाको व्यवस्थापन | वटा | ८ | ३ | ३ | २ | | | |
| | | बजेट (रु. ०००) | १२०० | ४५० | ४५० | ३०० | | | |
| ५ | स्वास्थ्य संस्थाका मुख्य स्थानहरूमा हात धुने स्थान निर्माण/मर्मत-सुधार | वटा | ८ | ३ | ३ | २ | | | |
| | | बजेट (रु. ०००) | ८०० | ३०० | ३०० | २०० | | | |
| ६ | सरसफाइ तथा स्वच्छतासम्बन्धी सचेतना अभियान ( बालबालिकाका आमाहरूलाई लक्षित गरी) | पटक | ८ | २ | २ | २ | २ | | |
| | | बजेट (रु. ०००) | १६०० | ४०० | ४०० | ४०० | ४०० | | |
| ७ | सरसफाइ आचारसंहिता निर्माण तथा कार्यान्वयन ( फ्लेक्स वा भित्तेलेखन सहित) | पटक | १२ | ३ | ३ | ३ | ३ | | |
| | | बजेट (रु. ०००) | २४० | ६० | ६० | ६० | ६० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | स्वास्थ्य संस्थाको विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयारी तथा जोखिम नक्साङ्कन तयार | वटा | ८ | ३ | ३ | २ | | | |
| | | बजेट (रु. ०००) | १२० | ४५ | ४५ | ३० | | | |
| ९ | स्वास्थ्य संस्थाको फोहोर संकलन तथा समुचित व्यवस्थापन | वटा | ८ | ४ | ४ | | | | |
| | | बजेट (रु. ०००) | १२० | ६० | ६० | | | | |
| १० | स्वास्थ्य संस्थाको फोहोर संकलनका लागि इन्सीनेटर र पिटहरूको मर्मत-सुधार | वटा | ८ | ४ | ४ | | | | |
| | | बजेट (रु. ०००) | ४०० | २०० | २०० | | | | |
| | **स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छतातर्फ जम्मा** | | १०२५५ | ३४०० | ३४०० | २३१५ | ७८५ | ३२५ | |
| | **संस्थागत कुल जम्मा** | | ४३७६० | ११८८९ | ११३१९ | १०२३४ | ८७०४ | १६१४ | |

# ६.४: संस्थागत तथा क्षमता विकास

## ६.४.१ उद्देश्य

गाउँपालिका/वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भई खानेपानी तथा सरसफाइ प्रवर्द्धनका नवीनतम् पद्धतिमा क्षमता विकास भएको हुनेछ ।

नतिजा १ : गाउँपालिका तथा वडास्तरीय समन्वय समितिहरूको संस्थागत विकास एवम् परिचालन भएको हुनेछ ।

नतिजा २ : खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी जिल्ला एवम् स्थानीयस्तरका समन्वय समिति, सरोकारवाला र सञ्जालहरूको क्षमता विकास भएको हुनेछ ।

## ६.४.२ कार्यनीतिहरू

१. गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन गर्न गाउँपालिका खानेपानी तथा सरसफाइ र स्वच्छता समन्वय समिति एवम् वडा तहमा वडास्तरीय समन्वय समितिहरूको गठन, क्षमता अभिवृद्धि र परिचालन गरिने छ ।।

२. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा एकरूपता कायम गर्दै क्षेत्रगत समन्वय तथा सहकार्यलाई विशेष जोड दिइने छ । गाउँपालिकामा छुट्टै खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा/इकाई स्थापना गरी यस क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिनेछन् । साथै, वार्षिक रूपमा एकीकृत वार्षिक कार्ययोजना तयार गरी सो अनुसार कार्यक्रम सञ्चालन गरिने छ ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगोपना कायम गर्न स्थानीयस्तरमा दक्ष जनशक्ति विकास तथा परिचालनमा जोड दिइने छ ।

४. गाउँपालिका तथा वडा समन्वय समितिहरूको क्षमता विकास योजना बनाई समन्वयात्मक रूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

५. खानेपानी तथा सरसफाइ सेवालाई प्रभावकारी बनाउन नतिजा तथा प्रभावकारिताको नियमित अनुगमन गरिने छ ।

## ६.४.३ संस्थागत सुदृढीकरण तथा क्षमता विकासको लक्ष्य-तालिका

| क्र.सं. | सूचक | इकाई | वर्तमान अवस्था | मध्यम | पाँचौ वर्ष | पुस्ट्याँइका आधारहरू |
|---|---|---|---|---|---|---|
| **नतिजा १** | **गाउँपालिका तथा वडास्तरीय समन्वय समितिहरूको संस्थागत विकास भएको हुनेछ ।** | | | | | |
| १.१ | गाउँपालिका र वडास्तरीय 'खासस्व' समन्वय समितिहरू गठन र पुनर्गठन भएका | संख्या | १ | ९ | ० | |
| १.२ | 'खासस्व' समितिहरूको बैठकको नियमितता तथा कार्ययोजना निर्माण र कार्यान्वयनमा क्रियाशील समन्वय समितिहरू | संख्या | ० | ९ | ० | |
| **नतिजा २** | **खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी जिल्ला तथा स्थानीयस्तरका समन्वय समिति, सरोकारवाला र सञ्जालहरूको क्षमता विकास भएको हुनेछ ।** | | | | | |
| १.३ | खानेपानी तथा सरसफाइ क्षेत्रमा वार्षिक बजेट विनियोजन (कुल बजेटको) | प्रतिशत | ५ | १५ | २० | |
| २.२ | 'खासस्व'को क्षेत्रमा बजेट विनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्ने समन्वय समिति | संख्या | ० | ९ | | |
| २.३ | खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी तालिमप्राप्त समन्वय समिति र सञ्जालहरू | पटक | १ | ९ | | |
| २.४ | आफ्नो भूमिका र जिम्मेवारीसम्बन्धी जानकारी हासिल गरेका समन्वय समिति | संख्या | १ | ९ | | |

### ६.४.४ संस्थागत सुदृढीकरण र क्षमता विकाससम्बन्धी क्रियाकलाप र वित्तीय स्रोत विश्लेषण

| क्र.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | पाँच वर्षको लक्ष्य | | कार्ययोजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| १ | खानेपानी, सरसफाइ तथा स्वच्छता कोष निर्माण | पटक | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ५० | ५० | ० | ० | ० | ० | |
| २ | गाउँपालिका/वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन/पुनर्गठन | वटा | ९ | ९ | | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | १८० | १८० | | ० | ० | ० | |
| ३ | पूर्ण सरसफाइ तथा सुरक्षित खानेपानीसम्बन्धी स्थानीय सहजकर्ताहरूलाई तालिम | जना | ५ | ५ | | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | २५० | २५० | | ० | ० | ० | |
| ४ | पूर्ण सरसफाइ तथा सुरक्षित खानेपानीसम्बन्धी स्थानीय स्तरका समन्वय समिति, सरोकारवाला र सञ्जालहरूको क्षमता विकास तालिम (स्वास्थ्य, शिक्षा, उपभोक्ता समिति) | पटक | ९ | ९ | | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ४५० | ४५० | | ० | ० | ० | |
| ५ | खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदायक निकायका पदाधिकारी, प्राविधिक तथा अन्य कर्मचारीको क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | ५०० | १०० | १०० | १०० | १०० | १०० | |
| ७ | गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूको कार्ययोजना निर्माण | पटक | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ५० | ५० | ० | ० | ० | ० | |
| ८ | समन्वय समितिहरूको नियमित बैठक, कार्ययोजना तर्जुमा तथा नियमित समीक्षा (चौमासिक रूपमा) | पटक | १५० | २० | २० | २० | २० | २० | |
| | | बजेट (रु. ०००) | १००० | २०० | २०० | २०० | २०० | २०० | |
| ९ | समन्वय समितिहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता फोकल व्यक्ति तोक्ने | संख्या | ९ | ९ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ५ | ५ | ० | | ० | ० | |
| १० | वडास्तरीय समन्वय समितिहरूले खानेपानी तथा सरसफाइ प्रवर्द्धन योजना निर्माण | वटा | ९ | ९ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ९० | ९० | ० | ० | ० | ० | |
| ११ | खानेपानी तथा सरसफाइ क्षेत्रको संयुक्त अनुगमन तथा मूल्याङ्कन | पटक | १० | २ | २ | २ | २ | २ | |
| | | बजेट (रु. ०००) | ३०० | ६० | ६० | ६० | ६० | ६० | |
| | **जम्मा** | | २८७५ | १४३५ | ३६० | ३६० | ३६० | ३६० | |

# ६.५ जलवायु परिवर्तनको असर न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाइ सेवा

## ६.५.१. उद्देश्य

उद्देश्य ५: खानेपानीका मूलहरूको संरक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कनद्वारा भौतिक निर्माण कार्यलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ । साथै, विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाइ सेवाका लागि उचित व्यवस्थापन भएको हुनेछ ।

नतिजा १: खानेपानी तथा सरसफाइका क्षेत्रमा जलवायु परिवर्तन तथा विपद्हरूको असर न्यूनीकरण भएको हुनेछ ।
नतिजा २: विपद्मा खानेपानी तथा सरसफाइ सेवाको प्रभावकारी व्यवस्थापन भएको हुनेछ ।

## ६.५.२ कार्यनीतिहरू

१. खानेपानीका स्रोतहरूको नक्साङ्कन गरी तिनको संरक्षण र पुर्नभरणमा विशेष जोड दिइने छ भने खानेपानी क्षेत्रको बहुउपयोग योजना बनाई सोही अनुसारका कार्यक्रम तथा योजनाहरूलाई प्राथमिकता दिइने छ ।
२. विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तनको मुद्दालाई मूलप्रवाहीकरण गर्दै जोखिम र सङ्कटासन्न अवस्थालाई सम्बोधन गरिने छ र सो सम्बन्धी खानेपानी उपभोक्ता समितिहरूको सचेतना अभिवृद्धि गरिने छ ।
३. आयोजनाको सर्भे, डिजाइन र कार्यान्वयन गर्दा सम्भाव्य स्थानहरूमा स्रोतहरूको सुरक्षा, पानीको उत्पादन वृद्धि र जोखिमको न्यून प्रभाव हुनेगरी वातावरणमैत्री तथा उत्थानशील संरचना निर्माण गर्ने कार्य अनिवार्य रूपमा कार्यान्वयनमा ल्याइने छ ।
४. विपद् जोखिम न्यूनीकरण तथा विश्लेषण र अभ्यासका माध्यमले 'वास'का मजबुत भौतिक संरचनाहरूको वृद्धि एवम् कमजोर संरचनाको पुनर्स्थापना गरी समुदायको विपद् प्रतिरोधी क्षमता वृद्धि गरिने छ ।
५. परिवर्तित मौसममा पानीको घरायसी एवम् कृषिजन्य उपभोगमा किफायती अभ्यासहरू अनुकूल हुने नयाँ प्रविधिको प्रयोग सुनिश्चित गर्दै समुदायस्तरको जोखिम आकलनमा सहजीकरण गरिने छ ।
६. सम्भावित विपद्हरूलाई सामना गर्न विपद् पूर्वतयारी योजना निर्माण गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्लष्टर गठन र परिचालन गरिने छ र आवश्यकताअनुसारको क्षमता विकास, सामग्रीको मौज्दात र विपद् कोषको स्थापना गरिने छ ।

## ६.५.३ जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरणका नतिजा, सूचक र लक्ष्य-तालिका

| क्र.सं. | सूचक | इकाई | वर्तमान अवस्था | मध्यम | पाँचौ वर्ष | पुस्ट्याँइका आधारहरू |
|---|---|---|---|---|---|---|
| **नतिजा १: खानेपानी तथा सरसफाइका क्षेत्रमा जलवायु परिवर्तन तथा विपद्हरूको असर न्यूनीकरण भएको हुनेछ ।** | | | | | | |
| १.१ | मुहान तथा जलाधार संरक्षण गरिएको खानेपानी योजना | प्रतिशत | ८१.१३ | ९० | १०० | गाउँपालिकाको 'खासस्व' प्रतिवेदन, 'एन-वास' तथ्याङ्क |
| १.२ | मुहान तथा पुनर्भरण गरिएका खा.पा. आयोजना | प्रतिशत | ० | ५० | ५० | |
| १.३ | डी.आर.आर./सी.सी.ए. (DRR/CCA) लाई सबै तहमा समावेश गरी निर्माण तथा मर्मत गरिएका खा.पा. आयोजना | प्रतिशत | २५ | ५० | १०० | |
| **नतिजा २: विपद्मा खानेपानी तथा सरसफाइ सेवाको प्रभावकारी व्यवस्थापन भएको हुनेछ ।** | | | | | | |
| २.१ | आपत्कालीन खानेपानी र सरसफाइसम्बन्धी योजना निर्माण भई पूर्वतयारी संयन्त्र भएका गाउँपालिका तथा वडा संख्या | संख्या | ० | १० | १० | ,, ,, ,, |

## ६.५.४ जलवायु परिवर्तन तथा जोखिम न्यूनीकरणको कार्ययोजना तथा क्रियाकलाप

| क.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | पाँच वर्षको लक्ष्य | | कार्ययोजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| १ | जलवायु परिवर्तनको असर तथा सोको न्यूनीकरणसम्बन्धी खानेपानी उ.स. लाई तालिम | पटक | ५३ | १० | १० | १० | १० | १३ | |
| | | बजेट (रु. ०००) | २१२० | ४०० | ४०० | ४०० | ४०० | ५२० | |
| २ | खानेपानी योजनामा जोखिमस्तरको विश्लेषण तथा कार्ययोजना तर्जुमा (खानेपानी सुरक्षा योजना) | वटा | ५३ | १० | १० | १० | १० | १३ | |
| | | बजेट (रु. ०००) | ५३० | १०० | १०० | १०० | १०० | १३० | |
| ३ | खानेपानी, सरसफाइ तथा स्वच्छता क्लस्टर गठन गरी क्षमता अभिवृद्धि र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | २०० | ४० | ४० | ४० | ४० | ४० | |
| ४ | जलवायु परिवर्तन, विपद् व्यवस्थापनसम्बन्धी उपभोक्ता समिति तथा समुदायस्तरमा सचेतना अभिवृद्धि | पटक | १० | २ | २ | २ | २ | २ | |
| | | बजेट (रु. ०००) | ४०० | ८० | ८० | ८० | ८० | ८० | |
| ५ | खानेपानी योजनाको मुहान क्षेत्रमा वृक्षरोपण तथा पानी पुनर्भरण पोखरीहरू निर्माण गर्ने | वटा | ५३ | १० | १० | १० | १० | १३ | |
| | | बजेट (रु. ०००) | ५३० | १०० | १०० | १०० | १०० | १३० | |
| ६ | खानेपानी सुरक्षा योजनाअनुसार खानेपानी योजनाहरूको जोखिम क्षेत्रको सुधार तथा संरक्षण गर्ने | वटा | ५३ | १० | १० | १० | १० | १३ | |
| | | बजेट (रु. ०००) | १०६ | २० | २० | २० | २० | २६ | |
| ७ | खानेपानीका मुहान, खोला, नालाहरू तथा अन्य जोखिम क्षेत्रहरूमा जैविक तटबन्धन/बाँधहरू निर्माण गर्ने | वटा | ९ | २ | २ | २ | २ | १ | |
| | | बजेट (रु. ०००) | ९०० | २०० | २०० | २०० | २०० | १०० | |
| ८ | विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी कार्ययोजना निर्माण गर्ने | वटा | ५३ | १० | १० | १० | १० | १३ | |
| | | बजेट (रु. ०००) | ५३० | १०० | १०० | १०० | १०० | १३० | |
| ९ | खानेपानी तथा सरसफाइसम्बन्धी सामग्रीको मौज्दात गर्ने | संख्या | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | २५० | २५० | ० | ० | ० | ० | |
| १० | सहजकर्ता/स्वयंसेवकहरूलाई विपद्सम्बन्धी तालिम दिने | संख्या | ८ | ४ | ४ | | ० | ० | |
| | | बजेट (रु. ०००) | २०० | १०० | १०० | | ० | ० | |
| ११ | गाउँपालिकामा विपद् जोखिम जगेडा कोष व्यवस्थापन गर्ने | वटा | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ५००० | ५००० | ० | ० | ० | ० | |
| १२ | आपत्काल र महामारीसँग जुध्न सामुदायिकस्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने | संख्या | ९ | ३ | ३ | ३ | ० | ० | |
| | | बजेट (रु. ०००) | ४५ | १५ | १५ | १५ | ० | ० | |
| १३ | सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्ने | पटक | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | ५०० | ५०० | ० | ० | ० | ० | |
| | जम्मा | | ११३११ | ६९०५ | ११५५ | १०५५ | १०४० | ११५६ | |

# ६.६ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण

## ६.६.१ उद्देश्य

संविधानमा नै व्यवस्था भएबमोजिम महिलालाई नीति-निर्माण तहमा आबद्ध गराउनका लागि विभिन्न समितिहरूका पदाधिकारीमा अनिवार्य संलग्नताको नीतिका अलावा महिलामैत्री 'खासस्व' सेवा निर्माणमा पनि विशेष ध्यान दिइने छ।

**उद्देश्य ६:** गाउँपालिका तथा वडाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) कार्यक्रम तथा सेवामा समानता तथा समावेशीकरण सुनिश्चित भएको हुनेछ ।

**नतिजा १:** गाउँपालिका तथा वडाहरूमा 'वास' सेवामा समानता कायम भएको हुनेछ ।

## ६.६.२ कार्यनीतिहरू

१. योजनाको प्राथमिकीकरणको पहिलो बुँदामा नै पछाडि पारिएका र हालसम्म उपभोगको अधिकारबाट वञ्चित समुदायलाई प्राथमिकतामा राख्ने उल्लेख गरेर जातीय, धार्मिक र अति गरिबीका कारणले वञ्चितीमा परेका समुदायहरूमा पहिलो चरणमा नै कार्यक्रमहरू प्रस्ताव गरी कार्यान्वयन गरिने छ ।
२. महिला तथा पछाडि परेका वर्गहरूलाई नीति-निर्माण तहमा आबद्ध गराउनका लागि विभिन्न समितिहरूका पदाधिकारीमा उहाँहरूको समानुपातिक उपस्थिति रहने गरी अनिवार्य संलग्नता गरिने छ ।
३. खानेपानी सेवामा समान पहुँचको नीतिलाई आत्मसात गरी सीमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिइने छ ।
४. खानेपानी तथा सरसफाइ आयोजना/प्रणालीहरूमा मानव-स्रोतको विकास गर्दा महिला, गरिब र बहिस्कृत समूहहरूलाई प्राथमिकता दिइने छ ।
५. खानेपानी तथा सरसफाइ क्षेत्रमा लैससाससम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ । साथै, हालसम्म खानेपानी योजना निर्माण नभएका, सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदायको बसोबास भएका बस्तीलाई नयाँ निर्माण गरिने योजनामा प्राथमिकता दिइने छ भने समुदायमा अति गरिब तथा विपन्न वर्गलाई पानी र सरसफाइ महसुलमा विशेष छुट दिइने छ र खानेपानी आयोजनाहरूको मर्मत-सम्भार कार्यकर्तामा महिला/दलित/जनजातिलाई विशेष प्राथामिकता दिइने छ ।

### ६.६.३ लैससासको नतिजा तथा लक्ष्य-तालिका

| क्र.सं. | सूचक | इकाई | वर्तमान अवस्था | मध्यम | पाँचौ वर्ष | पुस्ट्याँइका आधारहरू |
|---|---|---|---|---|---|---|
| नतिजा ६.१ | गाउँपालिका तथा वडाहरूमा 'वास' सेवामा समानता कायम भएको हुनेछ । | | | | | |
| १.१ | गाउँपालिका/वडास्तरीय 'वास' समन्वय समितिहरूमा महिला, पछाडि परेका समुदाय तथा व्यक्तिहरूको प्रतिनिधित्व | प्रतिशत | ३३ | ४० | ५० | गा.पा.को 'खासस्व' शाखाको प्रतिवेदन |
| १.२ | ३३ प्रतिशत महिलाको प्रतिनिधित्व भएका खानेपानी उ.स.हरू | प्रतिशत | ६९.८१ | ८० | १०० | |
| १.३ | महिला/दलित/जनजाति मर्मत-सम्भार कार्यकर्ता भएका खा.पा. योजना | प्रतिशत | १.८९ | १५ | २० | |
| १.४ | अनुगमन समितिहरूमा लैससास समूहको प्रतिनिधित्व भएका समिति | प्रतिशत | ० | १५ | ३० | |
| १.५ | विपन्न र महिला घरधुरीलाई पानी महसुलमा छुट दिने उ.स. | प्रतिशत | ० | ३० | ५० | |

## ६.६.४ लैससासका लागि कार्ययोजना, क्रियाकलापहरू र वित्तीय स्रोत विश्लेषण

| क्र.सं. | नतिजाअनुसार प्रमुख कार्यक्रम | पाँच वर्षको लक्ष्य | | कार्ययोजना (वर्ष) | | | | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | |
| १ | खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित एवम् पिछडिएका तथा विपन्न वर्गलाई खानेपानी तथा सरसफाइ सेवा सुधारमा अनुदान | संख्या | ५० | १० | १० | १० | १० | १० | |
| | | बजेट (रु. ०००) | ५०० | १०० | १०० | १०० | १०० | १०० | |
| २ | गाउँपालिका तथा वडास्तरका महिला तथा लक्षित वर्गका प्रतिनिधिहरूलाई खानेपानी तथा सरसफाइ क्षेत्रमा लैङ्गिक समनताबारे तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | ३०० | ६० | ६० | ६० | ६० | ६० | |
| ३ | खानेपानी उ.स.का पदाधिकारीहरूलाई खानेपानी तथा सरसफाइ क्षेत्रमा लैङ्गिक समानताबारे तालिम | संख्या | १० | ५ | ० | ५ | ० | ० | |
| | | बजेट (रु. ०००) | २५० | १२५ | ० | १२५ | ० | ० | |
| ४ | खानेपानी उ.स.का महिला तथा लक्षित वर्गका पदाधिकारीहरूलाई नेतृत्व विकाससम्बन्धी तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| | | बजेट (रु. ०००) | २०० | ४० | ४० | ४० | ४० | ४० | |
| ५ | लैससासको 'खासस्व'मा प्रतिनिधित्वसम्बन्धी कानून (नीति, निर्देशिका, कार्यविधि) निर्माण र संशोधन | पटक | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | १०० | १०० | ० | ० | ० | ० | |
| ६ | गाउँपालिकामा लैससास कोष स्थापना र व्यवस्थापन | पटक | १ | १ | ० | ० | ० | ० | |
| | | बजेट (रु. ०००) | १०० | १०० | ० | ० | ० | ० | |
| | **जम्मा** | | १४५० | ५२५ | २०० | ३२५ | २०० | २०० | |

# अध्याय ७
# लागत अनुमान तथा स्रोत व्यवस्थापन

## ७.१ लागत अनुमान

यस 'खासस्व' योजनाको सफल कार्यान्वयन तथा खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको समुचित विकास गरी गाउँपालिका, वडा तथा जिल्लालाई पूर्ण सरसफाइ क्षेत्रका रूपमा विकास गर्न क्षेत्रगत रूपमा तपसिलअनुसारको बजेट लागत लाग्ने अनुमान गरिएको छ ।

| क्र.सं. | विवरण | अनुमानित लागत (हजार) | | | | | कुल लागत (हजार) | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| १ | **सुरक्षित खानेपानीमा पहुँच वृद्धि, आयोजनाहरूको दिगोपना तथा सुरक्षा** | | | | | | | |
| नतिजा १.१ | गाउँपालिका क्षेत्रका सम्पूर्ण घरधुरीमा सुरक्षित खानेपानीको सेवामा पहुँच वृद्धि भएको हुनेछ । | १६२१०.९५ | ६१५४ | ७५१६ | ७४६८ | ४२४४ | ४१५९२.९५ | २७.००% |
| नतिजा १.२ | उपभोक्ता समितिहरू सक्रिय भएका खानेपानी योजनाको उचित रूपले मर्मत-सम्भार गरी गुणस्तरयुक्त खानेपानी आपूर्तिमा निरन्तरता आएको हुनेछ । | ६३४० | ४९४० | ४५०२.५ | ३५५० | ३८५० | २३१८२.५० | १५.०५% |
| | **जम्मा** | २२५५०.९५ | ११०९४.०० | १२०१८.५० | ११०१८.०० | ८०९४.०० | ६४७७५.४५ | ४२.०५% |
| २ | **सरसफाइ तथा स्वच्छता प्रवर्द्धन** | | | | | | | |
| नतिजा २.१ | सबै घरधुरीमा सुधारिएको शौचालयमा पहुँच भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ । | ५० | ५० | ० | ० | ० | १०० | ०.०६% |
| नतिजा २.२ | व्यक्तिगत सरसफाइसम्बन्धी बानी-व्यवहारको विकास भएको हुनेछ । | १३७० | १३८० | १३८० | १३२५ | ११२० | ६५७५ | ४.२७% |
| नतिजा २.३ | ठोस तथा तरल फोहोरको समुचित व्यवस्थापन भई वातावरणीय | ११११० | ३११० | ३११० | ३००५ | २८६० | २३१९५ | १५.०६% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरसफाइ कायम भएको हुनेछ । | | | | | | | |
| | **जम्मा** | १२५३० | ४५४० | ४४९० | ४३३० | ३९८० | २९८७० | १९.३९% |
| ३ | **संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) को खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन** | | | | | | | |
| **नतिजा ३.१** | विद्यालयहरूमा प्रयोगकर्तामैत्री खानेपानी तथा सरसफाइ सुविधा भई समुचित प्रयोग तथा व्यवस्थापन भएका 'तीन तारे' नमूना विद्यालयहरूको विकास भएको हुनेछ । | ८४८९ | ७९१९ | ७९१९ | ७९१९ | १२८९ | ३३५३५ | २१.७७% |
| **नतिजा ३.२** | स्वास्थ्य संस्थाहरूमा प्रयोगकर्तामैत्री खानेपानी तथा सरसफाइ सुविधा भई समुचित प्रयोग तथा व्यवस्थापन भएको हुनेछ । | ३१४० | ३१४० | २३१५ | ७८५ | ३२५ | ९७०५ | ६.३०% |
| **नतिजा ३.३** | स्वास्थ्य संस्थाहरूबाट निस्कने फोहोरको उचित रूपमा संकलन, निर्मलीकरण तथा व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ । | २६० | २६० | ० | ० | ० | ५२० | ०.३४% |
| | जम्मा | ११८८९ | ११३१९ | १०२३४ | ८७०४ | १६१४ | ४३७९० | २८.४१% |
| **४** | **संस्थागत सुदृढीकरण तथा क्षमता विकास** | | | | | | | |
| नतिजा ४.१ | गाउँपालिका तथा वडास्तरीय समन्वय समितिहरूको संस्थागत विकास भएको हुनेछ । | ३८० | २०० | २०० | २०० | २०० | ११८० | ०.७७% |
| नतिजा ४.२ | खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी जिल्ला तथा स्थानीयस्तरका समन्वय समिति, सरोकारवाला र | १०५५ | १६० | १६० | १६० | १६० | १६९५ | १.१०% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सञ्जालहरूको क्षमता विकास भएको हुनेछ । | | | | | | | |
| | जम्मा | १४३५ | ३६० | ३६० | ३६० | ३६० | २८७५ | १.८७% |
| ५ | **जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण** | | | | | | | |
| **नतिजा ५.१** | खानेपानी तथा सरसफाइका क्षेत्रमा जलवायु परिवर्तन तथा विपद्हरूको असरमा न्यूनीकरण भएको हुनेछ । | ४०० | ४०० | ४०० | ४०० | ३३६ | १९३६ | १.२६% |
| **नतिजा ५.२** | विपद्मा खानेपानी तथा सरसफाइ सेवाको प्रभावकारी व्यवस्थापन भएको हुनेछ । | ६५०५ | ७५५ | ६५५ | ६४० | ८२० | ९३७५ | ६.०९% |
| | जम्मा | ६९०५ | ११५५ | १०५५ | १०४० | ११५६ | ११३११ | ७.३४% |
| ६ | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | | | | | | | |
| ६.१ | गाउँपालिका तथा वडाहरूमा 'वास' सेवामा समानता सुनिश्चित भएको हुनेछ । | ५२५ | २०० | ३२५ | २०० | २०० | १४५० | ०.९४% |
| | जम्मा | ५२५ | २०० | ३२५ | २०० | २०० | १४५० | ०.९४% |
| **कुल जम्मा** | | ५५८३४.९५ | २८६६८ | २८४८२.५ | २५६५२ | १५४०४ | १५४०४१.४५ | १०० |

## ७.२ आर्थिक स्रोत-साधनको व्यवस्थापन

'खासस्व' योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि देहायबमोजिमको आर्थिक स्रोतको प्रक्षेपण गरिएको छ ।

| विषयगत क्षेत्र | सहयोगी निकाय तथा संस्था |
|---|---|
| सुरक्षित खानेपानीमा पहुँच वृद्धि, आयोजनाहरूको दिगोपना तथा सुरक्षा | कनकासुन्दरी गाउँपालिका, प्रदेश र सङ्घीय सरकार, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, युनिसेफ नेपाल, क्याड नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, किर्डाक नेपाल, प्लान नेपाल, हिरिस्डेक तथा खानेपानी क्षेत्रमा काम गर्ने विकासका विभिन्न साझेदार र अन्य गैरसरकारी संघ-संस्थाहरू |
| सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | कनकासुन्दरी गाउँपालिका तथा पालिकाका वडाहरू, युनिसेफ नेपाल लगायत विकासका साझेदार, क्याड नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, किर्डाक नेपाल, प्लान नेपाल, हिरिस्डेक लगायत सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरिरहेका गैरसरकारी संघ-संस्थाहरू |
| संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) को खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन | कनकासुन्दरी गाउँपालिका, स्वास्थ्य सेवा कार्यालय, युनिसेफ नेपाल लगायत विकासका साझेदार, क्याड नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, किर्डाक नेपाल, प्लान नेपाल, हिरिस्डेक लगायत संस्थागत सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरिरहेका गैरसरकारी संघ-संस्थाहरू |
| संस्थागत सुदृढीकरण तथा क्षमता विकास | कनकासुन्दरी गाउँपालिका, युनिसेफ नेपाल लगायत विकासका साझेदार क्याड नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, किर्डाक नेपाल, प्लान नेपाल, हिरिस्डेक लगायत संस्थागत सुदृढीकरण तथा क्षमता विकास क्षेत्रमा कार्य गरिरहेका गैरसरकारी संघ-संस्थाहरू |

| | |
|---|---|
| जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण | कनकासुन्दरी गाउँपालिका, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, युनिसेफ नेपाल लगायत विकासका साझेदार किर्डाक नेपाल, प्लान नेपाल, क्याड नेपाल लगायत जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा कार्य गरिरहेका गैरसरकारी संघ-संस्थाहरू |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | कनकासुन्दरी गाउँपालिका, युनिसेफ नेपाल लगायत विकासका साझेदार किर्डाक नेपाल, प्लान नेपाल, क्याड नेपाल लगायत लैङ्गिक समानता रा सामाजिक समावेशीकरणका क्षेत्रमा कार्य गरिरहेका गैरसरकारी संघ-संस्थाहरू |

### ७.२.१ विगत तीन वर्षमा कनकासुन्दरी गाउँपालिकाद्वारा 'खासस्व' क्षेत्रमा विनियोजन गरेको बजेट विश्लेषण

| क.सं. | 'खासस्व' क्षेत्र | बजेट विनियोजन (रु. हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व.०७४।७५ | आ.व.०७५।७६ | आ.व.०७६।७७ | |
| १ | खानेपानी | ३५०० | ४८०० | ६१०० | |
| २ | सरसफाइ | ६० | १०० | १५० | |
| ३ | संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) को खानेपानी तथा सरसफाइ | ८० | १६० | २३० | |
| ४ | स्वास्थ्य संस्थाको खानेपानी तथा सरसफाइ | ५० | १०० | १७० | |
| ५ | जलवायु परिवर्तन तथा अनुकूलन | २० | ३० | ५० | |
| ६ | संस्थागत क्षमता विकास | ७५ | १५० | २५० | |
| | **जम्मा** | **३७८५** | **५३४०** | **६९५०** | |

### ७.३ मानवीय स्रोत-साधन पहिचान र परिचालन

- गाउँपालिका/वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
- जनप्रतिनिधिहरू र राजनैतिक दलहरू
- विषयगत कार्यालयहरू
- गाउँपालिका तथा वडास्तरीय सञ्जालहरू
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू तथा महासंघ
- दातृ निकाय, विकासका साझेदार, स्थानीय गैसस एवम् सामुदायिक संघ-संस्थाहरू
- शिक्षक-शिक्षिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बाल क्लब
- पूर्ण सरसफाइसम्बन्धी सहजकर्ता तथा उत्प्रेरकहरू
- महिला स्वास्थ्य स्वयम्सेविका एवम् सामाजिक परिचालकहरू
- सञ्चार माध्यमहरू तथा पत्रकारहरू
- सहकारी सस्थाहरू
- धार्मिक तथा सांस्कृतिक समूह र ती समूहका प्रमुख तथा प्रतिनिधिहरू
- स्थानीयस्तरमा गठित समूहमा आबद्ध व्यक्ति तथा समूह (आमा समूह, महिला समूह, युवा क्लब, बाल क्लब, आदि)
- स्थानीय तहका दक्ष मानवीय स्रोतहरू जस्तैः सिकर्मी, डकर्मीहरू
- सरसफाइ तथा स्वच्छतासम्बन्धी स्रोत-व्यक्तिहरू
- स्थानीय व्यवसायी, व्यापारीहरू तथा निर्माण व्यवसायी
- नागरिक समाज
- सार्वजनिक यातायात व्यवसायी, कर्मचारी तथा चालकहरू लगायतका सम्पूर्ण जनसमुदायहरू

# अध्याय ८
# 'खासस्व' योजनाको कार्यान्वयन तथा अनुगमन

## ८.१ खासस्व योजनाको कार्यान्वयन

### ८.१.१ योजना कार्यान्वयन अवधारणा

गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा सबै सरकारी तथा गैरसरकारी संघ-संस्था र सरोकारवालाहरूले गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका रणनीति र मान्यताहरूलाई अवलम्बन गर्नु पर्नेछ । गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गाउँपालिकामा सञ्चालित कुनै पनि खानेपानी, सरसफाइ र स्वच्छताका कार्यक्रम नेपाल सरकारको खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति, नियम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप सञ्चालन गर्ने सुनिश्चितता एवम् सहजीकरण गरिने छ ।

### ८.१.२ योजना परिमार्जन

गाउँपालिकामा 'खासस्व' योजना परिमार्जन गर्नका लागि गाउँपालिका 'खासस्व' समन्वय समिति एवम् गाउँपालिकाको योजना निर्माण समितिको सिफारिसमा आवश्यक देखिएबमोजिम अद्यावधिक वा परिमार्जन गरेर नगर कार्यपालिका बैठकबाट पारित गरिने छ ।

## ८.२ अनुगमन योजना (Monitoring Plan)

### ८.२.१ अनुगमन ढाँचा तथा पद्धति

गाउँपालिका र वडा तहमा यो 'खासस्व' योजना कार्यान्वयनको अनुगमनका निम्ति हाल गाउँपालिकाको अनुगमन समितिलाई नै जिम्मेवार बनाइने छ । गाउँपालिका तहका 'खासस्व' क्रियाकलापहरूको आवधिक अनुगमन गर्ने जिम्मेवारी गाउँपालिकास्तरीय समन्वय समितिसँगको सहकार्यमा गाउँपालिकाको अनुगमन समितिले सम्पन्न गर्नेछ । वडा र समुदाय तहमा पनि अनुगमन कार्यदल गठन गरिने छ । यस कार्यदललाई वडाका सदस्यसहित राजनीतिक दलका सदस्य, नागरिक समाज, शिक्षा, स्वास्थ्य एवम् सञ्चार क्षेत्रबाट आवश्यक प्रतिनिधि समावेश गरी गठन गरिने छ ।

विभिन्न तहका समन्वय समितिअन्तर्गत गठित अनुगमन कार्यदलले 'खासस्व' योजनामा समावेश क्रियाकलापहरूको लेखाजोखा तथा अवलोकलन गर्नेछ । यसका लागि उद्देश्य, प्रक्रिया र प्रभावसम्बन्धी सूचकहरू विकास गरिने छ । स्थानीय उपभोक्ता समिति, उपभोक्ता, कार्यक्रम सञ्चालन गर्ने निकाय, नागरिक समाज आदिको उपस्थितिमा अनुगमनका क्रियाकलाप सञ्चालन गरिने छन् ।

### ८.२.२ सूचक

खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमका आधारभूत सूचकहरू छ महिनाभित्र विकास गरिनेछन् । यस्ता सूचकहरू विकास गर्दा खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति, नियम, मार्गदर्शन र सम्बन्धित योजनाको उद्देश्य एवम् कार्यपद्धति लगायतका संरचनालाई ध्यान दिइने छ ।

### ८.२.३ अनुगमनको तह

अनुगमनको तह यसप्रकार हुनेछ :

- समुदाय स्तर : समुदाय आफैं, संघ/संस्थाहरू (जस्तै : विद्यालय, सामुदायिक वन, स्वास्थ्य संस्थाहरू)
- वडा स्तर : वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
- गाउँपालिका स्तर : उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले पनि 'खासस्व'मा प्रस्ताव गरिएका क्रियाकलापहरूको सञ्चालन, प्रभावकारी कार्यान्वयन तथा सूचकहरू समयमै हासिल गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाइने छ, सो कार्यमा गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले आवश्यकताका आधारमा सबै सहयोग प्रदान गर्ने वातावरण निर्माण गरिने छ ।

### ८.२.४ अनुगमन विधि

- कार्यक्रमको प्रभावकारी र व्यवस्थित अनुगमनका लागि गाउँपालिकादेखि समुदाय तथा टोलसम्मै अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी क्रियाशील बनाउने ।
- अनुगमन तथा मूल्याङ्कन सूचक तयार गरी स्वःअनुगमन, सहभागितात्मक अनुगमन र संयुक्त अनुगमन गर्ने ।
- कार्यक्रम सञ्चालन गर्ने निकाय वा वाह्य संस्थाहरूबाट सेवा लिई कार्यक्रमले पारेको प्रभावको मध्यावधि तथा अन्तिम मूल्याङ्कन गर्ने ।
- 'एन-वास एप्स' प्रयोग गरी नियमित रूपमा (दुई-दुई वर्षमा) यो योजना अद्यावधिक (update) गर्ने ।

### ८.३ निष्कर्ष तथा भावी कार्यदिशा

यो 'खासस्व' योजनाको अवधि पाँच वर्षको हुनेछ । यस योजनाको कार्यान्वयनमा प्रशस्त चुनौतीहरू रहेकाछन् तापनि "सुरक्षित खानेपानी, पूर्ण सरसफाइ हाम्रो अभियान, स्वस्थ नागरिकले ल्याउन सक्छ - समृद्धिको चम्किलो बिहान" नारालाई सफलीभूत बनाउन गाउँपालिका, सम्पूर्ण जनसमुदाय, दातृ निकायहरू, प्रदेश सरकार र सङ्घीय सरकारको सहयोग र सद्भावका साथै संयुक्त प्रयासद्वारा यो अभियानको लक्ष्यमा पुग्न सकिने कनकासुन्दरी गाउँपालिकाको विश्वास रहेको छ । सरसफाइलाई संस्कृतिको रूपमा स्थापित गरी सरसफाइ र स्वच्छतालाई आयआर्जन र जीवनस्तर सुधारका गतिविधिमा रूपान्तरण गरिने छ । स्थानीय सरकारको अगुवाइमा फोहोरलाई मोहोर बनाउने विभिन्न सीप तथा ज्ञानहरू समुदायहरूमा हस्तान्तरण गरी सुखी र समृद्ध कनकासुन्दरी गाउँपालिका अभियानलाई निरन्तरता दिइने छ । यो 'खासस्व' योजना आधुनिक उच्च प्रविधिको प्रयोग गरेर व्यापक रूपमा छलफल र विज्ञ समूहको संलग्नता र छलफल तथा स्थानीय सरकारको अगुवाई एवम् नेतृत्वमा तयार भएको छ । यसैले सोही अनुरूपकै कार्यक्रम सञ्चालन र सूचना व्यवस्थापनका तहमा गाउँपालिका नमूना हुनेछ र 'खासस्व' क्षेत्रका जिज्ञासु विद्यार्थीहरूका लागि सिकाइ-केन्द्रको रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिइएको छ ।

### **८.३.१ सिकाइहरू**

खुला दिसामुक्त अभियानका क्रममा यस गाउँपालिका वा साबिकका गा.वि.स.हरूलाई प्रशस्त सिकाइहरू भएका छन् । सरसफाइ र स्वच्छता कार्यक्रम केवल कार्यक्रम मात्र नभई एउटा अभियानका रूपमा स्थानीय सरकारको नेतृत्वमा सञ्चालन भएमा असम्भव भन्ने कुरा केही छैन भन्ने एउटा प्रमुख सिकाइ हो । असल अभियानका लागि सहयोगी हातहरू पनि प्रशस्त भेट्टाइने रहेछन् । यसै सिकाइका आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई परिणाममुखी बनाउन हरसम्भव प्रयासहरू आवश्यक छन् भन्ने बोध पनि यस गाउँपालिकालाई रहेको छ ।

### **८.३.२ 'खासस्व' योजना स्वीकृति र अवधि**

यो 'खासस्व' योजना गाउँपालिकाले स्वीकृत गरेर गाउँसभाबाट पारित गरेको मितिदेखि लागू हुनेछ । यस 'खासस्व' योजनाको समयावधि नेपाल सरकारको खानेपानी मन्त्रालयद्वारा तयार पारिएको 'खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (SDP)-२०७४-२०८७' सँग सामञ्जस्यता हुनेगरी पाँच वर्ष (सन् २०२५ अर्थात् वि.सं. २०८१) सम्मको हुनेछ । यो अवधिलाई दुई चरणमा बाँडिएको छ । पहिलो चरण सन् २०२०-२०२२ र दोस्रो चरण सन् २०२३-२०२५ सम्म हुनेछ । प्रत्येक चरणको समाप्ति र नयाँ चरणमा प्रवेश गर्दा 'खासस्व' योजनालाई अद्यावधिक र पुनरावलोकन गरिने छ ।

### **८.४ गाउँपालिकाको 'खासस्व' संरचना**

राज्य पुनर्संरचनापछिको वर्तमान अवस्थामा हरेक गाउँपालिकामा झैं कनकासुन्दरी गाउँपालिकामा पनि निश्चित संगठनात्मक स्वरूप रहेको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरू पूर्वाधार विकास र वातावरण शाखाअन्तर्गत सञ्चालन गर्ने गरिन्छ । खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमका लागि छुट्टै 'वास' संरचना बनिनसकेको अवस्थामा यथाशक्य चाँडो 'खासस्व'को प्रभावकारी कार्यान्वयनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको स्थापना तथा जिम्मेवार कर्मचारीको व्यवस्थापन गरी त्यसलाई साधन-स्रोत सम्पन्न गरेर अगाडि बढ्ने नीति यस गाउँपालिकाले लिएको छ ।

## ८.५ गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कोष

गाउँपालिका 'खासस्व' समन्वय समितिको रोहवरमा 'खासस्व' कोषको स्थापना गरिने छ । उक्त कोषमा 'खासस्व' क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहने अन्य संघ-संस्थाहरूको पनि सहयोगको अपेक्षा गरिएको छ । सो कोषको रकम केवल खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनमा मात्र खर्च गरिने छ । 'खासस्व' समन्वय समितिले कोष सञ्चालन निर्देशिका एक वर्षभित्र तयार गरी कोषको परिचालन तथा व्यवस्थापन गर्नेछ ।

## ८.६ संस्थागत संरचना तथा क्षमता विकासको आवश्यकता

### ८.६.१ संस्थागत संरचना

खासस्व क्षेत्रमा कार्यक्रम योजना बनाउन एवम् कार्यान्वयन र अनुगमन गर्नका लागि नेपाल सरकारले निम्न संरचनाहरू स्थापना गरेको छ ।

चित्र ७.१: 'खासस्व' सेवाहरूका लागि सङ्घीय संरचनामा विभिन्न तहको भूमिका र जिम्मेवारी

'खासस्व' मन्त्रालय

(राष्ट्रिय 'वास' निर्देशन समिति)

(राष्ट्रिय 'वास' रणनीति)



### ८.६.२ संस्थागत क्षमता अभिवृद्धि

खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरूको क्षमता अभिवृद्धिका लागि अवलम्बन गरिनु पर्ने उपायहरू यसप्रकार छन् :

- तालिम, कार्यशाला, सेमिनार
- समुदाय र संस्थागत सचेतनामूलक कार्यक्रम
- परीक्षण कार्यक्रमहरू
- सरसफाइ प्रदर्शनी, महोत्सव
- अवलोकन भ्रमण
- स्वलेखाजोखा अभ्यास

# अध्याय ९

# संस्थागत संरचना, सरोकारवालाहरूको भूमिका र जिम्मेवारी

## ९.१ सरोकारवालाहरूको भूमिका र जिम्मेवारी

| क्र.सं. | सरोकारवाला निकायहरूको विवरण | भूमिका र जिम्मेवारी |
|---|---|---|
| १ | गाउँपालिका | • स्थानीय स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा नेतृत्व प्रदान गर्ने<br>• स्थानीय साधन-स्रोतको प्रभावकारी उपयोग गर्ने गराउने<br>• स्थानीय सरोकारवालाहरूसँग समन्वयकारी भूमिका खेल्ने<br>• 'खासस्व' योजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>• बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने<br>• नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>• अनुगमन, नियमन र सुपरीवेक्षण गर्ने |
| २ | वडा कार्यालय | • स्थानीय स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा समन्वय तथा नेतृत्व प्रदान गर्ने<br>• सामाजिक परिचालनका अभियानमा नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>• अनुगमन, नियमन र सुपरीवेक्षण गर्ने |
| ३ | गाउँपालिकास्थित खानेपानी सरसफाइ तथा स्वच्छता शाखा | • कार्यक्रमको मुख्य सहयोगीको भूमिकामा रही आफ्नो कार्यालयमा उपलब्ध आर्थिक र मानवीय स्रोतलाई खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा परिचालन गर्ने,<br>• खानेपानी आयोजनाको निर्माण, मर्मत-सुधार तथा क्षमता विकासमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने |
| ४ | गाउँपालिकास्थित शिक्षा शाखा | • विद्यालयको अगुवाइमा सरसफाइ तथा स्वच्छतासम्बन्धी आनीबानीमा परिवर्तन अभियान कार्यक्रमको नेतृत्व गर्दै हरेक विद्यालयमा पूर्णसरसफाइ कार्यक्रम सञ्चालन गर्ने |
| ५ | गाउँपालिकास्थित स्वास्थ्य शाखा | • स्वास्थ्य, उपस्वास्थ्य चौकीहरू मार्फत हात धुने र अन्य सरसफाइ तथा स्वच्छता कार्यक्रमलाई अगाडि बढाउने, सरसफाइ तथा स्वच्छतासम्बन्धी आनीबानी परिवर्तन अभियान कार्यक्रममा स्वयम्सेविका, मासिकाहरूलाई परिचालन गर्ने |
| ६ | गाउँपालिकास्थित महिला तथा बालबालिका शाखा | • महिला सहभागिता अभिवृद्धि गर्नका लागि सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने<br>• महिला सहकारी संस्था तथा समूहहरू परिचालन गर्ने |

| | | |
|---|---|---|
| | | • बाल क्लबहरूलाई सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यमा लाग्न सक्षम बनाउने |
| ७ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय | • खानेपानी तथा सरसफाइ क्षेत्रको अद्यावधिक सूचना संकलन गर्ने<br>• खानेपानी तथा सरसफाइ क्षेत्रमा बजेट विनियोजन र कार्यान्वयनमा सहयोग गर्ने<br>• विपद्मा खानेपानी तथ सरसफाइ क्षेत्रको संयोजकको रूपमा कार्य गर्ने |
| ८ | आमसञ्चार माध्यमहरू, सञ्चारकर्मी तथा नागरिक समाज | • अभियान र सन्देशमूलक सामग्रीहरूको प्रचार-प्रसार गर्ने<br>• अध्ययन, अवलोकन र सफल कथाहरूको प्रचार-प्रसार गर्ने<br>• अनुगमन र पैरवी गर्ने |
| ९ | विद्यालय | • जीवनोपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने<br>• विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तीकरण र सक्रियता वृद्धि, अभिमुखीकरण र तालिम एवम् अवस्था विश्लेषणका साथै सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने<br>• सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमूनाको रूपमा प्रस्तुत हुने |
| १० | विकास साझेदार निकायहरू | • प्राविधिक तथा विशेषज्ञ सेवा उपलब्ध गराउने<br>• आर्थिक स्रोत उपलब्ध गराउने तथा खोजी गर्ने<br>• कार्यक्रममा सहजीकरणको भूमिका निर्वाह गर्ने |
| ११ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू | • आर्थिक स्रोत उपलब्ध गराउने<br>• कार्यक्रमको सहजीकरण गर्ने<br>• प्राविधिक तथा विशेषज्ञ सेवा उपलब्ध गराउने |
